# महालेखापरीक्षकको एकसट्ठिऔं वार्षिक प्रतिवेदन २०८१

## सारांश




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# एकसट्ठिऔं वार्षिक प्रतिवेदन
# २०८१

## सारांश

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# प्राक्कथन



नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालय र पूर्ण स्वामित्व भएको सङ्गठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण हुने व्यवस्था रहेको छ। महालेखापरीक्षकको स्वीकृत वार्षिक कार्यतालिका बमोजिम यो वर्ष जोखिममा आधारित लेखापरीक्षण विधिबाट ५ हजार ६०५ निकायको आर्थिक कारोबारको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स)को प्रयोग गरी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा, लेखापरीक्षण नतिजा, निष्कर्ष र सुझाव समावेश गरी ६१ औं वार्षिक प्रतिवेदनका साथै यो सारांश प्रतिवेदन समेत तयार गरिएको छ। जोखिम वर्गीकरणको आधारमा उच्च जोखिम कार्यालयको सम्बन्धित निकायमा उपस्थित भई लेखापरीक्षण गरिएको छ भने न्यून जोखिम युक्त कार्यालयको दूर लेखापरीक्षण पद्धति अपनाई नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) को प्रयोग गरी भौतिक उपस्थिति बेगर लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणका अन्तर्राष्ट्रिय प्रचलन तथा असल अभ्यास साथै सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तराष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित लेखापरीक्षण मानदण्ड अनुसरण गरी तयार गरिएको नेपाल सरकारी लेखापरीक्षण मानदण्ड समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी वार्षिक प्रतिवेदन पेश गरिएको छ। लेखापरीक्षण गर्दा लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त भएका तथ्यहरू दर्शाउन, त्यसमा विवेचना तथा आलोचना गर्न र वित्तीय विवरण उपर राय सहितको प्रतिवेदन जारी गरी प्रतिवेदन पेस गरिएको छ ।

सङ्घीय तथा प्रदेश सरकारी निकाय र स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थासमेत यस वर्ष रू. ७८ खर्ब ८१ अर्ब ६० करोडको लेखापरीक्षण सम्पन्न भएको छ । सरकारी निकायतर्फ संघ, प्रदेश र स्थानीय तहसमेतको लेखापरीक्षणबाट रू. ९५ अर्ब ६० करोड बेरुजु देखिएको छ । सोमध्ये ३ हजार २७७ सङ्घीय सरकारी निकाय तथा कार्यालयको रू.२४ खर्ब ६१ अर्ब ११ करोडको लेखापरीक्षणबाट रू. ४६ अर्ब ५४ करोड (१.८९ प्रतिशत) र प्रदेश निकाय तथा कार्यालय १ हजार २७० को रू.३ खर्ब २३ अर्ब ३४ करोडको लेखापरीक्षणबाट रू. ६ अर्ब ५७ करोड (२.०३ प्रतिशत), २१७ समिति तथा अन्य संस्थाको रू. २ खर्ब ९६ अर्ब ८५ करोडको लेखापरीक्षणबाट रू. २ अर्ब ३३ करोड (०.७८ प्रतिशत) र ७४८ स्थानीय तह (बक्यौता २ समेत)को रू. ११ खर्ब ३९ अर्ब १९ करोडको लेखापरीक्षणबाट रू. ३१ अर्ब १ करोड (२.७२ प्रतिशत) बेरुजु कायम भएको छ । यस्तै ९३ सार्वजनिक संस्थाको रू. ३६ खर्ब ६१ अर्ब ११ करोडको लेखापरीक्षणबाट रू. ९ अर्ब १५ करोड (०.२५ प्रतिशत) बेरुजु कायम भएको छ । सोको अतिरिक्त सङ्गठित संस्थाको लेखापरीक्षणक नियुक्तिको लागि परामर्श उपलब्ध गराइएका ४२ संस्थाको रू.१४ खर्ब ८८ अर्ब ५६ करोडको लेखापरीक्षण गरिएको छ। परामर्श उपलब्ध गराइएका सङ्गठित संस्थासमेत रू. ९३ खर्ब ७० अर्ब १६ करोडको लेखापरीक्षण सम्पन्न भएको छ ।

गत वर्षसम्मको बाँकी बेरुजु रू. ५ खर्ब ८७ अर्ब ३४ करोडमा फर्स्यौट तथा समायोजन गरिएको अङ्क रू.१३ अर्ब ८ करोड घटाई यो वर्ष थप भएको रू. ९५ अर्ब ६० करोडसमेत रू. ६ खर्ब ६९ अर्ब ८६ करोड बाँकी रहेको छ । लेखापरीक्षण तथा सम्परीक्षणबाट यो वर्ष रू. २२ अर्ब १७ करोड असुल भएको छ। अद्यावधिक कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम गत वर्षसम्म रू. ३ खर्ब ७२ अर्ब ४५ करोड रहेकोमा यो वर्ष रू. ५ खर्ब १३ अर्ब ४० करोड पुगेको छ। म्याद ननाघेको पेश्कीलाई लगती बेरुजु कायम नगरिएकोले बेरुजु अङ्क र प्रतिशत घटेको देखिन्छ ।

लेखापरीक्षणमा मूलतः शासकीय प्रबन्ध, सार्वजनिक वित्त व्यवस्थापन, विकास व्यवस्थापन, सार्वजनिक प्रशासन, अर्थतन्त्र, सार्वजनिक सम्पत्तिको व्यवस्थापन, सूचना प्रविधि र सुशासन लगायतका क्षेत्रहरूको तोकिएबमोजिम परीक्षण, मूल्याङ्कन एवं विश्लेषण गरी सुझाव प्रस्तुत गरिएको छ । लेखापरीक्षण गर्दा स्वतन्त्रता, निष्ठा, पारदर्शिता, जवाफदेहिता र व्यावसायिकता जस्ता मूल्य मान्यतालाई अङ्गीकार गरिएका छ । यस वर्ष वित्तीय लेखापरीक्षणका अतिरिक्त कार्यमूलक, सूचना प्रविधि एवं वातावरणीय लेखापरीक्षण समेत गरिएको छ ।

लेखापरीक्षणका क्रममा सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय उपराष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानन्यायाधीशज्यू, प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूबाट प्राप्त मार्गदर्शन एवं सङ्घीय संसद, नेपाल सरकार, संवैधानिक निकाय, प्रदेश सभा तथा प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक संस्था, विकास साझेदार, लेखापरीक्षण सल्लाहकार समिति, सञ्चारकर्मी, नागरिक समाज, आम नागरिकलगायतबाट विभिन्न माध्यमबाट प्राप्त सुझावप्रति आभार व्यक्त गर्न चाहन्छु। अन्त्यमा, नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी लेखापरीक्षण सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण निकाय, संस्था र लेखापरीक्षण कार्यमा योगदान पुऱ्याउनु हुने यस कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**(तोयम राया)**
**महालेखापरीक्षक**

# विषय-सूची


| परिच्छेद | शीर्षक | पृष्ठ |
|---|---|---|
| प्राक्कथन | | |
| लेखापरीक्षणको उद्देश्य,क्षेत्र, पद्धति | | १ |
| महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता | | ४ |
| परिच्छेद १ | लेखापरीक्षण गरिएका निकायको विवरण | ५ |
| परिच्छेद २ | लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति | ९ |
| परिच्छेद ३ | लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति | १३ |
| १.१ | संघीय मन्त्रालय तथा निकाय | १३ |
| १.२ | प्रदेश मन्त्रालय तथा निकाय | ४० |
| १.३ | स्थानीय तह | ४३ |
| १.४ | कार्यमूलक तथा विशेष लेखापरीक्षण | ४७ |
| परिच्छेद ४ | प्रतिवेदन कार्यान्वयन स्थिति | ५० |
| परिच्छेद ५ | भविष्यमा गर्नुपर्ने सुधार | ५५ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१(१) मा राष्ट्रपति र उप-राष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायतका सबै सङ्घीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। संविधानको धारा २४१(२) बमोजिम ५० प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकसँग परामर्श गर्नुपर्ने व्यवस्था छ। संविधानको धारा २४१(५) बमोजिम अन्य कुनै कार्यालय वा संस्थाको लेखापरीक्षण सङ्घीय कानुनमा व्यवस्था गरी महालेखापरीक्षकबाट गर्न सकिने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा ३ अनुसार सरकारी कार्यालय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ४ मा लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी अन्तिम लेखापरीक्षण गर्ने, त्यसबाट प्राप्त भएको तथ्यहरू दर्शाउन, त्यसमा विवेचना तथा आलोचना गर्न र आर्थिक विवरण उपर आवश्यकताअनुसार रायसहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही ऐनको दफा ८ मा महालेखापरीक्षकले लेखापरीक्षण गर्ने विषय र दफा ९ मा औचित्यको दृष्टिकोणबाट परीक्षण गर्ने कुराहरू उल्लेख छ।

२. **उद्देश्य -** संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र सङ्घीय कानुनद्वारा तोकिएका कार्यालय वा निकायको वित्तीय विवरण, कारोबार तथा सेवा प्रवाहको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा परीक्षण गरी देखिएका व्यहोरा औंल्याई सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार एवं जिम्मेवार पदाधिकारीहरूलाई वित्तीय जवाफदेहिता पालना गर्न सुझावसहितको प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको मूल उद्देश्य रहेको छ। लेखापरीक्षणको मूल उद्देश्य हासिल गर्न देहायका विषयसमेत समावेश गरी परीक्षण गरिएको थियो।

### वित्तीय लेखापरीक्षण

- तीनवटै तहका सरकारको सञ्चित कोष तथा अन्य सरकारी कोषको तोकिएको ढाँचाअनुरूप वित्तीय विवरण र प्रतिवेदन तयार भै कारोबारको यथार्थ स्थिति चित्रण गरेको,
- कानुनसम्मत तरिकाले राजस्वलगायत समस्त आम्दानी, राजस्व तथा धरौटीको निर्धारण, असुली र दाखिला गरेको र तीनै तहका सरकारबीच प्रचलित कानुनबमोजिम राजस्व बाँडफाँट भएको,
- विनियोजन ऐनबमोजिम तोकिएको सीमाभित्र रही निर्दिष्ट प्रयोजनका लागि खर्च भएको,
- सरकारी ऋण, लगानी, सम्पत्ति र त्यसबाट प्राप्त हुनुपर्ने वा तिर्नु बुझाउनुपर्ने र बुझाइएको साँवा, ब्याज, लाभांशलगायतको लेखा राखेको,

### परिपालनाको लेखापरीक्षण

- प्रचलित कानुनको परिपालना गरी स्रोत साधनको प्राप्ति, परिचालन एवं अभिलेख तयार गरेको,
- आर्थिक कारोबार गर्दा ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याइँ गर्ने प्रमाण राखेको,

- खर्च गर्दा दुरुपयोग हुन नपाउने गरी पर्याप्त कानुनी व्यवस्था भएको, तत्सम्बन्धी नियमन, आन्तरिक नियन्त्रण व्यवस्था भएको र सोको अनुसरण गरेको,
- तीन वटै तहका सरकारको राजस्व, अनुदान तथा रोयल्टी प्रचलित कानुनबमोजिम बाँडफाँट भएको।

**कार्यमूलक लेखापरीक्षण**

- मितव्ययी तवरले खर्च गरेको र कार्यक्रम एवं लक्ष्यअनुसार प्रगति हासिल गरेको,
- नगदी जिन्सी तथा अन्य सरकारी सम्पत्तिसमेतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी संरक्षण एवं उपयोग गर्ने व्यवस्था मिलाएको र सोको अनुसरण गरेको,
- कार्यालयको संगठन र व्यवस्थापन तथा कार्य विभाजन यथेष्ट र समुचित रहेको एवं दोहोरो नहुने व्यवस्था मिलाएको,
- निर्दिष्ट उद्देश्य र नीतिअनुरूप कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरी उपलब्धि हासिल गरेको, कामको गुणस्तर र परिमाण मापदण्डअनुरूप भएको,
- खर्च गर्दा लागत तथा उपलब्धिसमेतको विश्लेषण गरी कानुनबमोजिम खर्च गरेको र लागतको तुलनामा प्रतिफल प्राप्त भएको।

**विशेष लेखापरीक्षण (सूचना प्रविधि/वातावरणीय)**

- सूचना प्रविधि प्रणालीको उपयुक्त तवरले विकास एवं प्रभावकारी उपयोग गरेको,
- वातावरण सम्बन्धी कानुन, कार्यविधि र मापदण्डको पालना भए नभएको र वातावरणीय असरलाई न्यून गर्ने प्रयास भएको।

३. **लेखापरीक्षणको क्षेत्र -** संवैधानिक निकाय, सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्पूर्ण कार्यालय, तीन तहका सरकारका पूर्ण स्वामित्व भएको सङ्गठित संस्था, समिति, बोर्ड, कोष, प्राधिकरण र विश्वविद्यालय, सङ्घीय कानुनले लेखापरीक्षण गर्नुपर्ने भनी तोकिएको संस्था वा अन्य निकायको २०७९।८० को आर्थिक कारोबार र सोको प्रतिवेदन, बक्यौता र सोसँग सम्बन्धित कागजात समेतलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। यसै गरी शासकीय प्रबन्ध, अर्थतन्त्रमा परेको प्रभाव, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पत्तिको व्यवस्थापन, विकास प्रशासन, सार्वजनिक प्रशासन र सुशासनसहित दिगो विकास लक्ष्य प्राप्तिसँग सम्बन्धित विभिन्न पक्षको परीक्षण तथा मूल्याङ्कनलाई समेत लेखापरीक्षणको क्षेत्रमा समेटिएको छ।

४. **लेखापरीक्षण पद्धति -** वार्षिक लेखापरीक्षण योजना तयार गरी सोसँग सामञ्जस्य हुने गरी मन्त्रालयगत लेखापरीक्षण योजना तथा निकायगत लेखापरीक्षण योजनाका आधारमा विद्युतीय पद्धतिमा आधारित "नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) प्रयोग गरी लेखापरीक्षण गरिनुको साथै सोको व्यवस्थापन गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन, वातावरणीय तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त निकायको विस्तृत लेखापरीक्षण गरिएको छ। न्यून जोखिमयुक्त निकायको लेखापरीक्षण आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन, आन्तरिक लेखापरीक्षण तथा एकल कोष खाताबाट उपलब्ध सूचना समेतको आधारमा दूर लेखापरीक्षण पद्धतिबाट सम्पन्न गरिएको छ।

समग्र एवं निकायगत जोखिम मूल्याङ्कन गरी पहिचान भएका विषयको परीक्षण गर्ने सन्दर्भमा सक्षम, पर्याप्त तथा सान्दर्भिक प्रमाण सङ्कलन गर्न लेखापरीक्षणको एकाइगत योजनामा उल्लेख गरी नमुना छनोटका आधारमा लेखापरीक्षण गरिएको छ। कार्यमूलक लेखापरीक्षणको सन्दर्भमा केही विषयमा नागरिक समाजसमेतलाई संलग्न गराइएको छ। यस्तो लेखापरीक्षणमा प्रमाण सङ्कलन गर्न अन्तर्वार्ता, प्रश्नावली तयार, सरोकारवालासँग सामूहिक छलफललगायतका विधि अपनाइएको छ। लेखापरीक्षणमा विशेषतः समस्यामूलक र नतिजामूलक पद्धति अबलम्बन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, गुणस्तर आश्वस्तता निर्देशिकाबमोजिम प्रारम्भिक प्रतिवेदन जारी पूर्वको पुनरावलोकन र नमुना छनोटको आधारमा सम्पन्न लेखापरीक्षणको गुणस्तर आश्वस्तता पुनरावलोकनका कार्यहरूसमेत गर्दै आइएको छ।

५. **वार्षिक प्रतिवेदन** - संविधानको धारा २९४(१) बमोजिम महालेखापरीक्षकले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। संविधानको धारा २९४(२) मा वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने कुराहरू सङ्घीय कानुनबमोजिम हुने व्यवस्थाअनुरूप लेखापरीक्षण ऐन, २०७५ को दफा १९(१) मा महालेखापरीक्षकबाट वर्षभरिमा भए गरेका काम कारबाहीको विवरण, लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र भविष्यमा गर्नुपर्ने सुधार र आवश्यक अन्य कुराहरू खुलाउनुपर्ने व्यवस्थाबमोजिम महालेखापरीक्षकबाट सम्माननीय राष्ट्रपतिसमक्ष यो ६१ औं वार्षिक प्रतिवेदन पेस गरिएको छ। यस प्रतिवेदनमा ६ परिच्छेद तथा २३ अनुसूची रहेका छन्। परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति, परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधार र परिच्छेद ६ मा कार्यालय गतिविधि समावेश गरिएको छ। संविधानको धारा २९४(३) बमोजिम प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग ७ प्रतिवेदन तयार गरिएको छ। स्थानीय तह ७५३ मध्ये ७४६ र बक्यौता २ समेत ७४८ को अन्तिम प्रतिवेदन जारी गरिएको छ। यसै गरी कार्यमूलक तथा विशेष लेखापरीक्षण, सूचना प्रविधि लेखापरीक्षण र वातावरणीय लेखापरीक्षणका प्रमुख बेहोरालाई पनि यो प्रतिवेदनमा समावेश गरिएको छ। यस प्रतिवेदनमा केही सार्वजनिक संस्थान/निकायहरूको समेत लेखापरीक्षण गरी तत् निकायमा लेखापरीक्षणको क्रममा दिखएका विषयहरू संक्षेपमा प्रस्तुत गरिएको छ। वार्षिक प्रतिवेदनका प्रमुख बेहोरा समावेश गरी वार्षिक प्रतिवेदनको सारांशसमेत तयार गरिएको छ।

# महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता

## शासकीय प्रबन्ध

- कानुन निर्माण, स्रोत बाँडफाँट र कार्यक्षेत्रको स्पष्टता हुनुपर्ने,
- समसामयिक कानुन निर्माण र विद्यमान कानुनमा संशोधन हुनुपर्ने,
- साझा अधिकार सूचीका कानुन तर्जुमामा सम्बद्ध पक्षको सहभागिता हुनुपर्ने,
- कानुनको कार्यान्वयन एवं परिपालनाको प्रत्याभूति हुनुपर्ने,
- राजनीति र प्रशासनबीच अन्तरसम्बन्ध र सीमा स्पष्ट हुनुपर्ने,
- कूटनीतिक सम्बन्धलाई प्रभावकारी बनाउनुपर्ने,
- प्रशासनिक र वित्तीय स्वायत्तता मार्फत संवैधानिक निकायलाई थप प्रभावकारी बनाउनुपर्ने,
- फैसला तथा निर्णय कार्यान्वयनमा सुनिश्चितता ल्याउनुपर्ने,
- सार्वजनिक संस्था र नियमनकारी निकायको कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्ने ।

## अर्थतन्त्र

- लक्ष्य अनुरूप आर्थिक वृद्धिदर हासिल हुने गरी कार्यसम्पादन गर्नुपर्ने,
- व्यापार सन्तुलनका लागि आन्तरिक उत्पादनमा जोड दिनुपर्ने,
- लगानीमैत्री वातावरण तयार गर्नुपर्ने,
- अर्थतन्त्रका नवीन क्षेत्रहरूको पहिचान गरी लगानी विस्तार गर्नुपर्ने,
- विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याई उत्पादनशील कार्यमा उपयोग गर्नुपर्ने,
- अनौपचारिक अर्थतन्त्रलाई राष्ट्रिय लेखामा समेट्नुपर्ने,
- प्राकृतिक स्रोतको उपयोग र दिगोपनामा जोड दिनुपर्ने,
- कर प्रशासनलाई थप चुस्त र करदातामैत्री बनाई राजस्व वृद्धिमा जोड दिनुपर्ने,
- वित्तीय संसाधनको पारदर्शी परिचालन गर्नुपर्ने,
- सरकार, निजीक्षेत्र, सहकारी र विकास साझेदारसँग गहन साझेदारी विकास गर्नुपर्ने ।

## सार्वजनिक वित्त व्यवस्थापन

- कुल गार्हस्थ उत्पादनको मापन र राजस्वको प्रक्षेपण वस्तुपरक बनाउनुपर्ने,
- तीनै तहको कराधारलाई दिगो र फराकिलो बनाउने,
- राजस्व परिचालनका सबै आयामको अवलम्बन तथा चुहावट नियन्त्रण गर्नुपर्ने,
- राष्ट्रिय हित र प्राथमिकताका क्षेत्रमा मात्र सार्वजनिक ऋण परिचालन गर्नुपर्ने,
- बजेट र यथार्थ खर्चबीचको अन्तर न्यून गर्नुपर्ने,
- नगद प्रवाहको पूर्वानुमान गरी सार्वजनिक खर्च भुक्तानी सन्तुलित बनाउनुपर्ने,
- रकमान्तर तथा स्रोतान्तरलाई न्यूनीकरण गर्नुपर्ने,
- सबै विकास सहायता परिचालन बजेट प्रणाली मार्फत हुनुपर्ने,
- सार्वजनिक खर्चलाई मितव्ययी र उत्पादनमूलक बनाउनुपर्ने,
- सार्वजनिक संस्थान सञ्चालनमा व्यावसायिक कुशलता ल्याउनुपर्ने,
- लेखापालन, प्रतिवेदन तथा लेखापरीक्षणलाई समयानुकूल सुधार गर्नुपर्ने ।

## सार्वजनिक सम्पत्तिको व्यवस्थापन

- सार्वजनिक सम्पत्तिको खरिद प्रक्रिया पारदर्शी, कुशल र व्यवस्थित हुनुपर्ने,
- स्रोत र साधनको बाँडफाँट र परिचालनमा कार्यकुशलता ल्याउनुपर्ने,
- सार्वजनिक सम्पत्तिको एकीकृत अभिलेख, उपयोग र उचित मर्मत सम्भार गर्नुपर्ने,
- उपयोग नहुने अवस्थामा रहेका सम्पत्तिको निःसर्ग गरी व्यवस्थापन गर्नुपर्ने,
- सार्वजनिक सम्पत्ति लिजमा दिँदा लिज कार्यनीतिको परिपालना गर्नुपर्ने,
- सार्वजनिक निर्माणमा गुणस्तरको प्रत्याभूति हुनुपर्ने,
- ऐतिहासिक, पुरातात्त्विक, धार्मिक सम्पदा एवं सम्पत्तिको संरक्षण र संवर्धन गर्नुपर्ने,
- सार्वजनिक संस्थानको सम्पत्तिको संरक्षण र उपयोग गर्दै अभिलेख व्यवस्थित गर्नुपर्ने ।
- सार्वजनिक सम्पत्तिको समानुपातिक उपयोग गर्नुपर्ने,
- निर्मित संरचनाको संचालन र भौतिक अवस्था जि. पी. एस. मा आवद्ध गर्ने ।

## विकास व्यवस्थापन

- आवधिक, वार्षिक र त्रैमासिक लक्ष्य र सोको उपलब्धि मूल्याङ्कन गर्नुपर्ने,
- बजेट, कार्यक्रम र उपलब्धिलाई व्यक्तिगत जवाफदेहितासँग जोड्नुपर्ने,
- दिगो विकास लक्ष्य, आवधिक योजना, नीति कार्यक्रम र बजेटबिच तादत्म्यता गर्नुपर्ने,
- आयोजना बैङ्कबाट मात्र आयोजना छनोट गरी बजेट विनियोजन गर्नुपर्ने,
- उपभोक्ता समितिबाट भएका निर्माण कार्यहरूमा गुणस्तर सुनिश्चितता हुनुपर्ने,
- आयोजनाहरू निर्धारित समय र लागतमा सम्पन्न गर्न आवश्यक प्रबन्ध मिलाउनुपर्ने,
- आयोजना सञ्चालनमा परामर्शदाता माथिको अधिक निर्भरता घटाउनुपर्ने,
- पूर्व तयारीका कार्य सम्पन्न गरेर मात्र ठेक्का व्यवस्थापन गर्नुपर्ने,
- सार्वजनिक निकायबीच अन्तर समन्वय कायम गरी पूर्वाधार निर्माण गर्नुपर्ने,
- कार्यक्रम, खरिद योजना र यसको समयसीमालाई कडाइका साथ कार्यान्वयन गर्नुपर्ने,
- पूर्वाधार निर्माणमा आधुनिक प्रविधि र विधिको उपयोग गरी लागत प्रभावी बनाउनुपर्ने ।

## सूचना प्रविधि

- सूचना प्रविधिको आवश्यकता तथा लाभ लागत विश्लेषण गरी खरिद, प्रयोग र उपयोगको प्रबन्ध गर्नुपर्ने,
- प्रणाली खरिदका लागि मापदण्ड तथा नर्म्स तयार गर्नुपर्ने,
- प्रणालीमा पहुँच, गोपनीयता र सुरक्षा सम्बन्धी कानुनी व्यवस्था गर्नुपर्ने,
- व्यवस्थापन सूचना प्रणालीहरूलाई एकीकृत वा अन्तरआवद्ध गरी सञ्चालन गर्नुपर्ने,
- प्रणालीहरूको नियमित सञ्चालन, मर्मत सम्भार र अद्यावधिक गरी विश्वसनीय बनाउनुपर्ने,
- प्रणाली सञ्चालनमा दिगोपनाका लागि क्षमता विकास मार्फत स्थानीयकरण गर्नुपर्ने,
- सूचना प्रविधिको प्रयोग र यसबाट सेवाप्रवाहमा परेको प्रभाव अध्ययन गर्नुपर्ने,
- कृत्रिम बौद्धिकता (एआई) को प्रयोग र सोको लाभ सम्बन्धमा अध्ययन गर्नुपर्ने,
- सूचना प्रविधिमा गरेको खर्च, यससँग सम्बन्धित यन्त्र उपकरणको अभिलेख व्यवस्थित गर्नुपर्ने,
- सूचना प्रविधिसँग सम्बन्धित यन्त्र उपकरणको निःसर्गलाई वातावरणमैत्री बनाइनुपर्ने ।

## सार्वजनिक प्रशासन

- सेवा प्रवाहको प्रभावकारिताको लागि समयानुकूल कानुन तर्जुमा एवं संशोधन गर्नुपर्ने,
- सूचकमा आधारित कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागु गर्नुपर्ने,
- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना र पृष्ठपोषणको विधि तय गर्नुपर्ने,
- सार्वजनिक प्रशासनलाई व्यावसायिक तथा नतिजामुखी बनाउनुपर्ने,
- कर्मचारी दरबन्दीलाई कार्यजिम्मेवारीसँग आवद्ध गर्नुपर्ने,
- गुणस्तरीय मानव संसाधनको विकास गरी उत्पादकत्व अभिवृद्धि गर्नुपर्ने,
- छरितो संरचना, बहुसीपयुक्त जनशक्ति र प्रविधिमैत्री संरचना बनाउनुपर्ने,
- सार्वजनिक निर्माण र सेवाको सार्वजनिक परीक्षणको व्यवस्था गर्नुपर्ने,
- सेवा प्रवाहको गुणस्तर, शुल्क, प्रक्रियालगायतलाई व्यवस्थित गर्नुपर्ने,
- लक्षित वर्ग अनुदान वितरणलाई लाभग्राहीमैत्री बनाउनुपर्ने,
- नैतिक पूर्वाधार विकासमा जोड दिनु पर्ने ।

## सुशासन

- पदीय आचरण, निष्ठा र सदाचारिता, अभिवृद्धि हुने कार्यसंस्कृति अवलम्बन गर्नुपर्ने,
- सार्वजनिक निर्माणमा पारदर्शिता, समयपालना, गुणस्तर र दिगोपना हुनुपर्ने,
- जिम्मेवारी र जवाफदेहितालाई स्पष्ट पारी कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्ने,
- अन्तरनिकाय समन्वय गरी भ्रष्टाचार नियन्त्रणलाई प्रभावकारी बनाउनुपर्ने,
- सबै निकायमा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी सोको कार्यान्वयन गर्नुपर्ने,
- सूचकमा आधारित कार्यसम्पादन मूल्याङ्कन गरी दण्ड र पुरस्कारसँग आबद्ध गर्नुपर्ने,
- जिम्मेवारी प्रदान गर्दा नेतृत्व क्षमता र वित्तीय अनुशासन पालना स्थितिको मूल्याङ्कन गर्नुपर्ने,
- निर्णय प्रकृयामा पारदर्शिता, एकरूपता र कार्यान्वयनको सुनिश्चितता गर्नुपर्ने,
- पेशागत व्यावसायिकता र सकारात्मक सोचलाई कार्यजिम्मेवारीको अंग बनाउनुपर्ने ।
- सेवा प्रवाह गर्ने पदाधिकारीलाई सेवाग्राहीप्रति सिधै उत्तरदायी र जवाफदेही बनाउनुपर्ने ।

# परिच्छेद - १

# लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

| लेखापरीक्षण गरिएका निकाय र विषय | सङ्ख्या | (रू. करोडमा) |
|---|---|---|
| (क) **वित्तीय लेखापरीक्षण** | | |
| १. **सङ्घीय मन्त्रालय तथा निकाय (बक्यौता १२ समेत)** | ३२७७ | २४६१११ |
| २. **प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता २ समेत)** | १२७० | ३२३३४ |
| ३. **स्थानीय तह (बक्यौता २ समेत)** | ७४८ | ११३९१९ |
| ४. **समिति र अन्य संस्था (प्रदेशतर्फको ११८ समेत)** | २१७ | २९६८५ |
| ५. **सङ्गठित संस्था** | ९३ | ३६६१११ |
| (ख) **कार्यमूलक लेखापरीक्षण** ९ | - | - |
| (ग) **वातावरणीय लेखापरीक्षण** २ | - | - |
| (घ) **सूचना प्रविधि लेखापरीक्षण** १ | - | - |
| **जम्मा** | **५६०५** | **७८८१६०** |

यो वर्ष सङ्घीय मन्त्रालय तथा निकाय मातहतका ३ हजार २७७ कार्यालयको रू २४ खर्ब ६१ अर्ब ११ करोड, प्रदेश मन्त्रालय तथा निकाय मातहतका १ हजार २७० कार्यालयको रू.३ खर्ब २३ अर्ब ३४ करोड, स्थानीय तह ७५३ मध्ये ७४६ र गत वर्षको बक्यौता २ समेत ७४८ को रू.११ खर्ब ३९ अर्ब १९ करोड, २१७ समिति र अन्य संस्थाको रू.२ खर्ब ९६ अर्ब ८५ करोड र ९३ सङ्गठित संस्थाको रू.३६ खर्ब ६१ अर्ब ११ करोडसमेत रू.७८ खर्ब ८१ अर्ब ६० करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। वित्तीय लेखापरीक्षणको अतिरिक्त ९ विषयको कार्यमूलक, २ विषयको वातावरणीय र १ विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ।

१. **सङ्घीय मन्त्रालय तथा निकाय** - यो वर्ष ३ हजार २७७ सङ्घीय मन्त्रालय तथा निकायको विनियोजन खर्च, राजस्व, धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. करोडमा)

| क्र. सं. | कारोबार शीर्षक | लेखापरीक्षण सम्पन्न रकम |
|---|---|---|
| १ | विनियोजन खर्च | १३००२९ |
| २ | राजस्व | १००२८४ |
| ३ | धरौटी | ७१३६ |
| ४ | अन्य कारोबार | ८६६२ |
| | **जम्मा** | २४६१११ |

गत वर्षसम्म सङ्घीय सरकारी कार्यालयतर्फ ३ हजार ६३ एकाइ को रू.६ अर्ब ६८ करोड लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष २९ एकाइले रू.९३ करोडको लेखापरीक्षण गराएका छन्।

२. **प्रदेश मन्त्रालय तथा निकाय** - यो वर्ष ७ प्रदेशअन्तर्गतका १ हजार २७० कार्यालयको रू.३ खर्ब २३ अर्ब ३४ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। गत वर्षसम्म प्रदेश मातहतका २३ एकाइले रू.१ अर्ब १२ करोड लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष २ एकाइले रू.१२ करोडको लेखापरीक्षण गराएका छन्।

३. **स्थानीय तह -** यो वर्ष महानगरपालिका ६, उपमहानगरपालिका ११, नगरपालिका २७३ र गाउँपालिका ४५६ समेत ७४६ (विगतको बक्यौता २ गरी ७४८ आर्थिक वर्ष) स्थानीय तहको रू.११ खर्ब ३९ अर्ब १९ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **समिति र अन्य संस्था -** यो वर्ष २१७ समिति र अन्य संस्था (प्रदेशतर्फको ११८ समेत) को रू.२ खर्ब ९६ अर्ब ८५ करोडको लेखापरीक्षण गरिएको छ।

५. **सङ्गठित संस्था** - यो वर्ष सङ्गठित संस्था ९३ को रू.३६ खर्ब ६१ अर्ब ११ करोडको लेखापरीक्षण गरिएको छ। सोको अतिरिक्त ४२ संस्थाको रू.१४ खर्ब ८८ अर्ब ५६ करोडको लेखापरीक्षणका लागि परामर्श दिइएअनुसार लेखापरीक्षण सम्पन्न भएको छ।

६. **कार्यमूलक तथा विशेष लेखापरीक्षण -** यो वर्ष ९ विषयको कार्यमूलक, २ विषयको वातावरणीय र १ विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएका विषय देहायानुसार छन्:

| सि नं. | कार्यमूलक लेखापरीक्षणको विषय | सम्बन्धित निकाय | सम्बन्धित मन्त्रालय |
|---|---|---|---|
| १. | राष्ट्रपति महिला सशक्तीकरण परियोजना कार्यान्वयन अवस्था | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| २. | सुनसरी मोरङ्ग सिँचाइ आयोजनाको कार्यान्वयन अवस्था | सुनसरी मोरङ्ग सिँचाइ आयोजना | उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय |
| ३. | उत्तर दक्षिण लोकमार्ग (कालीगण्डकी करिडोर) को कार्यसम्पादन अवस्था | उत्तर दक्षिण लोकमार्ग निर्देशनालय | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| ४. | स्वास्थ्य बीमा कार्यक्रमको कार्यन्वयन स्थिति | स्वास्थ्य बीमा बोर्ड | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ५. | वैदेशिक रोजगारीमा जाने श्रमिकको सेवा प्रवाहको स्थिति | नेपाली नियोग (मलेसिया, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स) | परराष्ट्र मन्त्रालय |
| ६. | तराई-मधेस समृद्धि कार्यक्रम कार्यान्वयन | तराई-मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय इकाई | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ७. | कारागार पूर्वाधार व्यवस्थापन | कारागार विभाग | गृह मन्त्राल |
| ८. | विशेष भवन निर्माण आयोजनाको कार्यान्वयन अवस्था | विशेष भवन निर्माण आयोजना समन्वय कार्यालय | शहरी विकास मन्त्रालय |
| ९. | नेपालको खाद्य सुरक्षा स्थिति | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| | **वातावरणीय लेखापरीक्षण** | | |
| १०. | विपद व्यवस्थापनमा सेन्डाई कार्यढाँचाको कार्यान्वयन अवस्था | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | गृह मन्त्राल |
| ११. | स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन | शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल), परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, भक्तपुर क्यान्सर अस्पताल र निजामती कर्मचारी अस्पताल | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| | **सूचना प्रविधि लेखापरीक्षण** | | |
| १२. | नेपाल राष्ट्रिय एकद्वार प्रणाली कार्यान्वयन अवस्था | भन्सार विभाग | अर्थ मन्त्रालय |

## • सरकारी बजेट र राजस्व कार्यान्वयन स्थिति

७. **सरकारी बजेट तथा खर्च** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७७।७८ र २०७८।७९ को यथार्थ खर्च तथा २०७९।८० को सङ्घीय सरकारको शीर्षकगत/क्षेत्रगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रू.लाखमा)

| शीर्षक/क्षेत्र | २०७७।७८ को यथार्थ खर्च | २०७८।७९ को यथार्थ खर्च | २०७९।८० को | | |
|---|---|---|---|---|---|
| | | | बजेट अनुमान | यथार्थ खर्च | प्रतिशत |
| चालु खर्च | ८४६२१७३ | ९५४३१६७ | ११८३२३५१ | ९९१५०६८ | ८३.८० |
| पुँजीगत खर्च | २२८८३६१ | २१६२१३१ | ३८०३८४५ | २३४६२४७ | ६१.६८ |
| वित्तीय व्यवस्था (साँवा ब्याज भुक्तानी) | १२१६२२६ | १३९४७१० | २३०२१७७ | १९५१९५५ | ८४.७९ |
| जम्मा | **११९६६७६०** | **१३१००००८** | **१७९३८३७३** | **१४२१३२७०** | **७९.२३** |
| सामान्य सार्वजनिक सेवा | ६३४६१६१ | ५२१७६९३ | ५७३४४३८ | ५२५८८५१ | ९१.७१ |
| रक्षा | ५१९१३९ | ५३२९७० | ५५४७३८ | ६००१३८ | १०८.१८ |
| सार्वजनिक शान्ति सुरक्षा | ५७०४२९ | ७२३८४८ | ६५४००२ | ७९७६४४ | १२१.९६ |
| आर्थिक मामिला | २३६०२२९ | ३३१२४६३ | ४६६७७०८ | ४२११६७० | ९०.२३ |
| वातावरण संरक्षण | ६५९५९ | ५४४७६ | ११०२२९ | ४४५१७ | ४०.३९ |
| आवास तथा सामुदायिक सुविधा | ४४९९५२ | ३५०५७२ | ८८६०८८ | ४२२९४७ | ४७.७३ |
| स्वास्थ्य | ४९६१३१ | ७४९३३६ | १२३२५५१ | ५२०६७० | ४२.२४ |
| संस्कृति तथा धर्म | ४०६०२ | ४६९१८ | ९६२९२ | ५८१०५ | ६०.३४ |
| शिक्षा | ३७१४५८ | ४२६१६६ | १९६८९३१ | ५२८६९५ | २६.८५ |
| सामाजिक सुरक्षा | ७४६७०० | १६८५५६६ | २०३३३९६ | १७७००३३ | ८७.०५ |
| जम्मा | **११९६६७६०** | **१३१००००८** | **१७९३८३७३** | **१४२१३२७०** | **७९.२३** |

**द्रष्टव्यः** स्वास्थ्य र शिक्षा क्षेत्रको बजेट अनुमानमा समावेश भए तापनि प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण भई हुने खर्च तालिकामा समावेश गरिएको छैन।

८. **खर्चको स्थिति** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने १० सङ्घीय मन्त्रालय तथा अन्य निकायको खर्चको विवरण निम्नानुसार छः

(रू.लाखमा)

| चालु खर्च | | | | पुँजीगत खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | मन्त्रालय/निकाय | रकम | प्रतिशत | क्र.सं. | मन्त्रालय/निकाय | रकम | प्रतिशत |
| १ | अर्थ | १६२११७९ | १६.३५ | १ | भौतिक पूर्वाधार तथा यातायात | ८७५०४६ | ३७.३० |
| २ | गृह | ९०८२९४ | ९.१६ | २ | सहरी विकास | ३३६६५२ | १४.३५ |
| ३ | रक्षा | ६५५००८ | ६.६१ | ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ | २९८६५२ | १२.७३ |
| ४ | कृषि तथा पशुपन्छी विकास | ४२६६११ | ४.३० | ४ | रक्षा | २३८१२६ | १०.१५ |
| ५ | शिक्षा, विज्ञान तथा प्रविधि | ३१२००० | ३.१५ | ५ | खानेपानी | १५६२७९ | ६.६६ |
| ६ | स्वास्थ्य तथा जनसंख्या | २४६६९३ | २.४९ | ६ | गृह | ७९५५९ | ३.३९ |
| ७ | भौतिक पूर्वाधार तथा यातायात | ९२९२९ | ०.९४ | ७ | शिक्षा, विज्ञान तथा प्रविधि | ५०९८७ | २.१७ |
| ८ | निर्वाचन आयोग | ७२०४७ | ०.७३ | ८ | वन तथा वातावरण | ३२६९४ | १.३९ |
| ९ | परराष्ट्र | ५६४१८ | ०.५७ | ९ | अर्थ | २२५०९ | ०.९६ |
| १० | सर्वोच्च अदालत | ५३८९२ | ०.५४ | १० | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | १९७५७ | ०.८४ |
| ११ | अन्य मन्त्रालय तथा निकायहरू | ५४६९९९७ | ५५.१६ | ११ | अन्य मन्त्रालय तथा निकायहरू | २३५९८६ | १०.०६ |
| | जम्मा | ९९१५०६८ | १००.०० | | जम्मा | २३४६२४७ | १००.०० |

चालु र पुँजीगत खर्चबाहेक वित्तीय व्यवस्था खर्च रू.१ खर्ब ९५ अर्ब २० करोड रहेको छ। प्रदेशहरू र स्थानीय तह ७५३ लाई गएको अनुदान रकमसमेत अन्य मन्त्रालय र निकायहरुको चालु खर्चतर्फ समावेश रहेको छ।

९. **स्रोतगत खर्च** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सङ्घीय सरकारको २०७७।७८ र २०७८।७९ को यथार्थ खर्च तथा २०७९।८० को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रू. लाखमा)

| स्रोत | २०७७।७८ को यथार्थ खर्च | २०७८।७९ को यथार्थ खर्च | २०७९।८० को | | गत वर्षको तुलनामा वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| | | | अनुमान | यथार्थ खर्च | |
| नेपाल सरकार | ९८४५९७३ | ११५१८१९० | १४९६११७९ | १२८१७५७८ | ११.२८ |
| वैदेशिक अनुदान | ३६४८१३ | २७४८१७ | ५५४५८३ | २३३८२२ | -१४.९२ |
| वैदेशिक ऋण | १७५५९७४ | १३०७००१ | २४२२६११ | ११६१८७० | -११.१० |
| जम्मा | ११९६६७६० | १३१०००08 | १७९३८३७३ | १४२१३२७० | ८.५० |

९.१ यो वर्ष नेपाल सरकारको स्रोततर्फको खर्च रू.१२ खर्ब ८१ अर्ब ७६ करोडमध्ये राजस्वबाट रू.८ खर्ब ९९ अर्ब १७ करोड (७०.१५ प्रतिशत) व्यहोरेको छ।

९.२ यो वर्ष वैदेशिक अनुदानतर्फ १६ निकायअन्तर्गत रू.५५ अर्ब ४६ करोड प्राप्त हुने अनुमान रहेकोमा रू.२३ अर्ब ३८ करोड (४२.१६ प्रतिशत) प्राप्त भएको र वैदेशिक ऋणतर्फ १५ निकाय अन्तर्गत रु. २ खर्ब ४२ अर्ब २६ करोड प्राप्त हुने अनुमान रहेकोमा रू.१ खर्ब १६ अर्ब १९ करोड (४७.९६ प्रतिशत) प्राप्त भएको छ।

१०. **राजस्व असुली** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सङ्घीय सरकारले प्राप्त गरेको राजस्वको स्रोतअनुसार २०७७।७८ र २०७८।७९ को यथार्थ विवरण तथा २०७९।८० को अनुमान र यथार्थ विवरण स्थिति निम्नानुसार छः

(रू.लाखमा)

| विवरण | २०७७।७८ को यथार्थ | २०७८।७९ को यथार्थ | २०७९।८० को | | |
|---|---|---|---|---|---|
| | | | अनुमान | यथार्थ | प्रतिशत |
| कुल राजस्व | ८६८६०२९ | ९८९६२१७ | १२४०११७९ | ८९९१७६१ | ७२.५१ |
| १. कर राजस्व | ७६१०५६६ | ८५६२६४० | ११३२३४६७ | ७४८४२०० | ६६.०९ |
| २. अन्य राजस्व, बेरुजु रकम र अन्य प्राप्ति | १०४३२२८ | १३०५१९३ | १०७७७१२ | १३८९४२० | १२८.९२ |
| ३. साँवा फिर्ता | ३२२३५ | २८३८४ | - | ११८१४१ | - |

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली ९.१४ प्रतिशतले घटेको देखिन्छ। आर्थिक वर्ष २०७९।८० को असुलीमा बेरुजु रकम र अन्य प्राप्ति रू.५३ अर्ब ३० करोड २५ लाख समेत समावेश छ। राजस्व अनुमान नगरेको साँवा फिर्ताबाट रू.११ अर्ब ८१ करोड ४१ लाख प्राप्त भएको छ।

## परिच्छेद - २

# लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति

१. **बेरुजु** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ भने नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरिएको छ।

यो वर्ष सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजु रू.९५ अर्ब ६० करोड २१ लाख रहेको छ। सो बेरुजु अङ्कको वर्गीकरण निम्नानुसार छः

(रू.लाखमा)

| वर्गीकरण | सङ्घीय सरकारी कार्यालय | प्रदेश सरकारी कार्यालय | स्थानीय तह | सङ्घीय समिति/ अन्य संस्था | प्रदेश समिति/ अन्य संस्था | जम्मा | कुल बेरुजुको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. असुल गर्नुपर्ने | १५५१४५ | ८७३७ | ४१५८४ | २७६४३ | ८९९ | २३४००८ | २४.४७ |
| २. नियमित गर्नुपर्ने | २८९२४५ | ४२७११ | २४०३४० | ७०७९७ | ७२६४ | ६५०३५७ | ६८.०३ |
| २.१ अनियमित भएको | २७०९६ | १५२५७ | १०८६६८ | २२२४६ | ३७०० | १७६९६७ | १८.५१ |
| २.२ प्रमाण कागज पेस नभएको | २६१७८९ | २७४२६ | १३११६५ | ४८२५० | ३४०८ | ४७२०३८ | ४९.३८ |
| २.३ जिम्मेवारी नसारेको | ० | ० | ० | ० | ० | ० | ०.०० |
| २.४ शोधभर्ना नलिएको | ३६० | २८ | ५०८ | ३०१ | १५६ | १३५३ | ०.१४ |
| ३. पेस्की | २०९७२ | १४२४१ | २८२२८ | ७९७८ | २३७ | ७१६५६ | ७.५० |
| जम्मा बेरुजु | ४६५३६२ | ६५६८९ | ३१०१५२ | १०६४१८ | ८४०० | ९५६०२१ | १०० |

*द्रष्टव्यः १. उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।*

*२. सङ्गठित संस्थाहरूको लेखापरीक्षणबाट देखिएको बेरुजुको लगत राख्ने एवं सम्परीक्षण गर्ने कार्य सम्बन्धित निकायबाटै हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन।*

२. **लेखापरीक्षण र बेरुजु अङ्क** - यो वर्ष ५ हजार ६०५ सरकारी कार्यालय, सङ्गठित संस्था तथा अन्य संस्थाको रु.७८ खर्ब ८१ अर्ब ६० करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण सम्पन्न गरिएका निकाय र विषयगत अवस्था निम्नानुसार छः

(रू. करोडमा)

| लेखापरीक्षण गरिएका निकाय र विषय | संख्या | लेखापरीक्षण रकम | बेरुजु | बेरुजु प्रतिशत |
|---|---|---|---|---|
| १. सङ्घीय मन्त्रालय तथा निकाय (बक्यौता १२ समेत) | ३२७७ | २४६१११ | ४६५४ | १.८९ |
| २. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता २ समेत) | १२७० | ३२३३४ | ६५७ | २.०३ |
| ३. स्थानीय तह (बक्यौता २ समेत) | ७४८ | ११३९१९ | ३१०१ | २.७२ |
| ४. सङ्घीय संस्था, समिति र अन्य संस्था | १९२ | ३९२०४७ | १०६४ | ०.२७ |
| ५. प्रदेश संस्था, समिति र अन्य संस्था | ११८ | ३७४९ | ८४ | २.२४ |
| जम्मा | ५६०५ | ७८८१६० | ९५६० | १.२१ |

***द्रष्टव्यः** सङ्गठित संस्थाको बेरुजु लगत कायम नगरिने भएकोले यस तालिकामा समावेश गरिएको छैन।*

३. **अद्यावधिक बेरुजु** - सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजु रू.६ खर्ब ६९ अर्ब ८६ करोड रहेको छ। अद्यावधिक बेरुजु गत वर्ष भन्दा १४.०५ प्रतिशतले बढेको छ।

(रू. लाखमा)

| विवरण | विगतको बेरुजु | समायोजनबाट थप (घट) | फस्यौंट तथा सम्परीक्षण | विगतको खुद बाँकी | चालू वर्षको थप बेरुजु | अद्यावधिक बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|
| सङ्घीय सरकारी कार्यालयहरू | २९६१३२९ | ० | ० | २९६१३२९ | ४६५३६२ | ३४२६६९१ |
| प्रदेश सरकारी कार्यालयहरू | २४३७८० | (२८) | २४७५७ | २१८९९५ | ६५६८९ | २८४६८४ |
| स्थानीय तह | १७२६०५३ | ० | १०१६२२ | १६२४४३१ | ३१०१५२ | १९३४५८३ |
| अन्य संस्था समिति (प्रदेश समेत) | ९४२२३१ | (११) | ४३५७ | ९३७८६३ | ११४८१८ | १०५२६८१ |
| **जम्मा** | **५८७३३९३** | **(३९)** | **१३०७३६** | **५७४२६१८** | **९५६०२१** | **६६९८६३९** |

४. **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** - सङ्घीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फको बेरुजुका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.५ खर्ब १३ अर्ब ४० करोड ४३ लाख रहेको छ।

(रू. लाखमा)

| क्र.स. | विवरण | गत वर्षसम्म | यस वर्ष थप /घट र समायोजन | अद्यावधिक रकम |
|---|---|---|---|---|
| १ | लेखापरीक्षण बक्यौता (प्रदेश समेत) | ७८०३० | २०७२५ | ९८७५५ |
| २ | राजस्व बक्यौता | ३२५७३२८ | १०९६९५४ | ४३५४२८२ |
| ३ | शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान | १५०६०६ | १०३३९ | १६०९४५ |
| ४ | शोधभर्ना लिन बाँकी वैदेशिक ऋण | २१८०४९ | (१६२११५) | ५५९३४ |
| ५ | जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज | २०५०० | ४४३६२७ | ४६४१२७ |
| | **जम्मा** | **३७२४५१३** | **१४०९५३०** | **५१३४०४३** |

उक्त रकममा अद्यावधिक बेरुजु रू.६ खर्ब ६९ अर्ब ८६ करोड ४० लाख थप गर्दा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.११ खर्ब ८३ अर्ब २६ करोड ८३ लाख पुगेको छ। यस प्रकारको रकम वृद्धि हुनुमा राजस्व बक्यौता तथा बेरुजु रकम मुख्य कारण रहेको देखिन्छ।

५. **बेरुजु विश्लेषण** - सङ्घीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, अन्य समितिको बेरुजुको अवस्था निम्नानुसार छः

५.१. यो वर्ष सङ्घीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, समिति तथा अन्य संस्थासमेतको रु.७८ खर्ब ८० अर्ब ८७ करोडको लेखापरीक्षण गर्दा रू.१ खर्ब २७ अर्ब ७४ करोड बेरुजु देखिएको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराए पश्चात् रू.३२ अर्ब १४ करोड (कुल बेरुजुको २५.१६ प्रतिशत) सम्परीक्षण भएकोले रू.९५ अर्ब ६० करोड बेरुजु फस्यौंट हुन बाँकी रहेको छ। यो वर्षसम्म फस्यौंट गर्न बाँकी कुल बेरुजु रू.६ खर्ब ६९ अर्ब ८६ करोड रहेको छ।

५.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ बमोजिम बेरुजु फस्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने र बेरुजु फस्यौंट हुन नसकेमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतले फस्यौंट गर्नु गराउनुपर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ३७ मा औंल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो

म्यादभित्र फस्यौंट गर्ने र फस्यौंट नगरेमा दफा ३७ (४) बमोजिम लेखा उत्तरदायी अधिकृत र दफा ३७(६) बमोजिम विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ। उक्त व्यवस्थाअनुसार बेरुजुको जानकारी सम्बन्धित पदाधिकारीहरूलाई दिइएको छ। सोही ऐनको दफा ५० मा बेरुजु फस्यौंट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ।

प्रदेशको सन्दर्भमा सम्बन्धित प्रदेशको आर्थिक कार्यविधिसम्बन्धी ऐनले गरेको व्यवस्थाअनुसार प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्रीलाईसमेत बेरुजु सम्बन्धमा जानकारी गराइएको छ।

५.३. सङ्घीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने मन्त्रालयहरु निम्नानुसार छन्:

(रू. लाखमा)

| क.सं. | मन्त्रालय/निकाय | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | | | | कुल बेरुजुको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेस्की बाँकी | जम्मा | | |
| १ | अर्थ | १७२२५७२८ | ३५५३२ | २१९२१५ | २ | २५४७४९ | ५४.७४ | १.४८ |
| २ | भौतिक पूर्वाधार तथा यातायात | १३२१४१६ | ६९०९९ | ३५३३३ | १६५०६ | १२०९३८ | २५.९९ | ९.१५ |
| ३ | सञ्चार तथा सूचना प्रविधि | १५७१३६ | ३०५७४ | ६६९ | ० | ३१२४३ | ६.७१ | १९.८८ |
| ४ | ऊर्जा, जलस्रोत तथा सिँचाइ | ४४२३५५ | २८४७ | ७१३६ | १८४ | १०१६७ | २.१९ | २.३० |
| ५ | सहरी विकास | ४३४३३६ | २४०४ | ५४०८ | १३९८ | ९२१० | १.९८ | २.१२ |
| ६ | खानेपानी | १८५३३८ | १२०८ | ५४५६ | ९८२ | ७६४६ | १.६४ | ४.१३ |
| ७ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | ३४१४२१ | ३७५७ | २१८६ | ११६ | ६०५९ | १.३० | १.७७ |
| ८ | गृह | १२७१२०२ | ६६ | ५०३२ | ३०६ | ५४०४ | १.१६ | ०.४३ |
| ९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ७४२०६ | ३९२६ | १५१ | ० | ४०७७ | ०.८८ | ५.४९ |
| १० | परराष्ट्र | १७६५२५ | ७५२ | २८४७ | २६८ | ३८६७ | ०.८३ | २.१९ |
| ११ | अन्य | २९८१४५३ | ४९८० | ५८१२ | १२१० | १२००२ | २.५८ | ०.४० |
| | जम्मा | २४६१११६ | १५५१४५ | २८९२४५ | २०९७२ | ४६५३६२ | १०० | १.८९ |

उल्लिखित १० मन्त्रालयमा सङ्घीय सरकारी कार्यालयतर्फको कुल बेरुजुको ९७.४२ प्रतिशत रहेको छ। यसैगरी प्रदेश सरकारतर्फ लेखापरीक्षण अङ्कको तुलनामा २.०३ प्रतिशत बेरुजु कायम भएकोमा सबैभन्दा बढी मधेश प्रदेशको ३.६७ प्रतिशत र सबैभन्दा घटी सुदूरपश्चिम प्रदेशको ०.७९ प्रतिशत रहेको छ। स्थानीय तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा २.७२ प्रतिशत बेरुजु कायम भएको छ। यो वर्षको लेखापरीक्षणबाट ५ प्रतिशतभन्दा कम बेरुजु हुने ६४४, ५ देखि १५ प्रतिशतसम्म बेरुजु हुने १०३, र १५ प्रतिशतभन्दा बढी बेरुजु हुने स्थानीय तह १ रहेका छन्।

५.४. यो वर्ष ३ हजार २७७ सङ्घीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकोमा १ हजार २७९ कार्यालय (३९.०३ प्रतिशत) र प्रदेश सरकारी कार्यालयतर्फ १ हजार २७० को लेखापरीक्षण गरिएकोमा ३७९ कार्यालय (२९.८४ प्रतिशत) मा लगती बेरुजु देखिएन।

५.५. यो वर्ष सङ्घीय सरकारी कार्यालय, प्रदेश र स्थानीय तहको (बक्यौता समेत) लेखापरीक्षणबाट १ लाख ९२ हजार ५८३ दफा बेरुजु देखिएकोमा ७४ हजार १२८ दफा सैद्धान्तिक र १ लाख ५ हजार ५ दफा लगती बेरुजु कायम भएको छ।

५.६. सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको सङ्घीय सरकारी कार्यालयतर्फका २९ मन्त्रालय/निकाय अन्तर्गतका कार्यालयले लेखापरीक्षणको क्रममा रू.३४ करोड १२ लाख र प्रारम्भिक प्रतिवेदन पठाएपछि १९ मन्त्रालय/ निकायअन्तर्गतका कार्यालयले रू.१६ करोड ९ लाख तथा अन्य निकायले रू.१९ अर्ब

८३ करोड ५४ लाख, प्रदेश सरकार मातहतका निकायले रू.१८ करोड ९४ लाख र स्थानीय तहले रू.१ अर्ब २८ करोड ९१ लाख असुल गरेका छन्। त्यसै गरी गत विगतको बेरुजु सम्परीक्षणको क्रममा रू. ३५ करोड ५३ लाख असुल भएकोले समग्रमा लेखापरीक्षणबाट रू.२२ अर्ब १७ करोड १३ लाख असुल भएको छ।

यो वर्षको सङ्घीय सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट असुल गर्न बाँकी देखिएको रू.१५ अर्ब ५१ करोड ४५ लाखमध्ये १० मन्त्रालय/निकायको रू.१५ अर्ब १८ करोड ५८ लाख (९७.८८ प्रतिशत) र बाँकी मन्त्रालय/निकायको रू.३२ करोड ८७ लाख (२.१२ प्रतिशत) देखिएको छ।

५.७. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(४) ले म्याद ननाघेको पेस्की रकमलाई बेरुजु मानिने छैन भनि उल्लेख गरेको छ। सरकारी निकायहरुले गत विगत वर्षदेखिको म्याद नाघेको र म्याद ननाघेको पेस्की रकम खुलाई अध्यावधिक अभिलेख नराखेको कारण पेस्कीको अवस्था विश्लेषण गर्न सकिएन।

***यो वर्षको लेखापरीक्षणबाट राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, प्रदेश प्रमुखको कार्यालय कर्णाली र सुदूरपश्चिम, कानुन, न्याय तथा संसदीय मामिला र युवा तथा खेलकुद मन्त्रालय, संवैधानिक निकायहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय, लोक सेवा आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोगमा लगती बेरुजु देखिन आएन।***

# परिच्छेद - ३

# लेखापरीक्षणबाट देखिएको समष्टिगत स्थिति

## सङ्घीय मन्त्रालय तथा निकाय

१. **सङ्घीय सञ्चित कोष** - सङ्घीय सञ्चित कोषको आर्थिक विवरणअनुसार २०७९।८० मा समग्र राजस्व, अनुदान र ऋण (आन्तरिक र बाह्य) समेत रू.१२ खर्ब ९३ अर्ब ९७ करोड १० लाख प्राप्तिमध्ये चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ रू.१४ खर्ब २१ अर्ब ३२ करोड ७० लाख खर्च भई रू.१ खर्ब २७ अर्ब ३५ करोड ६० लाख ऋणात्मक मौज्दात रहेको देखिन्छ। यो वर्षको उक्त ऋणात्मक मौज्दातमा गत वर्षसम्मको ऋणात्मक मौज्दात रू.५३ अर्ब ९१ करोड १४ लाख समायोजन गर्दा रू.१ खर्ब ८१ अर्ब २६ करोड ७४ लाख ऋणात्मक मौज्दात रहेको छ।

२. **समग्र आर्थिक अवस्था** - मुलुकको प्रमुख आर्थिक परिसूचकहरू देहायबमोजिम रहेको देखिन्छः

(प्रतिशतमा)

| विषय | लक्ष्य (पन्ध्रौं योजना) | | प्रगति | | |
|---|---|---|---|---|---|
| | २०८०।८१ | २०७९।८० | २०७७।७८ | २०७८।७९ | २०७९।८० |
| आर्थिक वृद्धिदर (औषत) | १०.३ | ९.६ | ४.२५ | ५.८४ | १.८६ |
| उपभोक्ता मुद्रास्फीति दर | ६.० | ६.० | ३.६ | ६.३२ | ७.७४ |
| कुल राजस्व/गार्हस्थ उत्पादन | ३०.० | २९.० | २१.९ | २३.० | १८.७८ |
| कुल सरकारी खर्च/गार्हस्थ उत्पादन | ४३.३ | ४३.१ | २८.० | २६.७ | २६.४२ |
| चालु खर्च/गार्हस्थ उत्पादन | १७.९ | १९.१ | १९.८ | १९.८ | १८.७ |
| पुँजीगत खर्च/गार्हस्थ उत्पादन | १८.६ | १७.६ | ५.४ | ४.५ | ४.३४ |
| वैदेशिक अनुदान/गार्हस्थ उत्पादन | ३.० | - | ०.६३ | ०.४ | ०.४ |
| वैदेशिक ऋण प्राप्ति/गार्हस्थ उत्पादन | ५.७ | - | ३.०६ | २.५ | १.९० |
| आन्तरिक ऋण प्राप्ति/गार्हस्थ उत्पादन | ४.३ | - | ५.२४ | ४.८ | ४.७६ |
| व्यापार घाटा/गार्हस्थ उत्पादन | ३५.३ | ३६.९ | ३२.७ | ३५.५ | २७.० |
| निर्यात /गार्हस्थ उत्पादन | १५.७ | १४.१ | ३.३ | ४.१ | २.९ |
| आयात /गार्हस्थ उत्पादन | ५१.० | ५१.० | ३६.० | ३९.६ | ३०.० |
| बजेट घाटा/गार्हस्थ उत्पादन | १०.० | १०.१ | ७.०५ | ५.४ | ९.६ |

स्रोतः नेपाल राष्ट्र बैङ्क र अर्थमन्त्रालय २०७९।८०

अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार देशको आर्थिक वृद्धिदर पन्ध्रौं योजनामा औसत १०.३ प्रतिशत तथा २०७९।८० मा ९.६ प्रतिशत हुने लक्ष्य रहेकोमा १.८६ प्रतिशतमात्र रहेको छ। पन्ध्रौं योजना र यो वर्ष उपभोक्ता मुद्रास्फीति दर ६ प्रतिशतमा सीमित गर्ने लक्ष्य रहेकोमा ७.७४ प्रतिशत रहेको देखिन्छ। यद्यपि नेपाल राष्ट्र बैङ्कको विवरणअनुसार थोक मुद्रास्फीति दर ८.४७ प्रतिशत रहेको देखिन्छ। पन्ध्रौं योजना तथा यो वर्ष पुँजीगत खर्च कुल गार्हस्थ उत्पादनको क्रमशः १८.६ प्रतिशत र १७.६ प्रतिशत गर्ने लक्ष्य रहेकोमा यो वर्ष ४.३४ प्रतिशत मात्र पुगेको देखिन्छ। वैदेशिक अनुदानको उपयोग कुल गार्हस्थ उत्पादनको ३ प्रतिशत रहने पन्ध्रौं योजनाको लक्ष्य रहेको तथा यो वर्ष लक्ष्य नै उल्लेख नगरेकोमा चौथो वर्ष सम्ममा ०.४ प्रतिशत मात्र रहेको देखिन्छ। निर्याततलाई पन्ध्रौं योजनासम्म गार्हस्थ उत्पादनको तुलनामा १५.७ तथा यो वर्ष कुल गार्हस्थ उत्पादनको १४.१ प्रतिशत पुर्‍याउने लक्ष्य लिइएकोमा २.९० प्रतिशत रहेको देखिन्छ। सरकारी, निजी र सहकारी क्षेत्रको समन्वयात्मक प्रयासमार्फत आर्थिक परिसूचकहरूको लक्ष्य हासिल गर्नुपर्दछ।

३. **राजस्व अनुमान र असुली -** अर्थ मन्त्रालयबाट प्राप्त विवरण अनुसार विगत ३ वर्षको राजस्व लक्ष्य र असुलीको अवस्था देहायअनुसार छः

(रू. लाखमा)

| विवरण | २०७७।७८ | | | २०७८।७९ | | | २०७९।८० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | असुली | असुली प्रतिशत | लक्ष्य | असुली | असुली प्रतिशत | लक्ष्य | असुली | असुली प्रतिशत |
| आयकर | २३८०३८७ | २३००७७३ | ९६.६६ | २८९४९९६ | २६००८५४ | ८९.८० | ३४९०५७२ | २५३८१२४ | ७२.७१ |
| मूल्य अभिवृद्धि कर | ३०२१६८७ | २८२०१९१ | ९३.३३ | ३१६३६१० | ३१४२७९१ | ९९.३० | ३९८४६७९ | २८६६३१७ | ७१.९३ |
| अन्तः शुल्क | १५५५०४१ | १३३७८०५ | ८६.०३ | १८२१६७८ | १६६७७७७ | ९१.६० | २१७२८२७ | १४३०६८० | ६५.८४ |
| भन्सार महसुल | १९३५५४७ | २०१३८९६ | १०४.०५ | २७८९२४० | २४१७८११ | ८६.७० | ३३०५६८० | १८२११६३ | ५५.०९ |
| अन्य कर | १२१४९२२ | १३१४८७६ | १०७.३४ | ११३६४७९ | १३३४९४४ | ११७.४६ | १०७७७१२ | १४५०२२८ | १३४.५७ |
| **जम्मा** | **१०११७५८४** | **९७८७५४१** | **९६.७४** | **११८०६००३** | **१११६४१७७** | **९४.६०** | **१४०३१४७०** | **१०१०६५१२** | **७२.०३** |

**स्रोतः अर्थ मन्त्रालय, २०७९।८०**

उपर्युक्त विवरणअनुसार २०७९।८० मा रू.१० खर्ब १० अर्ब ६५ करोड १२ लाख (गत वर्षको तुलनामा ९.४७ प्रतिशतले घटी) राजस्व असुल भएको देखिन्छ। यो वर्षको लक्ष्य रू.१४ खर्ब ३ अर्ब १४ करोड ७० लाखको तुलनामा ७२.०३ प्रतिशत राजस्व सङ्कलन भएको छ। लक्ष्यअनुसार राजस्व सङ्कलन गर्नेगरी कार्यसम्पादन गर्नुपर्दछ।

४. **राजस्व संरचना** - महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको राजस्वको वार्षिक विवरण २०७९।८० मा बाँडफाँट हुने राजस्व बाहेक कर राजस्व रू.४ खर्ब ७४ अर्ब ९३ करोड ३९ लाख, अन्य राजस्व रू.८५ अर्ब ६३ करोड ९५ लाख, बेरुजु, अनुदान फिर्तालगायत विविध प्राप्ति रू.५३ अर्ब ३० करोड २५ लाख, बाँडफाँट हुने मूल्य अभिवृद्धि कर रू.२ खर्ब ८६ अर्ब ५९ करोड ८३ लाख, बाँडफाँट हुने अन्तःशुल्क रू.१ खर्ब ४ अर्ब ९ करोड ६२ लाख, बाँडफाँट हुने रोयल्टी रू.६ अर्ब ८ करोड ८ लाख र वैदेशिक अनुदान रू.२३ अर्ब ८९ लाख रहेको छ।

अर्थ मन्त्रालयबाट प्राप्त विवरणमा बाँडफाँट हुने मूल्य अभिवृद्धि कर रू.२ खर्ब ८४ अर्ब १० करोड ४७ लाख र अन्तःशुल्क रू.१ खर्ब ७ अर्ब ४२ करोड ५२ लाख उल्लेख भएकोले मूल्य अभिवृद्धि कर तर्फ रू.२ अर्ब ४९ करोड ३६ लाख र अन्तःशुल्क तर्फ रू.३ अर्ब ३२ करोड ९० लाख फरक परेको छ । मन्त्रालय र मातहत कार्यालयबाट प्राप्त तथ्याङ्क फरक परेको विषयमा गत विगतदेखि औंल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत छ। यस सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

५. **राजस्व छुट -** आर्थिक ऐन, २०७९ को दफा १८ मा नेपाल सरकारले प्रचलित कानुनबमोजिम लगाएको दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन बढाउन वा आंशिक वा पूर्ण रूपमा राजस्व छुट दिन सक्ने व्यवस्था छ। त्यस्तै आर्थिक ऐन,२०७९ को अनुसूची १ को दफा १४ तथा दफा १५ मा भन्सार महसुल पूर्ण वा आंशिक छुट हुने र सोही ऐनले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ बमोजिमका वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था गरेको छ। नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट आर्थिक ऐन, २०७९ को विभिन्न दफामा संशोधन गरी छुट तथा सहुलियत दरमा समेत वृद्धि गरिएको छ। भन्सार विभागको आसिकुडाको तथ्याङ्कअनुसार भन्सार राजस्वतर्फ रू.९९ अर्ब ४२ करोड ३३ लाख छुट दिएको देखिन्छ। आर्थिक ऐनबाट, आन्तरिक राजस्वतर्फ समेत छुट भएकोमा सोको अभिलेख मन्त्रालय र आन्तरिक राजस्व विभागले राखेका छैनन्। आर्थिक ऐन २०७९

अनुसार विगत ५ वर्षको राजस्व छुटको तथ्याङ्क विश्लेषण गर्दा भन्सार र आन्तरिक राजस्वतर्फ रू.३ खर्ब ४१ अर्ब ७४ करोड ४३ लाख छुट दिएको देखिन्छ। राजस्व छुटको दर घटबढ गर्दा लिएको आधार र विश्लेषणको अभिलेख नराखेको, राजस्व छुटको विवरण बजेट वक्तव्य साथ संसदमा पेस नगरेको, राजस्व छुट दिएको कारणले वस्तु तथा सेवाको उत्पादन, रोजगारी एवं लगानीमा अभिवृद्धि र आम नागरिकमा पुगेको सहुलियतलगायतका पक्षको विश्लेषण हुन नसकेको अवस्था देखियो। राजस्व छुटको दायरा बढ्दै गएकोले सो को प्रभाव विश्लेषण गर्नुका साथै राजस्व छुटको एकीकृत तथ्याङ्क संसदमा पेस गरी पारदर्शिता प्रवर्धन गर्नुपर्दछ।

६. **राजस्व तथा साँवा ब्याज बक्यौता -** अर्थ मन्त्रालय र मातहतका निकायले रू.४ खर्ब १५ अर्ब ३ करोड २ लाख राजस्व तथा भाखा नाघेको ऋणको साँवा ब्याज असुल गर्न बाँकी रहेको छ। सो मध्ये राजस्व बक्यौता रू.२ खर्ब ५८ अर्ब ८५ करोड ४८ लाख र सार्वजनिक संस्थान, समिति, बोर्ड, कोष र स्थानीय तहका गरेको ऋण लगानीको साँवा ब्याज रू.१ खर्ब ५६ अर्ब १७ करोड ५४ लाख रहेको छ। असुल गर्न बाँकी राजस्व बक्यौतामध्ये रू.१ खर्ब ४५ अर्ब ७७ करोड ८९ लाख (५६.३२ प्रतिशत) को सम्बन्धमा करदाताहरू न्यायिक पुनरावेदनमा गएको देखिँदा बक्यौताको ठूलो हिस्सा न्यायिक निकायमा विचाराधीन रहेको देखिन्छ। सरकारले बक्यौता लगायतका सङ्कलन गर्नुपर्ने राजस्व कानुनी प्रक्रियाबमोजिम असुल गर्नुपर्दछ।

७. **रोयल्टी बाँडफाँट -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा रोयल्टी बापत प्राप्त हुने रकम बिभाज्य कोषमा जम्मा गरी ५० प्रतिशत सङ्घीय सञ्चित कोषमा, २५ प्रतिशत प्रदेश सञ्चित कोष र २५ प्रतिशत स्थानीय सञ्चित कोषमा जम्मा हुने व्यवस्था छ। यो वर्ष सङ्घीय विभाज्य कोषमा रू.६ अर्ब ८ करोड ८ लाख बाँडफाँट गर्न बाँकी रहेको छ। समयमै निर्णय उक्त रोयल्टी गरी बाँडफाँट गर्नुपर्दछ।

८. **रोयल्टी बक्यौता** - विद्युत ऐन, २०४९ को दफा ११ मा जलविद्युत आयोजनाले नेपाल सरकारलाई रोयल्टी बुझाउनुपर्ने व्यवस्था छ। विद्युत विकास विभागको अभिलेखअनुसार विभिन्न जलविद्युत आयोजनाबाट २०७९।८० सम्म रू.२८ करोड ६९ लाख ९५ हजार असुल गर्न बाँकी रहेको देखिन्छ। आयोजनाले तिर्नुपर्ने रोयल्टी समयमा प्राप्त नभएकोमा ब्याज तथा जरिबाना लिने गरेको देखिँदैन। रोयल्टी बक्यौताको ब्याज तथा हर्जाना सम्बन्धमा कानुनी व्यवस्था गरी रोयल्टी रकम असुल गर्नुपर्दछ।

९. **क्यासिनो रोयल्टी/नवीकरण** - क्यासिनो व्यवसायलाई व्यवस्थित रूपमा सञ्चालन गर्नको लागि क्यासिनो नियमावली, २०७० को नियम ३६ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले निर्देशिका बनाई लागु गर्नुपर्ने व्यवस्था रहेकोमा हालसम्म निर्देशिका तयार भएको छैन। क्यासिनो नियमावली, २०७० (चौथो संशोधन २०७६) को नियम १०,१२ र १३ अनुसार प्राप्त हुनुपर्ने नवीकरण दस्तुर/रोयल्टी तथा थप शुल्क ६ क्यासिनोले यस वर्ष रू.३१ करोड ६५ लाख ४९ हजार बुझाउन बाँकी रहेको छ। बक्यौता रकम र सोमा लाग्ने थप शुल्कसहित असुल गर्नुपर्दछ।

१०. **शुल्क निर्धारण** - विद्युत नियमन आयोग ऐन, २०७४ अनुसार आयोगले जलविद्युत वितरण अनुमति प्राप्त व्यक्ति वा संस्थाको बिक्रीबाट प्राप्त आयको २०७८।७९ र २०७९।०८० को लागि ०.३ प्रतिशत विद्युत नियमन आयोगको कोषमा दाखिला गर्ने व्यवस्था छ। विद्युत बिक्रीको अनुमति पाएको नेपाल विद्युत प्राधिकरणले २०७८।७९ मा रू.२६ करोड १४ लाख ६४ हजार र २०७९।८० मा रू.३०

करोड १० लाख ३७ हजारसमेत रू.५६ करोड २५ लाख १ हजार शुल्क विद्युत नियमन आयोगको कोषमा दाखिला गरेको नदेखिएकाले उक्त शुल्क रकम असुल गरी कोषमा दाखिला गर्नुपर्दछ।

११. **दूरसञ्चार राजस्व -** यो वर्ष १४ दूरसञ्चार सेवा प्रदायक संस्थाले पेस गरेको आय वर्ष २०७८।७९ को आय विवरणअनुसारको आयमा रोयल्टी (जरिबानासमेत) रू.७ करोड ७० लाख १८ हजार र ग्राहकसँग असुल गरेको मर्मत तथा सपोर्ट अन्य चार्ज आम्दानीको रोयल्टी रू.३२ करोड १६ लाख ५४ हजार, ३ सेवा प्रदायकले मन्त्रिपरिषद्को किस्ता सुविधाको निर्णयअनुसार बुझाउनुपर्ने चौथो किस्ताको फ्रिक्वेन्सी दस्तुर रू.९९ करोड ३१ लाख १९ हजार, ६ सेवा प्रदायकले बुझाउनुपर्ने फ्रिक्वेन्सी तथा भिस्याट दस्तुर रू.१ अर्ब २९ करोड ६७ लाख ४९ हजार, दुई प्रसारण संस्थाले २०७८।७९ को वित्तीय प्रतिवेदनअनुसारको प्रसारण आम्दानीमा प्रसारण शुल्क जरिबानासमेत रू.१ करोड ९ लाख ९४ हजार, १३ दूरसञ्चार सेवा प्रदायकको २०७८।७९ को वार्षिक आयमा ग्रामीण दूरसञ्चार दस्तुर जरिबानासमेत रू.३ करोड ८५ लाख ८ हजार गरी रू.२ अर्ब ७३ करोड ८० लाख ४२ हजार असुल भएको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

१२. **छुट दस्तुर -** नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ को विनियम ५ मा वार्षिक आयको २ प्रतिशतका दरले हुने रकम ग्रामीण दूरसञ्चार कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा वार्षिक कुल आम्दानी भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकसँग लिएको धरौटी, सेवा शुल्क, मूल्य अभिवृद्धि कर लगायत अन्य अप्रत्यक्ष कर तथा दूरसञ्चारसम्बन्धी उपकरण बिक्री गर्दा प्राप्त हुने रकमबाहेक दूरसञ्चार सेवा प्रदान गरेबापत अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको आम्दानीलाई जनाउने उल्लेख छ। यो वर्ष १२ सेवा प्रदायक संस्थाले मर्मत र सपोर्ट चार्ज बाहेकको आय रकममा मात्र दस्तुर बुझाएको देखियो। उल्लिखित आयमा गणना गर्न छुट भएको रू.६ अर्ब ६८ करोड ९१ लाख १३ हजारको २ प्रतिशतले हुने दस्तुर रू.१३ करोड ३७ लाख ८२ हजार र जरिबाना रू.२ करोड २५ लाख ६९ हजारसमेत रू.१५ करोड ६३ लाख ५१ हजार असुल गरी ग्रामीण दूरसञ्चार कोषमा दाखिला गर्नुपर्दछ।

१३. **युनिफाइड लाइसेन्स दस्तुर -** दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्यसम्बन्धी) नीति, २०७३ मा आधारभूत टेलिफोन सेवाको नवीकरण दस्तुरसम्बन्धी व्यवस्था गरेको छ। नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त गरेपछि दश वर्षको लागि सेवा प्रदायकले अनुमतिपत्र प्राप्त गरेको वर्षदेखि नै तोकिएको रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ। उक्त प्रावधानअन्तर्गत अनुमतिपत्र लिएका २ सेवा प्रदायकले २०७९।८० सम्म दाखिला गर्नुपर्ने अनुमति दस्तुरको किस्ता रू.८ अर्ब ४० करोड दाखिला गरेका छैनन्। उक्त रकम असुल गर्नुपर्दछ।

१४. **सार्वजनिक ऋण -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त विवरणअनुसार २०७९।८० को अन्त्यसम्म नेपाल सरकारको कुल तिर्न बाँकी ऋण रू.२२ खर्ब ९९ अर्ब ३५ करोड २४ लाख रहेको छ। सोमध्ये बाह्य ऋण रू.११ खर्ब ७० अर्ब २४ करोड ८७ लाख र आन्तरिक ऋण रू.११ खर्ब २९ अर्ब १० करोड ३७ लाख रहेको देखिन्छ। यो वर्ष आन्तरिक ऋणको ब्याज रू.६४ अर्ब ५१ करोड ७३ लाख र वैदेशिक ऋणको ब्याज रू.८ अर्ब २६ करोड २९ लाखसमेत रू.७२ अर्ब ७८ करोड २ लाख भुक्तानी भएको छ। कुल ऋणमध्ये बाह्य ऋण ५०.८९ प्रतिशत र आन्तरिक ऋण ४९.११ प्रतिशत रहेको छ। उक्त ऋण कुल गार्हस्थ उत्पादनसँगको अनुपात ४२.७३ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७७।७८ मा यस्तो अनुपात ४०.७३ र २०७८।७९ मा ४१.५० प्रतिशत

रहेको थियो। आन्तरिक र बाह्य ऋणको भारका सन्दर्भमा उपयुक्त नीति तर्जुमा गरी ऋण परिचालन गर्नुपर्दछ।

१५. **प्राविधिक तथा अन्य सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(१) मा वैदेशिक सहायतासम्बन्धी विवरण केन्द्रीय वित्तीय विवरणमा समावेश गर्नुपर्ने व्यवस्था रहेको छ। बजेट वक्तव्यसाथ संसदमा पेस भएको प्राविधिक तथा अन्य सहायता सम्बन्धी विवरणमा १४ सङ्घीय मन्त्रालय/निकायअन्तर्गतका १४५ आयोजना/कार्यक्रमको लागि यस वर्ष रू.२२ अर्ब ४४ करोड ५ लाख तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत १७० कार्यक्रम/आयोजनाको लागि रू.१९ अर्ब १५ करोड ९ लाखसमेत रू.४१ अर्ब ५९ करोड १४ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ। उक्त रकम वित्तीय विवरणमा समावेश गरेको नदेखिएकोले सबै प्रकारका वैदेशिक सहायता वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

१६. **वैदेशिक सहायता -** विकास सहायताको तथ्याङ्कअनुसार २०७९।८० मा नेपाल सरकारको कुल खर्च रू.१४ खर्ब २१ अर्ब ३२ करोड ७० लाखमध्ये रू.१ खर्ब ३९ अर्ब ५६ करोड ९२ लाख ( ९.८२ प्रतिशत) वैदेशिक सहायताले ओगटेको छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त सङ्घीय सञ्चित कोषको वार्षिक आर्थिक विवरणअनुसार २०७९।८० मा वैदेशिक अनुदान रू.५५ अर्ब ४५ करोड ८३ लाख र वैदेशिक ऋण रू.२ खर्ब ४२ अर्ब २६ करोड ११ लाखसमेत रू.२ खर्ब ९७ अर्ब ७१ करोड ९४ लाख प्राप्त हुने अनुमान रहेकोमा प्राविधिक सहायताबाहेक अनुदान रू.२३ अर्ब ८९ लाख र वैदेशिक ऋणतर्फ रू.१ खर्ब २३ अर्ब ४ करोड ७६ लाखसमेत रू.१ खर्ब ४६ अर्ब ५ करोड ६५ लाख प्राप्त भएको छ। बजेट वक्तव्यमा अनुमान गरिएको रकमको तुलनामा यो वर्ष वैदेशिक अनुदान ४१.४९ प्रतिशत र वैदेशिक ऋण ५०.७९ प्रतिशत प्राप्त भई समग्रमा ४९.०६ प्रतिशत वैदेशिक सहायता प्राप्त भएको देखिन्छ। यो वर्ष सञ्चित कोष दाखिला भएकोमध्ये अनुदान रू.२३ अर्ब ८९ लाख र ऋणमध्ये रू.१ खर्ब १६ अर्ब १८ करोड ७१ लाख खर्च भएको छ।

१७. **लगानीमा प्रतिफल -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकारले यस वर्षसम्म विभिन्न ११८ संस्थान र अन्तर्राष्ट्रिय संस्थामा रू.३ खर्ब ८६ अर्ब ७ करोड २८ लाख शेयर लगानी गरी यो वर्ष ११ संस्थाबाट रू.२७ अर्ब ३८ करोड ७ लाख नगद लाभांश प्राप्त गरेको देखिन्छ। उक्त नगद लाभांश प्राप्तिमा नेपाल राष्ट्रबैङ्कलाई समावेश नगर्दा रू.१६ अर्ब २५ करोड ४५ लाख हुने देखिन्छ। जुन गत वर्षको भन्दा ३.८४ गुणा बढी हो। नेपाल दूरसञ्चार प्राधिकरणले सम्पूर्ण लगानी फिर्ता गरेकोले सो रकम यस वर्ष बढ्न गएको छ। ती बाहेक १०३ संस्थामा गरेको रू.२ खर्ब ४९ अर्ब ५३ करोड ७७ लाख शेयर लगानीबाट यो वर्ष कुनै पनि प्रतिफल प्राप्त गरेको नदेखिँदा त्यस्ता संस्था सञ्चालन/व्यवस्थापनमा दक्षता ल्याउनुपर्ने देखिन्छ।

१८. **ऋण लगानी -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त ऋण लगानीको विवरणअनुसार ७३ संस्थामा नेपाल सरकारको स्रोतबाट गत वर्षसम्म रू.१ खर्ब ५० अर्ब ६० करोड ८८ लाख र वैदेशिक स्रोतबाट ४२ संस्थामा रू.२ खर्ब २३ अर्ब ३१ करोड ३२ लाखसमेत रू.३ खर्ब ७३ अर्ब ९२ करोड २० लाख ऋण लगानी भएको देखिन्छ। यो वर्ष रू.३२ अर्ब १९ करोड २८ लाख थप लगानी र रू.११ अर्ब २० करोड ६ लाख साँवा फिर्ता र अन्य समायोजन थप बापत रू.२ अर्ब ८९ करोड ६ लाख समायोजन गर्दा वर्षान्तको ऋण लगानी हिसाब रू.३ खर्ब ९७ अर्ब ८० करोड ४८ लाख रहेको देखिन्छ। यो वर्ष सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले आन्तरिक स्रोततर्फ १ संस्थाको रू.३ अर्ब २ करोड २ लाख लगानी थप र वैदेशिक स्रोततर्फ ३ संस्थाको खुद रू.१२ करोड ९६ लाख ऋण

घटाई समग्रमा रू.२ अर्ब ८९ करोड ६ लाख ऋण लगानीमा थप गरेकोमा सोको विस्तृत विवरण सहितको अभिलेख राखेको छैन। मन्त्रालयले नेपाल सरकारको ऋण लगानीको यथार्थ हिसाब भिडान गरी अद्यावधिक तथ्याङ्क राख्नुपर्दछ।

१९. **बक्यौता ब्याज -** शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन अनुसार २०७८।७९ सम्म रू.१ खर्ब ८ अर्ब ८० करोड ३५ लाख ब्याज प्राप्त हुनुपर्नेमा यो वर्ष रू.८ अर्ब ७० करोड ३३ लाख प्राप्त भई हालसम्म रू.१ खर्ब १० करोड २ लाख प्राप्त हुँन बाँकी रहेको छ। सोमध्ये भाखा नाघेको ब्याज रू.९३ अर्ब ४७ करोड ४५ लाख रहेको छ। अतः लगानीको शर्तबमोजिम प्राप्त गर्नुपर्ने ब्याजको एकीकृत अभिलेख तयार गरी असुल गर्नुपर्दछ।

२०. **शोधभर्ना हिसाब -** महालेखा नियन्त्रक कार्यालयले मन्त्रालयगत वैदेशिक अनुदान र ऋणको शोधभर्ना हुन बाँकी हिसाबमध्ये ऋण रू.५ अर्ब ५९ करोड ३४ लाख र अनुदानतर्फ रू.१६ अर्ब ९ करोड ४५ लाख गरी रू.२१ अर्ब ६८ करोड ७८ लाख बाँकी देखाएको छ। तर सोही कार्यालयको बजेट तथा शोधभर्ना शाखाले तयार गरेको वैदेशिक सहायता शोधभर्ना हुने ऋण र अनुदानको वार्षिक विवरणमा शोधभर्ना हुन बाँकी अनुदान रू.७ अर्ब ४८ करोड ७८ लाख र ऋण रू.११ अर्ब ३१ करोड ९ लाख गरि रू.१८ अर्ब ७९ करोड ८७ लाख देखाएकोले रू.२ अर्ब ८८ करोड ९२ लाख फरक परेको छ। सोको कारण यकिन हुनुपर्दछ।

महालेखा नियन्त्रक कार्यालयले पेस गरेको आर्थिक विवरणमा शोधभर्ना हुनुपर्ने ऋणतर्फ रकम रू.११ अर्ब ३१ करोड ९ लाख रहेको छ। तर शोधभर्ना प्राप्त हुनेतर्फको ऋणात्मक मौज्दात घटाउँदा रू.३८ अर्ब ३४ करोड ४१ लाख रहेकोले फरक रू.२७ अर्ब ३ करोड ३२ लाखको हिसाब मिलान गर्नुपर्दछ।

२१. **वित्तीय हस्तान्तरण -** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३(१)(घ) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा आयोगले नेपाल सरकारलाई सुझाव दिने व्यवस्था छ। आर्थिक वर्ष २०७९।८० मा सङ्घीय बजेटमा व्यवस्था भएको अनुदान र वास्तविक हस्तान्तरणको अवस्था देहायबमोजिम छः

(रू. अर्बमा)

| अनुदान शीर्षक | २०७९।८० (बजेट) | | | २०७९।८० (वास्तविक) | | |
|---|---|---|---|---|---|---|
| | प्रदेश | स्थानीय | जम्मा | प्रदेश | स्थानीय | जम्मा |
| वित्तीय समानीकरण | ६१.४ | १२३.१ | १८४.५ | ५३.७५ | ९२.७० | १४६.५ |
| सशर्त | ५७.२ | १८३.७ | २४०.९ | ३७.७६ | १९२.८८ | २३०.६ |
| समपूरक | ६.३ | ७.३ | १३.६ | ४.८४ | ५.२९ | १०.१ |
| विशेष | ४.६ | ९.१ | १३.७ | ३.३१ | ६.८३ | १०.१ |
| जम्मा अनुदान | **१२९.५** | **३२३.२** | **४५२.७** | **९९.६६** | **२९७.७** | **३९७.३** |
| कुल बजेटमा हिस्सा प्रतिशत | ७.२ | १८.३ | २५.४ | ७.०१ | २०.९५ | २७.९६ |
| राजस्व बाडफाँट | ८१.५ | ८१.५ | १२९.८ | ६४.०३ | ६४.०३ | १२८.०६ |
| जम्मा हस्तान्तरण | २११ | ४०४.७ | ५८२.५ | १६३.६९ | ३६१.७३ | ५२५.४६ |
| कुल बजेटमा हस्तान्तरण प्रतिशत | ११.८ | २२.७ | ३२.६७ | ११.५२ | २५.४६ | ३६.९८ |
| कुल गार्हस्थ उत्पादनमा प्रतिशत | | | | ३.०४ | ६.७२ | ९.७६ |

स्रोतः बजेट २०७९।८०, एकीकृत वित्तीय विवरण २०७९।८०

उल्लिखित तालिकाअनुसार २०७९।८० मा प्रदेश र स्थानीय तहलाई सङ्घीय बजेटको औसत २५.४ प्रतिशत अनुदान र राजस्व बाँडफाँट तथा अनुदान समेत गर्दा सङ्घीय बजेटको ३२.६७ प्रतिशत वित्त हस्तान्तरण गर्ने अनुमान रहेकोमा एकीकृत वित्तीय विवरणबमोजिम क्रमश २७.९६ र ३६.९८ प्रतिशत हस्तान्तरण भएको देखिन्छ, यो कुल गार्हस्थ उत्पादनमा ९.७६ प्रतिशत देखिन्छ। नेपाल सरकारले उपलब्ध गराएको अनुदान रकम खर्च नभएमा सङ्घीय सञ्चित कोषमा फिर्ता पठाउनुपर्नेमा महालेखा नियन्त्रक कार्यालयको विवरणअनुसार सशर्त, समपूरक र विशेषतर्फ प्रदेश तथा स्थानीय तहमा २०७९।८० सम्म रू.९ करोड ३३ सङ्घीय सञ्चित कोषमा फिर्ता नभई सम्बन्धित सरकारको कोषमा मौज्दात रहेको अवस्था छ भने १०२ पालिकाले रू.२७ करोड २५ लाख बढी फिर्ता गरेका छन्।

२२. **बजेटको आकार र खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा खर्चको सीमा निर्धारण गर्नुपर्ने, दफा ९ मा बजेट प्रस्ताव गर्दा अपनाउनुपर्ने प्रक्रियाहरू र नियमावली २०७७ को नियम १६ मा मध्यमकालीन खर्च संरचना, आवधिक योजना, नेपाल सरकारले गर्नुपर्ने काम र हासिल गर्नुपर्ने लक्ष्य एवं आर्थिक स्रोत समेतलाई दृष्टिगत गरी स्रोत अनुमान समितिबाट प्राप्त सीमाभित्र रही बजेट बनाउनुपर्ने व्यवस्था छ। प्रत्येक वर्षका बजेट वक्तव्यमा महत्त्वपूर्ण नीति तथा कार्यक्रम समावेश गरे पनि कार्यान्वयनमा जाँदा सो अनुसार हुन नसकेको उल्लेख गरी संसदीय स्वीकृति प्राप्त बजेटको आकार मध्यावधि समीक्षाबाट घटाउने गरेको देखिएको छ।

(रू.करोडमा)

| शीर्षक | २०७७।७८ को मध्यमकालीन खर्च संरचनाको प्रस्तावित रकम | २०७८।७९ को मध्यमकालीन खर्च संरचनाको प्रस्तावित रकम | २०७९।८० को बजेट | बजेटको मध्यावधि समीक्षा (२०७९ माघ) | २०८०।८१ को बजेटमा २०७९।८० को समीक्षा पश्चात् कायम | खर्च |
|---|---|---|---|---|---|---|
| कुल बजेट | १९५४९९ | १७९३१० | १७९३८३ | १५५००० | १५०५०० | १४२१३३ |
| चालु खर्च तर्फ | १०६२०२ | ११४११९ | ११८३२३ | १०२१९३ | १०४३३९ | ९९१५१ |
| पुँजीगत तर्फ | ६७२२८ | ४१९६८ | ३८०३८ | ३१३८५ | २५८३५ | २३४६२ |
| वित्तीयतर्फ | २२०६९ | २३२२३ | २३०२२ | २१४२२ | २०३२६ | १९५२० |
| | | | | | | |
| स्रोततर्फ | | | | | | |
| राजस्व बाँडफाँड हुने बाहेक) | १२५६९६ | ११८३४० | १२४०११ | १०८५०० | १०४००० | ८९९१७ |
| अनुदान | ६८२५ | ५५२० | ५५४६ | ३८४६ | ३८४६ | २३०१ |
| वैदेशिक ऋण | ३३५०० | २९००० | २४२२६ | १७०५४ | १७०५४ | १२३०५ |
| आन्तरिक ऋण | २९४७८ | २६४५० | २५६०० | २५६०० | २५६०० | २४८७४ |
| नोटः यस आर्थिक वर्षको राजस्व प्राप्तिमा साँवा ब्याज फिर्ता समेत समावेश गरिएको छ। | | | | | | |

यस वर्ष कुल खर्च रू.१४ खर्ब २१ अर्ब ३३ करोड भएकोमा राजस्व र अनुदान समेत जम्मा रू.९ खर्ब २२ अर्ब १८ करोड प्राप्त भई बाँकी रू.४ खर्ब ९९ अर्ब १५ करोडमध्ये आन्तरिक र वैदेशिक ऋण समेत रू.३ खर्ब ७१ अर्ब ७९ करोड प्राप्त हुँदा रू.१ खर्ब २७ अर्ब ३६ करोड बजेट न्यून देखिएकोमा सोको स्रोत आन्तरिक राजस्वमा देखाएको छ। यसरी स्रोतको वास्तविक प्राप्ति नभई खर्च गर्दा तथा प्रत्येक वर्ष सञ्चित कोषको ऋणात्मक अवस्था वृद्धि हुने भएकोले यथार्थपरक र वास्तविक स्रोतमा आधारित भएर बजेट तर्जुमा गर्नुपर्दछ।

सरकारले सार्वजनिक खर्च व्यवस्थापनमा कुशलता अभिवृद्धि गरी चालु खर्चमा नियन्त्रण र पुँजीगत खर्च वृद्धि गर्ने नीति लिए तापनि पुँजीगत खर्च २०७८।७९ मा १६.५० प्रतिशत र २०७९।८० मा १६.५१ प्रतिशतमात्र रहेको छ। अनिवार्य दायित्वमा खर्च बढ्दै जानु, स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिने रकमको लेखाङ्कन चालु खर्च शीर्षकबाट गरिनु र ऋणको ब्याज भुक्तानी बढ्दै जानु लगायतका कारणहरूबाट पुँजीगत खर्चमा असर परेको देखिन्छ। विकास निर्माण एवं सेवा प्रवाहमा ध्यान दिई पुँजीगत खर्च वृद्धि गर्नुपर्दछ।

२३. **बजेट विनियोजन र खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(३) मा बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमतासमेतको आधारमा गर्नुपर्ने उल्लेख छ। आर्थिक वर्ष २०७९।८० मा शुरू बजेट रू.१७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख विनियोजन भएकोमा रू.१४ खर्ब २१ अर्ब ३२ करोड ७० लाख (बजेटको ७९.२३ प्रतिशत) खर्च भएको छ। नेपाल सरकारको कुल बजेटमध्ये २०७७।७८ मा ८१.१५ प्रतिशत र २०७८।७९ मा ७९.५१ प्रतिशत खर्च भएको थियो। बजेट विनियोजन अनुरूप खर्च हुने क्रम घट्दो दरमा रहेको देखियो। विनियोजन अनुरूप खर्च नहुनुमा बजेट तर्जुमाको लागि पर्याप्त गृहकार्य नहुने, प्राविधिक अध्ययन र तयारी बेगर आयोजना छनोट गरी बजेट तथा कार्यक्रममा समावेश गर्ने तथा आर्थिक वर्षको सुरु देखिनै ठेक्का बन्दोबस्त हुन नसक्ने लागायतका कारण रहेका छन्। कार्ययोजना बनाई विनियोजित बजेट खर्च गर्नुपर्दछ।

२४. **पन्ध्रौं योजनाको चौथो वर्षको उपलब्धि** - पन्ध्रौं योजना कार्यान्वयनमा आएको आधार वर्षको तुलनामा चौथो वर्षमा केही सूचकमा सुधार आए तापनि धेरै सूचकमा अपेक्षाकृत उपलब्धि हासिल भएको छैन। अपेक्षित सूचक तथा उपलब्धिको स्थिति निम्नानुसार छः

| क्र.सं. | सूचक | आधार वर्ष (२०७५।७६) | २०७९।८० को लक्ष्य | २०७९।८० को उपलब्धि |
|---|---|---|---|---|
| १. | वार्षिक औसत आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा, प्रतिशत) | ६.८ | ९.६ | १.८६ |
| २. | कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत) | ४.८ | ५.८ | २.७ |
| ३. | उद्योग क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत) | १२.२ | १३.२ | ०.५६ |
| ४. | सेवा क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत) | ७.९ | १०.० | २.३३ |
| ५. | वार्षिक औसत मुद्रास्फीति (प्रतिशत) | ४.६ | ६.० | ७.७४ |
| ६. | प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलरमा) | १०४७ | १४५६ | १४१० |
| ७. | निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्या (प्रतिशत) | १८.७ | ११.२ | २०.२७ |
| ८. | मानव विकास सूचकाङ्क | ०.५७९ | ०.६१८ | ०.६०१ |
| ९. | अपेक्षित आयु (जन्म हुँदाको वर्ष) | ६९.७ | ७२.० | ७०.५ |
| १०. | खानेपानी सेवा पुगेको जनसङ्ख्या (प्रतिशत) | ८९ | ९८.० | ९७.० |
| ११. | १५-२४ वर्ष उमेर समूहको साक्षरता दर (प्रतिशत) | ९२ | ९८.० | ८९.० |
| १२. | विद्युत उत्पादन (जडित क्षमता, मेगावाट) | १२५० | ४१३३ | ३०८४.१ |
| १३. | विद्युतमा पहुँच प्राप्त परिवार (प्रतिशत) | ८८ | १०० | ९५.० |
| १४. | इन्टरनेट सेवामा पहुँच प्राप्त जनसङ्ख्या (प्रतिशत) | ६५.९ | ७७ | ८५ |

उल्लिखित विवरणअनुसार वार्षिक आर्थिक वृद्धिदर, कृषि, उद्योग र सेवा क्षेत्रको वार्षिक वृद्धिदर क्रमशः ९.६, ५.८, १३.२ र १० प्रतिशत हासिल गर्ने लक्ष्य रहेकोमा क्रमशः १.८६, २.७, ०.५६ र २.३३ प्रतिशत रहेको छ। विद्युत उत्पादन जडित क्षमता ४ हजार १३३ मेगावाट पुऱ्याउने लक्ष्य रहेकोमा ३ हजार ८४ मेगावाट र विद्युत पँहुच प्राप्त परिवार सङ्ख्या १०० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ९५ प्रतिशत पुगेको छ। गरिबीको रेखामुनिको जनसङ्ख्या ११.२ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा २०.२७ प्रतिशत रहेको देखिन्छ। पन्ध्रौं योजनाले निर्दिष्ट गरेका लक्ष्यहरूको कार्यक्रम विषयगत

मन्त्रालयहरूबाट सम्पादन हुनेहुँदा योजनाले राखेका लक्ष्यहरू हासिल गर्न विषयगत मन्त्रालयहरूलाई जवाफदेही बनाउँदै योजना आयोगबाट हुने अनुगमनलाई थप प्रभावकारी बनाउनुपर्दछ।

२५. **राष्ट्रिय गौरवका आयोजना -** नेपाल सरकारले २०६८।६९ मा समृद्ध नेपालको लागि सडक पूर्वाधार विकासको आधारशीला निर्माण गर्ने, सिँचाइ सुविधामार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने, जलविद्युत, विमानस्थल निर्माण, खानेपानी व्यवस्था, साँस्कृतिक सम्पदाको संरक्षण लगायतका क्षेत्रमा महत्त्वपूर्ण देखिएका १७ आयोजनालाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्न राष्ट्रिय गौरवका आयोजना घोषणा गरेकोमा यो वर्षसम्म यस्ता आयोजनाको संख्या २४ पुगेको देखिन्छ। राष्ट्रिय गौरवका आयोजनाहरूको २०७९।८० सम्मको खर्च र प्रगति स्थिति निम्नानुसार छः

(रू. करोडमा)

| क्र. सं. | आयोजनाको नाम | सुरु वर्ष | सम्पन्न हुने वर्ष | कुल लागत अनुमान | यो वर्षको खर्च | हाल सम्मको खर्च | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना | २०६४।६५ | २०८४।८५ | ८४३३ | ५९२ | ६४७६ | ७२.७० |
| २ | रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना | २०६६।६७ | उल्लेख नगरिएको | १२८००० | २६० | ३०४४ | नखुलेको |
| ३ | कर्णाली कोरिडोर (खुलालु-हिल्सा-सिमिकोट-सलिसल्ला) | २०६९।७० | २०८४।८५ | ६६६ | ३० | १३६ | २४.०० |
| ४ | कोशी कोरिडोर (खाँदबारीदेखि किमाथांका) | २०६५।६६ | २०८४।८५ | ११९३ | ६८ | ५०६ | ४२.०० |
| ५ | कालीगण्डकी कोरिडोर (गैडाकोट कोरला सडक खण्ड) | २०६६।६७ | २०८३।८४ | ३५७९ | ३३७ | १३५७ | ३८.०० |
| ६ | हुलाकी लोकमार्ग आयोजना | २०६६।६७ | २०८३।८४ | ६५२० | ६८२ | ५९६५ | ९१.०० |
| ७ | रानी जमरा कुलरिया सिँचाइ आयोजना | २०६७।६८ | २०८०।८१ | २७७० | १८६ | १८०६ | ६६.९७ |
| ८ | सिक्टा सिँचाइ आयोजना | २०६१।६२ | २०८९।९० | ५२६४ | ८५ | १९८५ | ३९.७६ |
| ९ | बबई सिँचाइ आयोजना | २०४५।४६ | २०८२।८३ | १८९६ | १४९ | १२६५ | ७०.०३ |
| १० | महाकाली सिँचाइ आयोजना | २०६३।६४ | २०८७।८८ | ३५०० | २६ | ६५९ | १८.८४ |
| ११ | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | २०६८।६९ | २०८४।८५ | ३६८० | १०७ | १६५३ | ६३.३० |
| १२ | बुढीगण्डकी जलविद्युत आयोजना | २०६९।७० | २०८३।८४ | २६००० | १३२ | ४१३५ | नखुलेको |
| १३ | सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना | २०७३।७४ | २०८४।८५ | ४९४२ | ५३८ | ८९२ | २१.४० |
| १४ | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | २०६७।६८ | सम्पन्न | ४९२९ | ० | ५२९८ | १०० |
| १५ | पश्चिम सेती जलविद्युत आयोजना | २०६७।६८ | नखुलेको | २७३८५ | ० | ० | ० |
| १६ | पशुपति क्षेत्र विकास कोष | २०७०।७१ | नखुलेको | २६४ | २१ | १७९ | ६७.०० |
| १७ | लुम्बिनी विकास कोष | २०६९।७० | २०८३।८४ | १३२६ | १२४ | ८०० | ८७.०० |
| १८ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | २०७४।७५ | २०७९।८० | २२०० | ० | २५३४ | ९८.०० |
| १९ | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल | २०७१।७२ | २०८५।८६ | १६५०० | ३ | १०२ | नखुलेको |
| २० | गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल | २०७१।७२ | सम्पन्न | ३०९१ | ० | ३५६६ | १०० |
| २१ | मेलम्ची खानेपानी आयोजना | २०५५।५६ | नखुलेको | ३५५४ | ६८ | ३१३४ | ९९.०० |
| २२ | काठमाडौं तराई मधेश द्रुतमार्ग | २०६४।६५ | २०८३।८४ | २११९३ | १४९४ | ४९२४ | २५.५४ |
| २३ | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति | २०७१।७२ | २०९३।९४ | २४९७२ | १९८ | १४०६ | ६.०७ |
| २४ | विद्युत प्रसारण आयोजना | २०६७।६८ | २०८४।८५ | ६१२६ | ४८ | ३५५ | नखुल्ने |

योजना आयोगले राष्ट्रिय गौरवका विभिन्न २४ आयोजनाको २०७९।८० को संशोधित मध्यमकालीन बजेट अनुमान र लगानीको अद्यावधिक विवरण तयार गरेको छैन। कार्यान्वयनमा ल्याइएका २४ आयोजनामध्ये सम्पन्न भएका २ आयोजना, समष्टिगत भौतिक प्रगति ८० प्रतिशत वा सोभन्दा माथि हासिल गर्ने ४ आयोजना, ५० देखि ८० प्रतिशत हासिल गर्ने ५ आयोजना रहेका छन् भने ५० प्रतिशतभन्दा न्यून प्रगति हासिल गर्ने आयोजना ९ तथा भौतिक प्रगति नखुलेका ४ आयोजना रहेका छन्। आयोजना समयमा सम्पन्न नहुँदा सुरु लागतमा समेत वृद्धि भएको देखिन्छ। तोकिएको समयमा आयोजना सम्पन्न गर्न प्रभावकारी संयन्त्रको व्यवस्था गरी राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्वयनमा विषयगत मन्त्रालयहरूको भूमिकालाई थप जवाफदेही बनाउँदै प्रभावकारी अनुगमनको व्यवस्था गर्नुपर्दछ।

२६. **रूपान्तरणकारी आयोजना -** पन्ध्रौं योजनाले लिएका राष्ट्रिय तथा विषय/क्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल हुने गरी पहिचान र छनोट गरिएका रूपान्तरणकारी आयोजनाहरूमध्ये आर्थिक क्षेत्रका ५, सामाजिक क्षेत्रका ४, पूर्वाधार क्षेत्रका ७ र लोकतन्त्र र सुशासन क्षेत्रका १ समेत १७ आयोजना रहेका छन्। तीआयोजनामध्ये समष्टिगत भौतिक प्रगति शिक्षा क्षेत्रको सार्वजनिक विद्यालय सबलीकरण आयोजना र प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम कार्यक्रमको ८० प्रतिशत र गल्छी-त्रिशूली-मैलुङ्ग-स्याफ्रुबेँशी-रसुवागढी सडक आयोजनाको ७४ प्रतिशत रहेको छ। राष्ट्रिय तथा अन्तरदेशीय प्रसारण लाइन कार्यक्रम अन्तर्गतको पश्चिम सेती ४०० के.भी. प्रसारण लाइन आयोजना खण्ड र प्रादेशिक तथा स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमको २०७९।८० सम्मको समष्टिगत भौतिक प्रगति शून्य रहेको छ। अन्य आयोजनाहरूको प्रगति ५० प्रतिशतभन्दा कम रहेको देखिन्छ। रूपान्तरणकारी आयोजना तथा कार्यक्रमहरूको हालसम्मको कार्यान्वयन अवस्था, भौतिक तथा वित्तीय प्रगतिसमेत खुल्ने गरी मध्यावधि समीक्षा भएको छैन। यस्ता आयोजना समयमा नै सम्पन्न गरेर नतिजा प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२७. **रकमान्तर -** यो वर्ष कुल बजेट रू.१७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाखमा रू.९५ अर्ब २९ करोड ७४ लाख (बजेटको ५.३१ प्रतिशत) रकमान्तर भएको छ। सो मध्ये २०८० आषाढ महिनामा रू.२३ अर्ब १० करोड ६५ लाख र आषाढ अन्तिम हप्तामा रू.१३ अर्ब ८१ करोड ९९ लाख रकमान्तर गरी विभिन्न शीर्षक उपशीर्षकमा रकम थपघट गरेको छ।

शुरु बजेटमा व्यवस्था नभएका विभिन्न १६ कार्यक्रममा रकमान्तर गरी रू. रू.१५ अर्ब ४९ करोड ९० लाख बजेट कायम गरेकोमा रू.८ अर्ब २७ करोड ६० लाख (५३.४० प्रतिशत) खर्च गरेको छ। त्यसैगरी यस वर्षको बजेट वक्तव्यको बुँदा नं ३६९ मा राष्ट्रिय गौरवका आयोजनामा विनियोजित बजेट अन्य राष्ट्रिय गौरवका आयोजना बाहेक अन्यत्र रकमान्तर गर्न नपाइने उल्लेख भएकोमा उक्त प्रावधान विपरित ८ राष्ट्रिय गौरवका आयोजनामा विनियोजित बजेटबाट रू.५ अर्ब ७८ करोड ७५ लाख राष्ट्रिय गौरव बाहेकका अन्य ५१ आयोजनाहरूमा रकमान्तर गरेको छ। कानुनको सीमाभित्र रहेरमात्र रकमान्तर गर्नुपर्दछ।

२८. **वर्षान्तको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष रू.१४ खर्ब २१ अर्ब ३२ करोड ७० लाख खर्च भएकोमा २०८० आषाढ महिनामा रू.२ खर्ब ४५ अर्ब ६६ करोड ९१ लाख (१७.२८ प्रतिशत) खर्च भएको छ। उक्त खर्चमध्ये आषाढ महिनाको

अन्तिम हप्तामा रू.८८ अर्ब ६६ करोड ७७ लाख (अर्थात् कुल खर्चको ६.२४ प्रतिशत) खर्च भएको छ। नियमावलीको व्यवस्था पालना गरी स्वीकृत कार्यक्रम तथा खर्च गर्ने कार्यतालिकाबमोजिम खर्च गरी भुक्तानी गर्नुपर्ने तथा आषाढको तेस्रो हप्ताभन्दा पछाडि खर्च एवं भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२९. **नगद व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २९ मा अर्थ मन्त्रालयले नेपाल सरकारको नगद आवश्यकतालाई विश्लेषण गरी विभिन्न निकायको समन्वयमा नगद योजना तर्जुमा गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकारले सहजीकरण तथा नियमन गर्नुपर्ने निकायहरू, विद्युत विकास विभाग लगायतले उठाएको राजस्व सिधै सङ्घीय सञ्चित कोषमा दाखिला गर्ने गरेकोमा नेपाल दूरसञ्चार प्राधिकरण, बीमा प्राधिकरण, धितोपत्र बोर्ड, नेपाल नागरिक उड्डयन प्राधिकरणलगायतले सेवा शुल्कलगायतका विषयमा लिने गरेको रकम सम्बन्धित निकायहरूको आम्दानी हुने व्यवस्था गरेको छ। सरकारले बनाएको संरचनाको प्रयोग एवं परिचालनबाट प्राप्त हुने राजस्वको निश्चित रकम सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था हुन नसकेकोले महालेखा नियन्त्रक कार्यालयले वित्तीय विवरणमा समावेश गरेका ८८ गैर बजेटरी निकायमा रू.२१ अर्ब ५९ करोड ५ लाख बैङ्कमा मौज्दात रहेको छ। सो बाहेक नेपाल वित्तीय प्रतिवेदन मान लागु हुने सार्वजनिक निकायहरूको खातामा समेत यस्तो मौज्दात रहेको छ। त्यस्ता संस्थासँग रहेको मौज्दात रकम न्यून ब्याज प्राप्त गर्नेगरी मुद्दती, बचत र चालु बैङ्क खातामा रहेको देखिन्छ।

वित्तीय हस्तान्तरण भएको रकममध्ये यो वर्ष खर्च हुन नसकी प्रदेशमा रू.८२ अर्ब ८ करोड ८९ लाख र स्थानीय तहमा रू.९४ अर्ब ९४ करोड ७३ लाखसमेत रू.१ खर्ब ७७ अर्ब ३ करोड ६२ लाख सञ्चित कोषमा मौज्दात रहेको छ। सङ्घीय सरकारले स्रोतको कारण ऋण लिई प्रदान गरेको रकममध्ये खर्च नभएको यस्तो रकममा २०७९।८० मा आन्तरिक ऋणको औसत ब्याजदर ९ प्रतिशतका दरले हिसाब गर्दा प्रदेश तथा स्थानीय तहको सञ्चित कोषमा रहेको उक्त रकमको ब्याज रू.१५ अर्ब ९३ करोड ३३ लाख भुक्तानी गर्नुपरेको छ। सरकारी खर्चको लागि आवश्यक पर्ने नगदको आकलन गरी नगदप्रवाह योजना तर्जुमा गर्नुपर्दछ।

३०. **बैङ्क तथा वित्तीय संस्थाको नियमन -** नेपालमा बैङ्क तथा वित्तीय क्षेत्रका लागि नेपाल राष्ट्र बैंङ्क नियामक निकायको रूपमा रहेको छ। नेपाल राष्ट्र बैङ्कको वार्षिक प्रतिवेदन, २०७९।८० अनुसार वाणिज्य बैङ्कहरूको निक्षेपमा औसत ब्याजदर र कर्जाको ब्याजदर २०७८ आषाढमा क्रमशः ४.६५ र ८.४६ प्रतिशत, २०७९ आषाढमा ७.४१ र ११.६२ प्रतिशत रहेकोमा २०८० आषाढमा क्रमशः ७.८६ प्रतिशत र १२.३० प्रतिशत पुगेको छ। नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाहरूलाई जारी गरेको निर्देशन विपरीत ब्याज प्रिमियममा पुनःथप प्रिमियम लिएको अवस्थामा सो रकम फिर्ता गर्न निर्देशन दिएकोमा सो कार्यान्वयनको तथ्याङ्कीय विवरण अद्यावधिक रहेको देखिएन। नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित २०७९।८० को तथ्याङ्कअनुसार वाणिज्य बैङ्कहरूले प्रवाह गरेको कुल कर्जामध्ये उत्पादनशील क्षेत्रमा १५.४३ प्रतिशत, कृषि क्षेत्रमा ८.५ प्रतिशत, घरजग्गा खरिद बिक्री, हायर पर्चेज (स्थिर सम्पत्ति, अन्य तथा उपभोग्यलगायतका क्षेत्र) जस्ता अनुत्पादक क्षेत्रमा ३३.३३ प्रतिशत लगानी भएको देखिन्छ। वित्तीय स्थायित्व कायम हुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

३१. **विदेशी मुद्रा सञ्चिति -** विदेशी मुद्रा सञ्चिति २०७९ आषाढमा रू.१२ खर्ब १५ अर्ब ८० करोड रहेकोमा २०८० आषाढमा रू.१५ खर्ब ३९ अर्ब ३६ करोड पुगेको छ। चालु खाता २०८० आषाढमा रू.७२ अर्ब १६ करोड ऋणात्मक रहेको छ। त्यसै गरी शोधानान्तर स्थिति २०७९।८० मा २ खर्ब ९०

अर्ब ५२ करोड बचतमा छ। व्यापार सन्तुलन, विदेशी मुद्रा सञ्चिति र शोधानान्तर स्थितिलाई सुधार गरी अर्थतन्त्रलाई दिगो र प्रभावकारी बनाउन उपयुक्त रणनीति अवलम्बन गर्नुपर्दछ।

३२. **स्ट्यान्डिङ्ग लिक्विडिटी फेसिलिटी (एस.एल.एफ.) -** बैङ्क तथा वित्तीय संस्थामा तरलता जोखिम व्यवस्थापन गर्न नेपाल राष्ट्र बैङ्कले २०७८।७।२९ मा जोखिम व्यवस्थापनसम्बन्धी निर्देशिका जारी गरेको छ। नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थालाई २०७६।७७ मा ८३ पटकमा रू.१ खर्ब ३ अर्ब, २०७७।७८ मा १६७ पटकमा रू.३ खर्ब ६१ अर्ब र २०७८।७९ मा ४ हजार ९०८ पटकमा रू.९१ खर्ब ७० अर्ब र २०७९।८० जेठ मसान्तसम्म १ हजार ६५७ पटकमा रू.२७ खर्ब २७ अर्ब एस.एल.एफ. सुविधा प्रदान गरेको छ। बैङ्क तथा वित्तीय संस्थाले तरलता व्यवस्थापन सम्बन्धी केन्द्रीय बैङ्कको निर्देशन पालना गर्ने क्रममा तरलता अभावको अवस्थामा उक्त सुविधा प्रदान गर्नुपर्नेमा सोको यकिन गरेको छैन।

३३. **सहुलियतपूर्ण कर्जा -** नेपाल राष्ट्र बैङ्कबाट प्राप्त विवरण अनुसार वाणिज्य बैङ्कहरूले २०७८।७९ सम्म रू.२ खर्ब ५९ अर्ब ५५ करोड सहुलियतपूर्ण ऋण उपलब्ध गराई ५ प्रतिशतसम्मका दरले ब्याज अनुदानबापत रू.१६ अर्ब ९६ करोड ५० लाख भुक्तानी र यस वर्षसम्म रू.२२ अर्ब ३९ करोड सञ्चित ब्याज अनुदान प्रदान गरेको छ। सहुलियतपूर्ण कर्जाको बक्यौता रकम २०८० असार मसान्तमा रू.१ खर्ब ९८ अर्ब २७ करोड पुगेको देखिन्छ। बैङ्कहरूले सहुलियतपूर्ण कर्जा, सोको लागि प्रदान गरेको ब्याज अनुदानलगायतका खर्च खुल्ने विवरण तयार गरेको छैन। उल्लिखित विवरण तयार गरी कर्जा असुलीसमेत प्रभावकारी बनाउनुपर्दछ।

३४. **विमान खरिद कर्जा -** नेपाल वायुसेवा निगम र कर्मचारी सञ्चयकोषबिच २०७०।३।४ मा २ थान न्यारो बडी एयरबस खरिद गर्नका लागि नेपाल सरकारको रू.१० अर्बको जमानीमा रू.९ अर्ब ९८ करोड ११ लाख १७ हजार तथा २०७४।२।२८ मा १ थान वाइड बडी एयरबस खरिद गर्नको लागि नेपाल सरकारको रू.१२ अर्बको जमानीमा रू.११ अर्ब ९९ करोड ६१ लाखको ऋण सम्झौता भएको देखिन्छ। निगमले ब्याज भुक्तानी नगरेको र सोही ब्याज सञ्चय कोषले पुँजीकरण गर्ने सञ्चालक समितिको निर्णयअनुसार साँवा रकम बढेर रू.२८ अर्ब ५७ करोड ३५ लाख पुगेको छ। कोषले बढेको रकमसमेत खाम्ने गरी नेपाल सरकारको जमानत प्राप्त गरेको छैन। कोषले प्राप्त जमानत भन्दा बढी कर्जालाई शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्ने निर्णय गरे तापनि यो वर्षसम्म रू.१ अर्ब ७९ करोड ५७ लाख मात्र कर्जा नोक्सानी व्यवस्था गरेको छ। यसरी बढेको रकम खाम्ने गरी नेपाल सरकारको जमानत प्राप्त गर्न कोषले पहल गर्नुपर्दछ।

३५. **परियोजना कर्जा प्रवाह -** कर्मचारी सञ्चयकोषले प्रवाह गरेको कर्जामध्ये खराब कर्जाको रूपमा ब्याज समेत हिसाब गर्दा विभिन्न ५ कम्पनीसँग रू.१ अर्ब ९५ करोड ३३ लाख, ४ उद्योगसँग रू.५३ करोड ८४ लाख र २ होटल तथा रिसोर्टसँग रू.४५ करोड ७२ लाखसमेत रू.२ अर्ब ९४ करोड ८९ लाख उठ्न बाँकी रहेको छ। कर्मचारी सञ्चय कोष ऐन,२०१९ को दफा १५(४) मा प्रत्येक आर्थिक साल तमामको दिन कोषको पुँजी र दायित्व बजार भाउले मूल्याङ्कन गर्दा वार्षिक ३ प्रतिशत ब्याज दिन नपुग्ने भएमा त्यस्तो ब्याज दिन नपुग रकम जति नेपाल सरकारको सञ्चित कोष प्रति व्ययभार हुने व्यवस्था रहेकोले कर्जा लगानी तथा असुली कार्यविधि तथा सम्झौताअनुसार साँवा र ब्याज असुल गर्ने व्यवस्था मिलाउनुपर्दछ।

३६. **करको दायरा** - आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ मा पेशा, व्यवसाय वा कारोबार गर्दा तोकिएबमोजिम दर्ता हुनुपर्ने तथा इजाजत लिनुपर्ने व्यवस्था छ। करमा दर्ता भएका एवं इजाजत लिने करदाताको संख्या निम्नानुसार छः

| विवरण | २०७६।७७ सम्म | २०७७।७८ सम्म | २०७८।७९ सम्म | २०७९।८० मा थप/घट | २०७९।८० सम्म |
|---|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १४२९६०४ | १५७७३८३ | १७६२४१३ | १४२६९९ | १९०५११२ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | १९७८६८० | २४७१७२६ | ३०५०३०४ | ६१३४८३ | ३६६३७८७ |
| अग्रिम कर स्थायी लेखा नम्बर | ५१०६ | ९९९८ | १८०९४ | १००२८ | २८१२२ |
| **जम्मा** | **३४१३३९०** | **४०५९१०७** | **४८३०८११** | **७६६२१०** | **५५९७०२१** |
| मूल्य अभिवृद्धि करमा दर्ता | २६८४३६ | २८५०९८ | २९१३६१ | २४१८९ | ३१५५५० |
| अन्तः शुल्क इजाजतपत्र | ९४२९२ | १०३४२३ | १३११२७ | -१४४५२ | ११६६७५ |

**स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन**

उपर्युक्त विवरणअनुसार २०७८।७९ को तुलनामा यो वर्ष व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको संख्यामा ८.१० प्रतिशत, मूल्य अभिवृद्धि करतर्फ ८.३० प्रतिशत वृद्धि भएको र अन्तःशुल्क इजाजतपत्र नवीकरण नगर्ने करदाता गत वर्षको तुलनामा ११.०२ प्रतिशत न्यून रहेको देखिन्छ।

३७. **मूल्य अभिवृद्धि कर विवरण** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना बुझाउनुपर्ने कर स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र कर विवरण पेस गर्नुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व विभागको विगत ५ वर्षको मूल्य अभिवृद्धि कर कार्यान्वयनको स्थिति निम्नानुसार छः

| विवरण | २०७५।७६ | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७९।८० |
|---|---|---|---|---|---|
| **डेबिट विवरण प्रतिशत** | २५.६० | २२.१७ | ११.०७ | २२.८७ | ११.३१ |
| **क्रेडिट विवरण प्रतिशत** | ४५.९० | ४८.३८ | ५५.१५ | ४५.७१ | ५८.७७ |
| **शून्य विवरण प्रतिशत** | २८.५० | २९.४५ | ३३.७८ | ३१.४२ | २९.९२ |
| **आषाढमा डेबिट (रू.अर्बमा)** | १२.६९ | ११.२३ | १०.४८ | १५.६५ | १४.१८ |
| **आषाढमा क्रेडिट (रू.अर्बमा)** | ३९.७४ | ४२.४० | ४७.४४ | ७१.२७ | ६९.८५ |
| **क्रेडिट/ डेबिट अनुपात (गुणा)** | ३.१३ | ३.७७ | ४.५३ | ४.५५ | ४.९२ |

आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदनअनुसार यो वर्ष बर्षान्तमा मूल्य अभिवृद्धि कर (आन्तरिक) तर्फ रू.१४ अर्ब १८ करोड डेबिट विवरण तथा रू.६९ अर्ब ८५ करोड क्रेडिट विवरण पेस गरेको छ। कुल आन्तरिक राजस्वमा मूल्य अभिवृद्धि करको हिस्सा र आन्तरिक सङ्कलनलाई वृद्धि गर्न विद्युतीय विजक प्रणाली, अनलाइन कनेक्टिभिटी, बिलिङ इन्फोर्समेन्ट, बजार अनुगमन जस्ता विधिको अवलम्बन गर्नुपर्दछ।

३८. **राष्ट्रिय एकद्वार प्रणाली** - नेपाल सरकारले अन्तर्राष्ट्रिय व्यापारलाई व्यवस्थित गर्न विश्व बैङ्कको सहयोगमा नेपाल राष्ट्रिय एकद्वार प्रणाली सञ्चालन निर्देशिका, २०७८ तयार गरी सञ्चालनमा ल्याएको छ। निकासी पैठारीसँग सम्बन्धित विभिन्न ४८ निकायलाई भन्सारको एउटै विद्युतीय प्रणालीमा आबद्ध गर्नुपर्नेमा हालसम्म १८ निकाय मात्र उक्त प्रणालीमा आबद्ध भएका छन्। उक्त प्रणालीको विकास, सञ्चालन, गुणस्तर आश्वस्तता, अनुगमन र नियमित मर्मत सम्भारमा हालसम्म रू.४० करोड ४३ लाख ७ हजार खर्च भइसके तापनि विभिन्न ३० निकायमा प्रणाली जडान कार्य बाँकी रहेको तथा प्रणाली जडान भएका केही निकायले समेत सो प्रणाली सञ्चालनमा ल्याएका छैनन्।

३९. **जग्गाको उपयोग र संरक्षण-** त्रिभुवन विश्वविद्यालय र अन्तर्गतका निकायहरूको पूर्ण स्वामित्वमा १ करोड ३१ लाख ३७ हजार वर्गमिटर, भोगाधिकार ९ लाख ९९ हजार वर्गमिटर र अन्य ६ लाख ५३ हजार वर्ग मिटर समेत १ करोड ४७ लाख ८९ हजार वर्गमिटर (१ हजार ४७९ हेक्टर) जग्गा रहेकोमा विश्वविद्यालयको केन्द्रीय कार्यालय परिसरको ११३ रोपनी १ विद्यालयले, बागमती नदी किनाराको २६ रोपनी जग्गा विभिन्न ३ संस्थाले प्रयोग गरेकोमा विश्वविद्यालयले कुनै आम्दानी प्राप्त गरेको छैन। त्यस्तै पोखरा विश्वविद्यालयको ६२५ रोपनीभन्दा बढी जग्गा सुकुम्बासीबाट अतिक्रमण भएको छ। विश्वविद्यालयले सम्पत्तिको केन्द्रीय लगत राखी सम्बन्धित निकायसँग समन्वय गरी अतिक्रमित जग्गाको उचित संरक्षण गर्नुका साथै आयमूलक कार्यमा उपयोग गर्नुपर्दछ।

४०. **जग्गाको स्वामित्व र संरक्षण -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ११ मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि ट्रष्टको स्वामित्वमा रहेको अचल सम्पत्ति कुनै व्यक्ति विशेष वा संस्थापकको नाममा दर्ता हुन नसक्ने उल्लेख छ। नेपाल सरकार मन्त्रिपरिषद्को २०६४।५।२६ को निर्णय अनुसार मालपोत कार्यालय, कलङ्कीबाट विगतमा नेपाल ट्रष्टको नाममा जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएको काठमाडौंको मातातीर्थ, थानकोट, सतुङ्गल तथा इचङ्गुमा रहेको १७२ रोपनी १५ आना जग्गा मोही तथा निजको हकवालाको नाममा नामसारी भएको देखिन्छ। ऐनको व्यवस्था विपरीत ट्रष्टको सम्पत्ति मोहीको नाममा दर्ता भएकोमा उक्त जग्गा छानबिन गरी ट्रष्टको नाममा स्वामित्व हस्तान्तरण गरेको छैन। बालाजु, स्वयम्भू, शेष नारायण, थानकोटलगायत ११ स्थानमा रहेको ४०४ रोपनी ६ आना जग्गामा हालसम्म पनि मोहीहरूले खेती गरिरहेको तथा एक निजी विद्यालय सञ्चालनमा रहेको देखिएकोले नेपाल ट्रष्टले प्रयोग गर्न नसकेको बेहोरा गत वर्ष औंल्याइएकोमा स्थिति यथावत छ।

४१. **वन तथा संरक्षित क्षेत्र अतिक्रमण -** वन ऐन, २०७६ को दफा ४९ एवं राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ मा राष्ट्रिय वनक्षेत्र तथा निकुञ्जको अतिक्रमण गर्ने कार्य दण्डनीय अपराध मानिने उल्लेख छ। वन तथा भू-संरक्षण विभागबाट प्राप्त विवरणअनुसार ६५ जिल्लामा १ लाख ४ हजार हेक्टर वनक्षेत्र अतिक्रमण भएको देखिन्छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागअन्तर्गतको संरक्षित क्षेत्रको ४ हजार ३९.१२ हेक्टर जग्गा अतिक्रमण भएको देखिन्छ। सम्बन्धित मन्त्रालयले अतिक्रमित वन तथा संरक्षित क्षेत्रको क्षेत्रको स्थिति अद्यावधिक गरी कानुनअनुसार कारबाही गरी अतिक्रमण मुक्त गराउनुपर्दछ।

४२. **जग्गा अतिक्रमण -** सर्वोच्च अदालतले स्वर्गद्वारी आश्रमको नाममा दर्ता रहेको जग्गा आवश्यक संरक्षण प्रदान गर्नु गराउनु भनी विपक्षीहरू भूमिसुधार तथा व्यवस्था मन्त्रालय र गुठी संस्थानको नाममा २०६२।१२।१४ मा परमादेश जारी गरेको देखिन्छ। आश्रमको नाममा दाङ जिल्लाको विभिन्न स्थानमा रहेको १ हजार ३४ बिघा जग्गामध्ये २०९ बिघा ११ कठ्ठा जग्गा विभिन्न व्यक्ति तथा संस्थाबाट अतिक्रमण भएको छ। भूमिसुधार तथा मालपोत कार्यालय, दाङले अतिक्रमण हटाउने कार्यको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गरेकोमा हालसम्म पनि उक्त जग्गा अतिक्रमित अवस्थामा नै रहेको देखिन्छ।

नेपाल सरकार मन्त्रिपरिषद्को २०४७।१।५ को निर्णयबमोजिम काठमाडौं जिल्ला गोठाटार स्थित ५३५ रोपनी ३ आना जग्गा पशुपति कोषको नाममा प्राप्त भएको छ। बालुवा खानीका कारण पटक-पटक विवादमा आएको उक्त जग्गा कोषले संरक्षण नगर्दा ११ पक्की घर, ४० टहरा र एक विद्यालयले भवन बनाई अतिक्रमण गरेको छ।त्यसै गरी २०७८।६।७ को एक अध्ययन प्रतिवेदनअनुसार लुम्बिनी विकास कोषको स्वामित्वमा रहेको सगरहवा क्षेत्रको ५८.११ बिघा जग्गामध्ये

केही जग्गामा ५६ परिवारले घरटहरा निर्माण गरी बसोबास गरेको र ३१ परिवारद्वारा कृषियोग्य जमिन जोतभोग गरिरहेको उल्लेख छ। पुरातात्त्विक सम्पदा तथा जग्गाको संरक्षण र संवर्धन गर्नुपर्दछ।

बागमती सभ्यता र नदी तथा किनारासमेतको उचित संरक्षण र विकासका लागि नदीको दायाँ बायाँ ढल र करिडोर सडक तथा किनारामा सौन्दर्यीकरणका लागि पार्क निर्माण, सार्वजनिक जग्गा संरक्षण, तटबन्ध निर्माण र सरसफाइलगायतका कार्य रहेको अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको मुख्य कार्य क्षेत्र बागमती नदी रहेको छ। आयोजनाबाट अव्यवस्थित बसोबासलाई व्यवस्थित गराउने सम्बन्धमा दीर्घकालीन समाधानको विकल्प खोजी उक्त कार्यका लागि गठित समितिले २०७९।५।२२ मा पेस गरेको प्रतिवेदनअनुसार उपत्यकाभित्रका नदी किनारमा ३ हजार ४९६ घरधुरी अव्यवस्थित बसोबास गरिरहेको उल्लेख छ। बाग्मती नदीको सिनामंगल, थापाथली एवं अन्य सहायक नदीको आसपासलगायतका स्थानमा जग्गा अतिक्रमण हुँदा करिडोर तथा तटबन्ध निर्माण कार्य अगाडि बढ्न सकेको देखिएन।

४३. **मतदानमा सहभागिता** - स्वच्छ र निष्पक्ष निर्वाचन सम्पन्न गराउनु निर्वाचन आयोगको प्रमुख संवैधानिक जिम्मेवारी रहेको छ। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन, २०७९ मा १ करोड ७९ लाख ८८ हजार ५७० मतदाता रहेकोमा १ करोड ११ लाख २६ हजार २२६ जना (६१.८५ प्रतिशत) मतदाताहरूले मताधिकार प्रयोग गरेका छन् भने प्रत्यक्ष निर्वाचनतर्फ ६.०६ प्रतिशत र समानुपातिकतर्फ ५.०९ प्रतिशत मत बदर भएको छ। प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, २०७४ मा ६८.६७ प्रतिशत मतदान भएकोमा २०७९ को चुनावमा ६१.८५ प्रतिशत मात्र मतदान भएकोले मतदानमा सहभागिता दर घटेको देखिन्छ। मतदानमा सहभागितादर वृद्धि गर्न एवं बदर मत प्रतिशतलाई न्यूनीकरण गर्न मतदाता शिक्षालाई प्रभावकारी बनाउनुपर्दछ।

४४. **ट्रयाकिङ्ग प्रणाली** - राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १३(ग) मा कानुनबमोजिम एक स्थानबाट अर्को स्थानमा मालसामान ओसार-पसार गर्नुपूर्व ढुवानी गरिने मालसामानको विवरण वेबमा आधारित केन्द्रीय सूचना प्रणालीमा प्रविष्ट गरेर मात्र ओसार पसार गर्नुपर्ने व्यवस्था छ। यस प्रणालीमा २ लाख ९ हजार ९४१ प्रयोगकर्ता दर्ता भएकोमा यो वर्ष राजस्व अनुसन्धान विभागले ट्रयाकिङ्ग प्रणालीको प्रयोग नगर्ने उपर अनुगमन गरी ४२७ फर्मबाट रू.२ करोड ५४ लाख ७७ हजार जरिबाना असुल गरेको छ। एउटै ढुवानी साधनमा भएका मालवस्तुहरू ढुवानी गर्दा गोदाम/यार्ड, प्रज्ञापनपत्र तथा ट्रयाकिङ्ग प्रणालीमा अलग अलग घोषणा गर्नुपर्ने अवस्थाले सेवाग्राहीको समय र लागत बढी लाग्ने गरेको छ। यसलाई कम गर्न भन्सार प्रज्ञापनपत्रमा घोषणा गरिएको विवरण स्वचालित रूपमा नै ट्रयाकिङ्ग प्रणालीमा समेत उपयोग गर्न सकिने प्रणालीको विकास गर्नुपर्ने एवं आशिकुडा र मालवस्तु ढुवानी साधनको अनुगमन प्रणालीबीच अन्तर आबद्धता कायम गरी विभागले प्रणालीलाई थप प्रभावकारी बनाई राजस्व चुहावटलाई नियन्त्रण गर्नुपर्दछ।

४५. **प्रतिवेदन कार्यान्वयन** - सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धमा एसिया प्रशान्त समूहले ९ सेप्टेम्बर, २०२३ मा नेपालको पारस्परिक मूल्याङ्कन प्रतिवेदन जारी गरेको छ। वित्तीय कारबाही कार्यदलले पारस्परिक मूल्याङ्कन गर्दा ४० वटा सिफारिसको प्राविधिक अनुपालनाको आधारमा प्रभावकारिता निर्धारण गरेकोमा नेपालले लक्षित आर्थिक प्रतिबन्ध कार्यान्वयन, गैरनाफामूलक संस्थाको सम्भावित जोखिम र नयाँ प्रविधिसँग सम्बन्धित जोखिमको पहिचान र मूल्याङ्कनसम्बन्धी सुझावको परिपालना नगरेको प्रतिवेदनमा उल्लेख छ। उक्त समूहले यससँग सम्बन्धित संस्थागत ढाँचाको ११ क्षेत्रमा वर्गीकरण गरी प्रभावकारिता मापन गर्दा ४ वटा क्षेत्रमा मध्यमस्तर र ७ वटा क्षेत्रमा न्यून

स्तरमा वर्गीकरण गरेको पाइयो। न्यून स्तरमा निर्धारण भएका क्षेत्रमा लगानी नियमन, रोकथामका उपाय, वित्तीय कारोबारको स्वीकृति र सुपरिवेक्षणलगायत रहेका छन्।

प्रतिवेदनमा उल्लेख भएका विषयहरू सुधारको लागि २०२४ अक्टोबरसम्मको समय सीमा तोकेको देखिँदा नेपालको मूल्याङ्कनस्तरमा सकारात्मक नतिजा ल्याउन प्रतिवेदनले औँल्याएका क्षेत्रमा सुधार गर्नुपर्दछ।

४६. **सङ्घीय निजामती सेवा ऐन -** नेपालको संविधानको धारा २८५ मा सरकारी सेवाको गठन सम्बन्धमा उल्लेख छ। देशको प्रशासन सञ्चालन गर्न सङ्घीय निजामती सेवा र आवश्यकताअनुसार अन्य सङ्घीय सरकारी सेवाहरूको गठन तथा सञ्चालन र सेवाका शर्त सङ्घीय ऐनबमोजिम हुने उल्लेख छ। संविधान जारी भएको ८ वर्ष व्यतीत भइसक्दासमेत सङ्घीय निजामती सेवा ऐन जारी हुन सकेको छैन। सङ्घीय निजामती सेवा विधेयक २०८०।११।२१ मा सङ्घीय संसदमा पेस भएको छ।

कर्मचारी समायोजन ऐन, २०७५ मा प्रदेश निजामती तथा स्थानीय सेवासम्बन्धी कानुन बनाउँदा सङ्घीय निजामती सेवासम्बन्धी कानुनका आधारभूत सिद्धान्त र मान्यतालाई आधारको रूपमा लिई प्रदेश वा स्थानीय तहको सेवाको गठनसम्बन्धी कानुन बनाउने गरी मापदण्ड तोकेको छ। विद्यमान निजामती सेवा ऐन, २०४९ का कतिपय प्रावधानसँग नमिल्ने गरी सात प्रदेशले प्रदेश निजामती सेवा ऐन तर्जुमा गरी लागु गरेका छन्। ऐन जारी नहुँदा प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीको भर्ना, छनोट, सरुवा, बढुवालगायत वृत्तिविकासका अवसरहरूमा अस्पष्टता रहेको देखिन्छ।

४७. **कर्मचारी सरुवा व्यवस्थापन -** निजामती सेवा ऐन, २०४९ अनुसार निजामती कर्मचारीलाई देशको विभिन्न भौगोलिक क्षेत्रको अनुभवसमेत दिलाउनका लागि एक मन्त्रालय वा अन्तर्गतको विभाग वा कार्यालयको निजामती कर्मचारीलाई अर्को मन्त्रालय र अन्तर्गतको विभाग वा कार्यालयमा सरुवा गर्ने अधिकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेको छ। निजामती सेवा नियमावली, २०५० को नियम ३६ ले सरुवाको समयतालिका र सरुवाका आधारहरू निर्धारण गरेको छ। सोअनुसार मन्त्रालयले प्रत्येक वर्षको भदौ महिनामा सरुवा गर्नुपर्नेमा वर्षभरि सरुवा गर्ने, काजमा खटाउने कार्य गरेको छ। मन्त्रालयले २०७९।८० मा राजपत्राङ्कित १ हजार ९५४ जना र राजपत्र अनङ्कित तथा श्रेणीविहीन १ हजार ३४७ को सरुवा गरेकोमा १३ प्रतिशत मात्र भाद्र महिनामा र बाँकी ८७ प्रतिशत अन्य महिनामा सरुवा गरेको देखिन्छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(४) मा कानुनबमोजिम प्रमुख प्रशासकीय अधिकृत नियुक्ति नभएसम्मको लागि नेपाल सरकारले निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गर्न खटाउने व्यवस्था छ। मन्त्रालयले २०७९।८० मा प्रमुख प्रशासकीय अधिकृतको रूपमा १ हजार ३१५ कर्मचारीलाई स्थानीय तहमा खटाएको, एउटै कर्मचारीलाई एकै वर्षमा २ भन्दा बढी स्थानीय तहमा खटाएको र १९० स्थानीय तहमा निमित्तको रूपमा कामकाज गर्न खटाएको छ। राष्ट्रिय विकास समस्या समाधान समितिको २०७९।१२।३ को बैठकबाट स्थानीय तहमा सङ्घबाट खटाएका कर्मचारीलाई कम्तीमा १ वर्ष खटाएको स्थानीय तहमै रहनुपर्ने व्यवस्था मिलाउने निर्णय भएकोमा सोको पालना भएको देखिएन।

४८. **अस्पतालहरूको सेवा प्रवाह -** बिरामीको चाप उच्च रहेको चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल) सेवा सुविधा सम्पन्न रेफरल अस्पतालको रूपमा रहेको भए तापनि बिरामीले शल्यक्रियाको लागि १ हप्तादेखि रोगको प्रकृतिबमोजिम १ वर्षसम्म उपचारको लागि कुर्नुपर्ने, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बिरामी परीक्षण गर्न ३ देखि ६ घण्टा तथा शल्यक्रियाको लागि रोगको प्रकृतिअनुसार ४

देखि १२ हप्ता, हेमोडाइलासिस सेवाको लागि ४-५ महिना, इण्डोस्कोपीको लागि १ हप्तासम्म प्रतीक्षा गर्नुपर्ने, सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा डायलासिसका लागि करिब ७०० बिरामी प्रतीक्षारत रहेको र बिरामीले सेवा लिन ६ महिनादेखि एक वर्षसम्म पालो पर्खिनुपर्ने, बी. पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, चितवनमा रेडियोथेरापी गर्न ४५ दिनसम्म प्रतीक्षा गर्नुपर्ने, क्यान्सर रोगको लागि अति आवश्यक पेट सिटी स्क्यान, बोनम्यारो ट्रान्सप्लान्ट र मेमोग्राफी मेसिन नहुँदा सेवाग्राहीले जटिल प्रकृतिको रोगको उपचार पाउन नसकेको, कान्ति बाल अस्पतालमा सामान्य शल्यक्रिया गर्न ३ महिनादेखि १ वर्ष, जटिल तथा हाइड्रोशिलको शल्यक्रिया गर्न ६ महिनादेखि २ वर्षसम्म पालो पर्खनुपर्ने अवस्था छ। अस्पतालहरूले बिरामीलाई सर्वसुलभ तथा छिटो छरितो सेवा प्रदान गर्नुपर्दछ।

४९. **उपकरणको प्रयोग -** स्वास्थ्य सेवा विभागले कोशी अस्पतालमा उपलब्ध गराएको रू.२१ लाख १० हजारको १० थान बाइपाप मेसिन र २ थान भेन्टिलेटर मेसिन, सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा ८६ डायलासिस मेसिन रहेकोमा ६१ मात्र चालु अवस्थामा, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा हस्तान्तरण भएको ४५ थान भेन्टिलेटर सहितका उपकरण तथा खरिद गरेको अर्थोस्कोपी मेसिन र ओ.टी. टेबुललगायतका उपकरण प्रयोगमा ल्याइएका छैनन्। स्वास्थ्य सेवा विभागले मागबेगर नै उपकरण खरिद गरी अस्पतालहरूलाई हस्तान्तरण गर्ने, मूल्य नखुलाउने, वारेन्टी ग्यारेन्टीका कागजातहरू उपलब्ध नगराउने लगायतका समस्याहरू देखिएका छन्। मन्त्रालयले अस्पतालमा रहेका उपकरणको सञ्चालन सम्बन्धमा अनुगमन गरी लगत तयार गर्नुका साथै प्रभावकारी उपयोगको व्यवस्था मिलाउनुपर्दछ।

बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा विगतमा खरिद भएको एम.आर.आई. मेसिन-३ तथा स्वास्थ्य सेवा विभागले उपलब्ध गराएको ७ थान हेमोडाइलासिस मेसिन चालु अवस्थामा रहेको छैन भने अर्को मेसिन खरिद गर्न मन्त्रालयले विगत वर्ष रू.३१ करोड निकासा गरे पनि खरिद नगर्दा एम.आर.आई.गर्नुपर्ने बिरामीलाई बाहिर पठाउनु परेको, अंकोलोजी भवन निर्माण गर्न २०७४।७५ मा नेपाल सरकारले रू.२१ करोड ६७ लाख निकासा दिए पनि भवन निर्माण नभएको, विगतमा तयार गरेको अक्सिजन प्लाण्ट सञ्चालन हुन नसकेको, प्रतिष्ठानको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण हुन नसकेको लगायतका कारण सेवा प्रवाहमा समस्या रहेको छ।

५०. **बजेट स्वीकृति -** बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को दफा ७ बमोजिम सह-कुलपतिको अध्यक्षतामा गठन हुने सञ्चालक परिषद्ले प्रतिष्ठानको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने उल्लेख भए तापनि २०७७।४।३० पछि बैठक बसेको छैन। कार्यकारिणी समितिले प्रतिष्ठानको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने अधिकार बेगर यो वर्ष प्रशासनिक खर्च रू.२ अर्ब ७५ करोड ४६ लाख र पुँजीगत खर्च रू.१७ करोड ७ लाखसमेत रू.२ अर्ब ९२ करोड ५३ लाख कार्यक्रम स्वीकृत गरी खर्च गरेको नियमसम्मत देखिएन। कानुनी व्यवस्थाबमोजिम सञ्चालक परिषद्बाट बजेट तथा कार्यक्रम स्वीकृत गराई खर्च लेख्नुपर्दछ।

५१. **शिक्षक विद्यार्थी अनुपात -** शिक्षा नियमावली, २०५९ मा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र तराईमा ५० हुनुपर्ने उल्लेख छ। शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित प्रतिवेदनअनुसार शिक्षक-विद्यार्थी अनुपात देहायबमोजिम छः

| प्रदेश | शिक्षक-विद्यार्थी अनुपात | | | |
|---|---|---|---|---|
| | आधारभूत (१-५) | आधारभूत (६-८) | माध्यमिक (९-१०) | माध्यमिक (११-१२) |
| कोशी | १७.२ | ३६.५ | ३४.१ | ११३.९ |

| प्रदेश | शिक्षक-विद्यार्थी अनुपात | | | |
|---|---|---|---|---|
| | आधारभूत (१-५) | आधारभूत (६-८) | माध्यमिक (९-१०) | माध्यमिक (११-१२) |
| मधेस | ५५.२ | ११५.४ | ७८.७ | १३८.९ |
| बागमती | १५.८ | ३४.६ | २८.४ | ९०.७ |
| गण्डकी | ११ | २६.८ | २२.३ | ६४.३ |
| लुम्बिनी | २९.४ | ६३.६ | ५०.९ | १२७.१ |
| कर्णाली | २८.७ | ६८.५ | ६६.० | ९३.८ |
| सुदूरपश्चिम | २७.३ | ६० | ५४.५ | ६० |
| कुल (औसत) | २६.३७ | ५७.९१ | ४७.८४ | ९८.३८ |

प्रतिवेदनअनुसार शिक्षक विद्यार्थी अनुपात औसतमा आधारभूत तहको कक्षा १-५ मा २६.३७, कक्षा ६-८ मा ५७.९१, माध्यमिक तहको कक्षा ९-१० मा ४७.८४ र कक्षा ११-१२ मा ९८.३८ रहेको छ। हिमाल, पहाड, तराई खुल्नेगरी शिक्षक विद्यार्थी अनुपातको विवरण अद्यावधिक नगरी प्रदेशगत रूपमा गरेकोले शिक्षक विद्यार्थीको अनुपात यकिन गर्न सकिएन।

५२. **विद्यार्थी भर्ना** - नेपाल सरकारले सबै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्ने र माध्यमिक तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा ल्याएको छ। नेपाल सरकारले विद्यालय जाने सबै उमेर समूहका बालबालिकालाई विद्यालय भर्ना गरी निःशुल्क शिक्षा उपलब्ध गराउन निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजालगायतका कार्यक्रममा वर्षेनी खर्च बढाउँदै लगेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको तथ्याङ्क अनुसार विगत ५ वर्षको आधारभूत तहको विद्यालयमा विद्यार्थी भर्नाको अवस्था देहायअनुसार छः

(सङ्ख्या हजारमा)

| वर्ष | कक्षा १-५ को विद्यार्थीको सङ्ख्या | | कक्षा ६-८ को विद्यार्थीको सङ्ख्या | | आधारभूत विद्यालयको जम्मा विद्यार्थी सङ्ख्या | | | सामुदायिक विद्यालयका विद्यार्थी प्रतिशत | संस्थागत विद्यार्थी प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | जम्मा | | |
| २०७५ | २७९३ | ९३७ | १३९४ | ४३१ | ४१८७ | १३६९ | ५५५५ | ७५.४० | २४.६० |
| २०७६ | २४७९ | १०५५ | १३१५ | ४५७ | ३७९५ | १५१२ | ५३०७ | ७१.५० | २८.५० |
| २०७७ | २६८८ | ८३४ | १३८१ | ४३५ | ४०६९ | १२६९ | ५३३९ | ७६.२३ | २३.७७ |
| २०७८ | २५६३ | ९८५ | १३१६ | ४६१ | ३८७९ | १४४६ | ५३२५ | ७२.८४ | २७.१६ |
| २०७९ | २३६९ | ११४९ | १३२३ | ५२९ | ३६९२ | १६७८ | ५३७० | ६८.७५ | ३१.२५ |

उल्लिखित तथ्याङ्कअनुसार सामुदायिक विद्यालयको आधारभूत तहमा (कक्षा १ देखि ८ सम्म) विद्यार्थी भर्ना सङ्ख्या वर्षेनी घट्दै गएको र २०७९ मा भर्ना भएका विद्यार्थीमध्ये ३१.२ प्रतिशत संस्थागत विद्यालयमा भर्ना भएका छन्। शैक्षिक वर्ष २०७५ को तुलनामा २०७९ मा कुल विद्यार्थी सङ्ख्या ३.३३ प्रतिशतले घटेको देखिन्छ। जसमध्ये सामुदायिक विद्यालयमा ११.८२ प्रतिशतले घटेको र संस्थागत विद्यालयमा २२.५७ प्रतिशतले बढेको देखिन्छ। शिक्षा क्षेत्रमा सरकारी लगानी वृद्धि भइरहे तापनि सामुदायिक विद्यालयहरूमा अपेक्षित रूपमा शैक्षिक गुणस्तर सुधार हुन नसकेका कारण विद्यार्थीको आकर्षण घटेको देखिन्छ। सबैलाई अनिवार्य शिक्षा र माध्यमिक तहसम्म शिक्षाको कार्यक्रम सफल बनाउन सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउनुपर्दछ।

५३. **किसान सूचीकरण तथा परिचयपत्र** - खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा १४ मा नेपाल सरकारले तोकिएबमोजिम किसानको पहिचान एवं वर्गीकरण गरी परिचयपत्र जारी गर्ने

र सोही आधारमा किसानलाई राज्यबाट प्राप्त हुने सहुलियत, छुट, सुविधा तथा कानुनबमोजिम योगदानमा आधारित निवृत्तभरण उपलब्ध गराउने उल्लेख छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्षसम्म १४ लाख किसान परिवार सूचीकरण भए तापनि परिचयपत्र जारी हुन सकेको छैन। किसान वर्गीकरण, सूचीकरण एवं परिचयपत्र जारी नहुँदा किसान पेन्सन योजना सुरु गर्ने एवं किसान हितकोष स्थापना गर्ने लगायतका कार्यसमेत प्रभावित भएको छ। अतः किसानको वर्गीकरण, सूचीकरण र परिचयपत्र जारी गर्ने कार्य समयमै सम्पन्न गरी सोही आधारमा छुट, सहुलियत र अनुदान उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

५४. **अनुदान र उपयोग** - मन्त्रालयमा अनुदानको लागि यो वर्ष रू.४१ अर्ब १५ करोड ६ लाख बजेट व्यवस्था भएकोमा रासायनिक मल खरिदमा रू.३१ अर्ब २० करोड ३३ लाख, बाली तथा पशुधन बीमा प्रिमियममा रू.७५ करोड ९९ लाख, उखु कृषकका लागि रू.७३ करोड ६१ लाख र अन्य बीउ, बिरुवा, मेसिनरी, कृषि औजारलगायतमा रू.३ अर्ब ३४ करोड ४१ लाखसमेत रू.३६ अर्ब ४ करोड ३४ लाख अनुदान वितरण गरेको छ। सङ्घीयताको कार्यान्वयनसँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी सरकारका तीनवटै तहबाट कृषि क्षेत्रमा विभिन्न अनुदान कार्यक्रम सञ्चालनमा रहे तापनि तीनै तहबीच समन्वयको अभावमा अनुदान वितरणको एकीकृत अभिलेख अद्यावधिक नहुनुको साथै, अनुदान उपयोगको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी हुन नसकी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा अपेक्षाकृत अभिवृद्धि हुन सकेको छैन। किसान परिचयपत्र जारी तथा अनुदान वितरणको राष्ट्रिय नीति एवं व्यवस्थापन सूचना प्रणाली तयार गरी अनुदान वितरणलाई थप व्यवस्थित गर्नुपर्दछ।

५५. **न्यूनतम समर्थन मूल्य** - न्यूनतम मूल्य निर्धारणको लागि उत्पादन लागत, ढुवानी एवं गत वर्षको मूल्यलाई आधार मानी मन्त्रालयको सिफारिसमा नेपाल सरकारले घान, गहुँ, उखु र कच्चा दूधको मात्र न्यूनतम समर्थन मूल्य निर्धारण हुँदै आएता पनि सोसम्बन्धी कार्यविधि तयार नभएको एवं उल्लिखित वस्तुहरूको न्यूनतम समर्थन मूल्यमा बिक्री नभएको अवस्थामा सरकारबाट खरिद हुने व्यवस्थाको अभाव देखिनुका साथै अन्य प्रमुख कृषि उपजसमेतको मूल्य निर्धारण गर्ने गरेको छैन। न्यूनतम समर्थन मूल्य निर्धारण सम्बन्धी कार्यविधि तयार गरी कृषकको लागत सुरक्षा तथा उत्पादन लागतको आधारमा कृषि उपजको उचित मूल्य सुनिश्चित गराउन समयमै अन्य प्रमुख कृषि उपजसमेतको मूल्य निर्धारण गरी कृषकबाट उक्त मूल्यमा खरिद हुने व्यवस्थाको सुनिश्चितता हुनुपर्दछ।

५६. **वन पैदावारको उपयोग** - वन नीति, २०७५ ले वन पैदावारमा आत्मनिर्भर भई मूल्य अभिवृद्धिसहित निर्यात प्रवर्धन गर्ने उद्देश्य लिएको छ। वन क्षेत्रमा ढलापडा, सुखड खडा, हैसियत बिग्रिएका र बुढो तथा उमेर पुगेका रुख बढ्दो क्रममा रहेका छन्। आवश्यकतानुसार आन्तरिक उत्पादनबाट काठ उपलब्ध हुन नसकेका कारण २०७७।७८ मा रू.२ अर्ब ३३ करोड, २०७८।७९ मा रू.७ अर्ब ९९ करोड र २०७९।८० मा रू.६ अर्ब ४० करोडको काठ र काठजन्य सामग्री आयात भएको भन्सार विभागको तथ्याङ्कमा उल्लेख छ। काठको सदुपयोग नहुँदा यसबाट प्राप्त हुने आम्दानी गुमिरहेको र अरबौं रुपैयाँको काठजन्य सामग्री आयात भएको देखिँदा ढलापडा, सुखड खडा रुखहरूको व्यवस्थापन गरी काठलगायतका वन पैदावारको उचित व्यवस्थापन तथा उपयोगद्वारा राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्ने व्यवस्था मिलाउनुपर्दछ।

५७. **वातावरणीय प्रभाव मूल्याङ्कन** - वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा वातावरणीय परीक्षण एवं मूल्याङ्कन गरी प्रतिवेदन स्वीकृतिका लागि सम्बन्धित निकायमा पेस गर्नुपर्ने व्यवस्था छ। वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ मा वातावरणीय प्रभाव मूल्याङ्कन मन्त्रालयले ३५ दिनभित्र स्वीकृत गर्नुपर्ने उल्लेख छ। यो वर्ष वन तथा वातावरण मन्त्रालयले ३७ प्रतिवेदन स्वीकृत गरेकोमा

सोको लागि १ हजार २४५ दिनसम्म लागेको देखिन्छ। दर्ता पश्चात् पत्राचार तथा प्रमाण सङ्कलन गर्न २३८ दिनसम्म लागेको एवं पेस भएपश्चात् सिफारिस गर्न ३०५ दिनसम्म र सिफारिस पश्चात् स्वीकृत गर्न २७८ दिनसम्म लागेको देखिन्छ। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नगरी ठेक्का व्यवस्थापन गर्ने एवं विविध कारणले स्वीकृतिमासमेत ढिलाइ हुँदा परामर्शसेवा र निर्माण कार्यको समय र लागत बढ्ने गरेको छ। मन्त्रालयले सरोकारवालासँग समन्वय गरी वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृतिमा देखिएका विद्यमान समस्या निराकरण गरी सुधार गर्नुपर्दछ।

५८. **भू-सूचना प्रणाली -** मालपोत नियमावली, २०३६ (छैठौं संशोधन) को नियम २३(क) बमोजिम जग्गा प्रशासनसम्बन्धी सेवालाई समय सापेक्ष रूपमा परिमार्जन गर्दै भुमि व्यवस्थापन तथा अभिलेख विभागले भू-सेवा केन्द्र सञ्चालन निर्देशिका, २०७६ बमोजिम ४ मालपोत कार्यालयअन्तर्गत ६ साधारण प्रयोगकर्ता, ९८ मालपोत कार्यालयमा २ हजार ९८६ भू-सेवा केन्द्र, ५६ स्थानीय प्रयोगकर्ता, २१ बैङ्क तथा वित्तीय संस्था, ९ सहकारी र कर्मचारी सञ्चय कोष प्रयोगकर्तामार्फत सूचना प्रविधिमा आधारित भू-सूचना प्रणाली प्रयोगमा ल्याएको छ। यस प्रणालीमा जग्गाधनीले आफ्नो स्वामित्वमा भएको घरजग्गा (अचल सम्पत्ति) को हक हस्तान्तरण गर्न आवश्यक पर्ने लिखत तथा निवेदन आफ्नो घर वा आफूलाई पायक पर्ने भू-सेवा केन्द्रमार्फत अनलाइन भरी भराई सम्बन्धित भूमिसूधार तथा मालपोत कार्यालयमा पेस गर्न तथा प्रणालीबाटै लिखत तथा निवेदन प्रिन्ट गर्न सकिने व्यवस्था रहेको छ। अनलाइन सेवा लिन सक्ने सुविधा भए तापनि सर्वसाधारणमा जग्गा प्रशासनसम्बन्धी आधारभूत ज्ञानको कमी भएको कारण भू-सेवा केन्द्रको सेवा प्रभावकारी हुन सकेको पाइएन। विभागले भू-सेवा प्रणाली प्रयोग गर्दा लाग्ने शुल्कको मापदण्ड तथा केन्द्रको सञ्चालन, उपयोग एवं प्रभावकारिता सम्बन्धमा अनुगमन गरी सोको उपयोग अभिवृद्धि गर्नुपर्दछ।

५९. **सामाजिक सुरक्षा भत्ता -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३ मा ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने व्यक्ति र लोपोन्मुख जातिलाई सामाजिक सुरक्षा भत्ता रकम उपलब्ध गराउने उल्लेख छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले उपलब्ध गराएको विवरणअनुसार यो वर्ष ३८ लाख नागरिकलाई रू.१ खर्ब ८ अर्ब ३७ करोड २ लाख सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ। सो रकम गत वर्षको तुलनामा १२.८२ प्रतिशत बढी रहेको छ। नेपालमा विगत १० वर्षमा राजस्वको वृद्धि दर १९.२ प्रतिशत, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको वार्षिक वृद्धिदर १०.४२ प्रतिशत र सामाजिक सुरक्षा भत्ताको वार्षिक वृद्धिदर ३०.५३ प्रतिशत रहेको देखिन्छ।

६०. **बालगृह अनुगमन -** बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र संवर्धनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ अनुसार गठित राष्ट्रिय बाल अधिकार परिषद्लाई बाल अधिकार संरक्षण र संवर्धन गर्ने तथा संरक्षण सहायताका लागि समन्वय सहयोग एवं अनुगमन गर्ने जिम्मेवारी तोकिएको छ। परिषद्ले १२४ बालगृहको भौतिक उपस्थितिमा ३ हजार ६२ बालबालिकाको अवस्था अनुगमन गरेकोमा गैरसरकारी संस्थाहरूद्धारा सञ्चालित बालसुधार गृहबाट विगत ५ वर्षमा परिषदले मापदण्ड नपुगेका २४ बालगृहबाट ३९० जना बालबालिका र मापदण्ड विपरीत सञ्चालनमा रहेका २ बालगृहबाट ४१ जना बालबालिकाको उद्धार संरक्षण र व्यवस्थापन गरेको छ। परिषद्ले संस्थामा संरक्षित बालबालिकाको उचित व्यवस्थापन एवं संरक्षणका लागि यथाशीघ्र उद्धार गर्नुपर्ने सुझाव पटक पटक दिएकोमा उक्त सुझावहरू कार्यान्वयन भएको छैन। बालगृह सुधारका लागि उक्त सुझावहरू कार्यान्वयन हुनुपर्दछ।

६१. **हुलाक सेवाको पुनर्संरचना -** पन्ध्रौं योजनामा हुलाक सेवालाई संस्थागत पुनर्संरचना गरी स्वायत्त, प्रतिस्पर्धी र व्यावसायिक बनाउने उल्लेख छ। हुलाक सेवा विभाग मातहत केन्द्रीय स्तरमा ४ निकाय, ४ हुलाक निर्देशनालय, ७० जिल्ला हुलाक कार्यालय, हरेक स्थानीय तहमा एक हुलाक कार्यालय सञ्चालित छन्। विभागले विदेशबाट प्राप्त हुने चिठीपत्र, पुलिन्दा तथा अन्तर्राष्ट्रिय द्रुत डाँक डकुमेन्ट तथा व्यापारिक पुलिन्दा वितरण कार्यलाई व्यवस्थित बनाउन सकेको छैन। अनिवार्य सेवाको रुपमा रहेको हुलाक सेवाको कार्यबोझ घट्नुका साथै समयानुकूल सेवा प्रवाह हुन नसेकेकोले हुलाकबाट प्रवाहित सेवा विविधीकरण गरी हुलाक सेवाको पुनर्संरचना गर्नुका साथै हुलाक सेवा प्रकृतिको काम गर्ने कुरियर तथा अनलाइन डेलिभरी कम्पनी नियमन गर्ने निकायको नियमन सम्बन्धमा व्यवस्था हुनुपर्दछ।

६२. **मोबाइल डिभाइस व्यवस्थापन प्रणाली -** नेपाल दूरसञ्चार प्राधिकरणले मोबाइल डिभाइस सुरक्षित गर्न, अवैध मोबाइल आयातमा नियन्त्रण गर्न प्राइमरी साइट कन्टेनर र सोभित्र जडान हुने सातवटा सर्वर स्वीच राउटर र सेकेन्डरी डाटा सेन्टर इक्युपमेण्ट सर्वर स्विच र्‍याकलगायतका मोबाइल डिभाइस मेनेजमेन्ट सिस्टम डिजाइन, सप्लाई, इन्स्टलेसन, कमिसनिङ्ग र अपरेसनसमेतको कार्य गर्न एक अन्तर्राष्ट्रिय परामर्शदाता उपक्रमसँग २०७६।८।१७ भित्र सम्पन्न गर्ने र ५ वर्षसम्म प्राविधिक सहायता गर्ने गरी २०७६।३।१९ मा अमेरिकी डलर ७० लाख ६६ हजार ८८८ को सम्झौता गरेकोमा हालसम्म अमेरिकी डलर १६ लाख ६८ हजार ६५ भुक्तानी भएको छ। तोकिएको अवधिभित्र काम सम्पन्न नभई पटक-पटक गरी २०८०।१२।४ सम्मको म्याद तोकिएकोमा उक्त अवधिभित्र पनि सम्झौता अनुसारको हार्डवेयर खरिद तथा जडान कार्य सम्पन्न भएको छैन। प्रचलित कानुन र सम्झौता बमोजिम कारबाही प्रक्रिया अघि बढाई समयमा कार्य सम्पन्न गर्नुपर्दछ।

६३. **सुरक्षण मुद्रण छापाखाना -** सुरक्षण मुद्रण सञ्चालन गर्न कार्य प्रकृतिअनुरूप आवश्यक जनशक्ति दक्षता तथा कार्यबोझ विश्लेषणसहित व्यवस्थापन सर्वेक्षण गरी कर्मचारी व्यवस्थापन तथा एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजनाको लागि खरिद गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। सुरक्षण मुद्रण केन्द्रले सुरक्षण मुद्रण छापाखानाको लागि बहुवर्षीय योजनाको रूपमा बजेट सुनिश्चितताको लागि भवन निर्माण र मेसिन/उपकरण खरिदमा २०७७।७८ देखि २०७९।८० सम्मको लागि केन्द्रले रू.३३ अर्ब २ करोड लागत अनुमानसहितको खरिद योजना पेस गरेकोमा २०७७।३।२२ मा थप छलफल गर्नुपर्ने गरी मन्त्रीस्तरीय निर्णय भएको छ। बहुवर्षीय योजनाको रूपमा बजेट सुनिश्चित नगरी २०७९।८० सम्म मेसिनरी तथा औजार खरिदमा रू.२ अर्ब ८२ करोड ६ लाख ३१ हजार र भवन निर्माण,सेक्युरिटी डिजिटल प्रिन्टर प्रोडक्सन सिस्टम तथा उपकरणमा यस वर्षसम्म रू.२ अर्ब २४ करोड १० लाख ४१ हजार खर्च भएको छ। भवनलगायतका निर्माण कार्य सम्पन्न नहुँदै मेसिन, उपकरण, सवारी साधन खरिद गरेको छ। खरिद भएको मेसिन/उपकरणको उपयोग नहुँदा खर्चको प्रभावकारिता देखिएको छैन।केन्द्रले छापाखाना सञ्चालनको लागि आवश्यक जनशक्तिको दरबन्दी स्वीकृत गरी मेसिन, उपकरण, औजार उपयोगको सुनिश्चितता गरी खरिद कार्य गर्नुपर्दछ।

६४. **अप्टिकल फाइबर -** नेपाल दूरसञ्चार प्राधिकरणले ग्रामीण दूरसञ्चार कोषको परिचालन गरी मध्यपहाडी लोकमार्ग र आसपासका जिल्ला सदरमुकाम, नगरपालिका, उत्तरदक्षिण जोड्ने राजमार्ग र पूर्व-पश्चिम राजमार्गमा अप्टिकल फाइबर बिछ्याउन र राष्ट्रिय सूचना महामार्ग निर्माणसम्बन्धी कार्यलाई ३ खण्डमा विभाजन गरेको छ। कोशी, मधेश र बागमती प्रदेशको एक खण्ड, गण्डकी र लुम्बिनी प्रदेशको एक खण्ड र कर्णाली एवं सुदूरपश्चिम प्रदेशको एक खण्डसमेत ३ खण्डको लागि २ सेवा प्रदायक संस्थासँग रू.८ अर्ब ९ करोड ५६ लाख ५९ हजारको सम्झौता भएको छ। मध्यपहाडी राजमार्गमा २ हजार १७९ किलोमिटर राजमार्गमा अप्टिकल फाइबर सञ्जाल निर्माण सम्पन्न गर्नुपर्नेमा हालसम्म १ हजार

३८३ किलोमिटर अप्टिकल फाइबर बिछ्याउने कार्य सम्पन्न भएको र ६४३ किलोमिटर खण्डमा क्षेत्र परिवर्तन गर्नुपर्ने जनाएको तथा माइक्रोवेभको स्थान टुङ्गो लागेको छैन। गोरखा जिल्लाको आरुघाटदेखि गण्डकी प्रदेश र लुम्बिनी प्रदेश खण्डमा २ हजार १६० किलोमिटर अप्टिकल फाइबर सञ्जाल निर्माण सम्झौता भएकोमा शुन्य प्रगति  रहेको छ। कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा पर्ने मध्यपहाडी लोकमार्ग र सोको आसपासका जिल्ला सदरमुकामसम्म १ हजार ९९२ किलोमिटर अप्टिकल फाइबर बिछ्याउने कार्यको सम्झौता भएकोमा ए.डी.एस.एस. ३०९ किलोमिटर, डी.डब्लू.डी.एम. प्रणाली २६ मध्ये २३ सम्पन्न भएतापनि सोसँग सम्बन्धित अन्य कार्य गर्न बाँकी छ। खरिद सम्झौताअनुसार उक्त कार्य २ वर्षभित्र सम्पन्न गर्नुपर्नेमा निर्माण कार्य सम्पन्न भएको छैन। सम्झौताअनुसार तोकिएको समयावधिमा कार्य सम्पन्न गराउनुपर्दछ।

६५. **नगद प्रोत्साहन** - स्वदेशी उत्पादनलाई निर्यातमुखी बनाउन र निर्यात प्रवर्धन गरी वैदेशिक व्यापार असन्तुलनलाई कम गर्न २०६८।६९ को बजेट वक्तव्यबाट निर्यातमा नगद प्रोत्साहन गर्ने व्यवस्थाअनुसार उद्योग विभागले कार्यविधि बनाई निर्यातकर्तालाई अनुदान प्रदान गर्दै आएको छ। विभागले यो वर्ष २१० उद्योगलाई रू.१ अर्बसमेत यस बर्षसम्म रू.६ अर्ब ३४ करोड ९२ लाख नगद प्रोत्साहन अनुदान दिएको छ। सुरु वर्ष रू.२४ करोड ८१ लाख अनुदान वितरण हुँदा निर्यात रू.७७ अर्ब ३५ करोड रहेको आधारमा निर्यात १६५ प्रतिशतले वृद्धि हुँदा निर्यात प्रोत्साहन अनुदान ४७६ प्रतिशतले वृद्धि भएको देखिन्छ। उत्पादित वस्तुमा खपत हुने सबै अवयवहरू समेतलाई आधार लिई यथार्थ लागतको आधारमा मूल्य अभिवृद्धि प्रतिशत गणना, मूल्य अभिवृद्धि नर्म्स तयारी तथा अनुदानबाट निर्यातमा परेको प्रभाव सम्बन्धमा अध्ययन गरी नगद प्रोत्साहन सम्बन्धी नीतिमा आवश्यक पुनरावलोकन गर्नुपर्दछ।

६६. **विद्युतीय व्यापारको नियमन** - नेपालको विद्युतीय व्यापारको विकास र उपयोग सम्बन्धी राष्ट्रिय रणनीति, २०७६ ले विद्युतीय व्यापारको नियमन, व्यवस्थापन, सहजीकरण तथा उपभोक्ता हित संरक्षणका लागि  कानुनी व्यवस्था गर्ने उल्लेख छ। नेपालमा विभिन्न स्वदेशी, विदेशी, अन्तर्राष्ट्रिय ई-कमर्शका साइटहरूमार्फत वस्तु तथा सेवा प्राप्त गर्न स्वदेशबाट हुने कारोबारको लागि छुट्टै व्यावसायिक कोड नभएकोले अनुगमन गर्न कठिनाइ भएको र विदेशी साइटहरू प्रयोग गरी कारोबार गर्दा ती संस्थाहरू नेपालमा दर्ता नभएका कारणले ती व्यावसायिक कारोबारको नियमन हुन सकेको छैन। जसले गर्दा वस्तु तथा सेवाको मूल्य र गुणस्तरको निगरानी प्रभावकारी हुन सकेको छैन। विद्युतीय व्यापारलाई स्वच्छ, गुणस्तरीय, प्रतिस्पर्धी र उपभोक्ता मैत्री बनाउन कानुनी व्यवस्था गरिनुपर्दछ।

६७. **औद्योगिक ग्राम** - रूपान्तरणकारी आयोजनाको रूपमा २०७६।७७ देखि एक स्थानीय तह, एक औद्यौगिक ग्राम स्थापनाको कार्यक्रम सञ्चालनमा आएको छ। सो कार्यक्रममा स्थानीय तहलाई बढीमा रू.३ करोडसम्म अनुदान दिने नीतिबमोजिम मन्त्रालयले यो वर्षसम्म १२० स्थानीय तहलाई रू.१ अर्ब ४३ करोड ३ लाख अनुदान प्रदान गरेको छ। अनुदान प्राप्त गर्ने स्थानीय तहमध्ये १२० लाई पहिलो र २४ लाई पहिलो र दोस्रो तथा ५ लाई तेस्रो किस्तासमेत निकासा भएको छ। उक्त रकमबाट स्थानीय तहले गरेको कार्य प्रगतिको अभिलेख मन्त्रालयमा रहेको छैन। जग्गाको उपलब्धता, उपलब्ध जग्गामा औद्योगिक ग्राम विकासको सम्भावना, स्थानीय तहको प्राथमिकता र क्षमताको विश्लेषण नगरी सुरु भएको कार्यक्रमको कार्यान्वयन पक्षमा सुधार गरी तोकिएको लक्ष्य प्राप्त गर्नुपर्दछ।

६८. **वैदेशिक रोजगार** - वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३ मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने मुलुक तोक्ने उल्लेख छ। यस वर्षसम्म

संस्थागत रूपमा १११ र व्यक्तिगत रूपमा १७८ देश वैदेशिक रोजगारको लागि खुला गरेको छ। वैदेशिक रोजगार विभागले यो वर्ष ७ लाख ७१ हजार ३२७ जनालाई वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति प्रदान गरेको देखिन्छ। आन्तरिक रोजगारी प्रभावकारी हुन नसकेको अवस्थामा वैदेशिक रोजगारीसँग जोडिएका श्रम स्वीकृति, उजुरी फरफारक तथा मुद्दाको फस्र्योटमा देखिएको ढिलासुस्ती लगायतका सेवा प्रवाहमा देखिएका समस्या सम्बोधन गर्न आवश्यक नीतिगत एवं प्रक्रियागत सरलीकरण गर्नुपर्ने देखिन्छ।

६९. **सुझाव कार्यान्वयन -** सहकारी संस्थाको सञ्चालनलाई व्यवस्थित र प्रभावकारी बनाउन नेपाल सरकारले २०६१ सालदेखि ६ समिति, आयोग तथा कार्यदल गठन गरेको छ। उक्त समिति, आयोग र कार्यदलहरूले सहकारी मूल्य र सिद्धान्त विरुद्धको कसुरको व्यवस्था हुनुपर्ने, सहकारी विभागको अनुगमन सशक्त हुनुपर्ने, संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न दोस्रो तहको संस्था स्थापना गर्ने, बचत तथा ऋण सहकारी संस्थाले पर्ल रेटिङ्ग प्रणाली र अन्य सहकारी संस्थाहरूको हकमा वित्तीय अनुपातहरू लागु गर्नुपर्ने, बचत तथा ऋण सहकारी संस्थाहरूमा निक्षेप तथा ऋणका लागि अधिकतम सीमा तोक्नुपर्ने, सहकारी संस्थाहरू सर्वप्रथम पूर्व सहकारी संस्थाको रूपमा दर्ता गरी निश्चित समयपछि ती संस्थाले सहकारी सिद्धान्त, वित्तीय अनुशासन र वित्तीय सबलता हुने कार्य गरेमा स्थायी दर्ता गर्ने, सहकारी संस्थाका सञ्चालकहरूको लागि आचारसंहिता व्यवस्था गर्नुपर्ने, समयमा ऋण नतिर्ने ऋणीहरूलाई कालोसूचीमा समावेश गर्न सक्ने, निश्चित रकमभन्दा बढीको बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताब जाँच गर्न नेपाल राष्ट्र बैङ्कले समन्वय गर्ने लगायतका सुझाव दिएकोमा सुझावहरू कार्यान्वयन भएको देखिएन। अतः प्रतिवेदनका सुझाव अध्ययन गरी सोको कार्यान्वयनमार्फत देखिएका समस्या समाधान गर्नुपर्दछ।

७०. **भाखा नाघेको कर्जा तथा ब्याज अनुदान -** कर्जा लगानी तथा असुली कार्यविधि, २०७७ को बुँदा नं. १७(२) मा संस्थामार्फत लगानी भएको रकम तोकिएको तालिकाअनुसार नबुझाउने तथा रकम दुरुपयोग गर्ने कर्जाग्राहीलाई सहकारी ऐन, २०७४ एवं बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम कारबाही गरी कर्जा असुलउपर गर्ने व्यवस्था छ। युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रमअन्तर्गत २०८० आषाढ मसान्तसम्म लगानी भएको रकममध्ये ४४४ सहकारी संस्थाको नाममा भाखा नाघेको साँवा, ब्याज एवं हर्जाना समेत रू.७१ करोड ७८ लाख ९१ हजार असुल भएको छैन। प्रचलित कानुनको कार्यान्वयन गरी भाखा नाघेको कर्जा असुल गर्नेतर्फ तदारुकता गरिनुपर्दछ।

ब्याज अनुदान निर्देशिका, २०७४ बमोजिम ऋण लिएका ऋणीमध्ये असुली तालिका अनुसार समयमै साँवा ब्याज बुझाउनेलाई ब्याज अनुदान दिन सकिने व्यवस्था छ। युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सचिवालयमा स्वरोजगार सङ्ख्या ७२ हजार ७२० रहेकोमा कोषले स्थापनाकालदेखि हालसम्म ब्याज अनुदानको लागी रू.२१ करोड ९ लाख १६ हजार बजेट प्राप्त भएकोमा १५ हजार ८६ स्वरोजगार ऋणीलाई रू.१५ करोड ७९ लाख ९० हजार (७४.९१ प्रतिशत) वितरण गरेको छ। अधिकांश ऋणीले नियमित रूपमा किस्ता नबुझाएकोले ब्याज अनुदान प्राप्त गर्नेको सङ्ख्या कम रहेको देखिन्छ।

७१. **प्रधानमन्त्री रोजगार कार्यक्रम -** देशभित्र रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको उच्चतम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुऱ्याउने तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उद्देश्यले सङ्घ, प्रदेश र स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। सूचीकृत बेरोजगारलाई न्यूनतम १०० दिनको रोजगारी प्रदान गर्ने

उद्देश्यले सञ्चालित कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्राप्त विवरण अनुसार विगत ४ वर्षदेखि हालसम्म रू.१८ अर्ब ७३ करोड ४ लाख खर्च भएकोमा ७ लाख १२ हजार ६५८ जना कार्यक्रममा सहभागी भई औसतमा ४८ दिनको रोजगारी प्राप्त गरेका छन्।

७२. **कारागार व्यवस्थापन -** कारागार सुधारको अवधारणापत्र-२०७९ मा बढीमा ५ वर्षभित्र कारागारलाई वास्तविक रूपमा सुधारगृहको रूपमा रूपान्तरण गरी कैदीबन्दीहरूको आधारभूत मानव अधिकारको प्रत्याभूति गर्ने र सजाय भुक्तान पश्चात् जिम्मेवार नागरिकका रूपमा समाजमा पुनस्थापन र पुनः एकीकरण गर्ने लक्ष्य रहेको छ। कारागार व्यवस्थापन विभागबाट प्राप्त विवरणअनुसार संचालनमा रहेको ७४ वन्दीगृह को क्षमता करिब १६ हजार ६०७ रहेकोमा कैदीबन्दी सङ्ख्या २८ हजार १२५ रहेको छ। क्षमताभन्दा बढी कैदीबन्दी रहँदा स्थान अभाव भएको अवस्था छ। कैदीबन्दीको संख्यामा भएको वृद्धिअनुसार कारागारको क्षमता थप गरी उचित व्यवस्थापन हुनुपर्दछ।

७३. **अन्तरनिकाय समन्वय** - काठमाडौं उपत्यका विकास प्राधिकरण नियमावली, २०६८ को नियम ४ मा प्राधिकरणले भौतिक विकास योजना तथा आयोजना सञ्चालन गर्दा नेपाल सरकारका सम्बन्धित निकाय स्थानीय तह तथा अन्य संस्थासँग समन्वय गरेर मात्र कार्य गर्नुपर्ने उल्लेख छ। स्थानीय तह, विभिन्न संस्थान तथा आयोग, सडक विभाग, खानेपानी, विद्युत, टेलिकम आदिको क्षेत्राधिकार, काम, कर्तव्य र अधिकारमा दोहोरोपनाको कारणले कार्यान्वयन तहमा समस्या रहेको छ। एक निकायले निर्माण कार्य सम्पन्न गर्नासाथ अर्को निकायले सोही स्थानमा अर्को निर्माण कार्य गर्ने साथै विभिन्न निकायले एक अर्का निकायबीच समन्वय नगरी निर्माणजन्य कार्य गर्दा काममा दिगोपन नहुने, खर्चको उपादेयता नहुने र सर्वसाधारणलाई अवागमनमा कठिनाइ हुने अवस्था छ। प्राधिकरणले उक्त निकायहरूसँग समन्वय गरी संयोजनकारी भूमिका निर्वाह गर्नुपर्दछ।

७४. **बजेट व्यवस्था र दायित्व -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २१(३) मा केन्द्रीय निकायले आगामी आर्थिक वर्षको बजेट प्रस्ताव गर्दा सो आर्थिक वर्षमा खर्च हुने प्रतिबद्धतालाई बजेट विनियोजन गरिसकेपछि मात्र अन्य कार्यक्रममा बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। सडक विभाग तथा मातहतका निकायहरूमा अदालत तथा मध्यस्थताबाट निर्णय भएको दायित्व रू.१७ करोड ७२ लाख, ठेक्का व्यवस्थापनबाट सिर्जित दायित्व रू.३ खर्ब ३ अर्ब रहेको र २०८० असार मसान्तसम्मको भुक्तानी बाँकी रू.३ अर्ब ७२ करोडमध्ये रू.१ अर्ब ७१ करोडको स्रोत व्यवस्थापन भए तापनि यो वर्षसम्म पनि भुक्तानी भएको छैन। विगत वर्षमा खरिद व्यवस्थापनबाट सिर्जित दायित्वअनुसार बजेट विनियोजन नभएको अवस्थामा थप स्रोत सुनिश्चितताबाट दायित्व रकम बढ्दै गई बजेट अभावमा योजना कार्यान्वयनमा असर परेको छ। मन्त्रालयले सिर्जित दायित्व भुक्तानीका लागि बजेट छुट्याएपछि मात्र अन्य कार्यक्रममा विनियोजन गर्ने व्यवस्था मिलाउनुपर्छ।

७५. **संयुक्त र बहुतले आवास -** संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४, नियमावली, २०६० र संयुक्त आवास भवन निर्माण स्वीकृति तथा अनुगमन कार्यविधि, २०७० अनुसार संयुक्त आवासको व्यावसायिक कारोबार गर्ने संयुक्त आवास कम्पनी तथा जग्गा विकास गरी सामूहिक भवन निर्माण अनुमतिका लागि पेस भएका प्रस्ताव जाँच गरी निर्माण स्वीकृति, अनुगमन र निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्ने जिम्मेवारी शहरी विकास तथा भवन निर्माण विभागमा रहेको छ। विभागले २०८० आषाढ मसान्तसम्म ७७ अपार्टमेन्टको ७ हजार १०२ आवास एकाइ निर्माणका लागि स्वीकृति प्रदान गरेकोमा यो वर्षसम्मको ३ हजार ८६६ सम्पन्न भएको विवरण पेस गरेको छ। संवत् २०६२ देखि २०६९

सालसम्मको अवधिमा निर्माणको लागि अनुमति लिएका ३८ अपार्टमेन्टका ३ हजार ८१ आवास एकाइले निर्माण सम्पन्न प्रमाणपत्र लिएको देखिँदैन।

७६. **सभाहल निर्माण -** सघन शहरी तथा भवन निर्माण आयोजनाबाट प्राप्त विवरणअनुसार सात प्रदेशमा ४४ सभाहल निर्माण गर्ने योजना रहेकोमा १७ सभाहल निर्माण कार्य सम्पन्न भएको, १४ निर्माणाधीन रहेको र १३ सभाहलको लागि जग्गा प्राप्ति, विस्तृत परियोजना प्रतिवेदन तयारीलगायत प्रारम्भिक चरणको कार्य भैरहेको छ। उल्लिखित ४४ सभाहलमध्ये ३१ सभाहलको निर्माणको लागि रू.२६ अर्ब ३४ करोड २४ लाखको लागत अनुमान रहेकोमा रू.२० अर्ब ६४ करोड ४७ लाखको सम्झौता भई यो वर्षसम्म रू.१५ अर्ब ५ करोड १९ लाख खर्च भएको देखिन्छ। निर्माणाधीन सभाहलहरू सम्पन्न गर्न रू.५ अर्ब २० करोड ६६ लाख दायित्व सिर्जना भएको अवस्थामा बजेट व्यवस्था नगरी थप १३ नयाँ सभाहलको विस्तृत परियोजना प्रतिवेदन तयार गरी खरिद प्रक्रियामा रहेका छन्। आवश्यक बजेट व्यवस्था गरेर मात्र नयाँ सभाहल निर्माण कार्यको प्रक्रिया अघि बढाउनुपर्दछ।

७७. **बन्चरेडाँडा स्यानिटरी ल्याण्डफिल्ड साइट -** काठमाडौं उपत्यकामा उत्सर्जन हुने फोहरको दिगो व्यवस्थापनको लागि बन्चरेडाँडामा मिश्रित फोहर २० वर्ष र वर्गीकृत फोहर ४० वर्षसम्म धान्ने गरी २० हजार घन मिटर क्षमताको लिचेट पोखरी र सेडिमेन्टेसन पोखरीसमेतको स्यानिटरी ल्याण्ड फिल्ड साइट रू.९६ करोड ३५ लाख ३९ हजार लागतमा निर्माण कार्य सम्पन्न भई पहुँच मार्ग स्तरोन्नति कार्य भइरहेको छ। ल्याण्डफिल्ड साइटमा फोहरमैलाको उचित व्यवस्थापनको लागि शहरी विकास तथा भवन निर्माण विभागबाट स्वीकृत ल्याण्डफिल साइट सञ्चालनसम्बन्धी कार्य सञ्चालन कार्यविधि अनुसार विसर्जनको लागि ल्याइएको फोहरको तौल लिई अभिलेख राख्ने, फोहरसँग जोखिमयुक्त रेडियोधर्मी फोहरहरू रहे नरहेको जाँच गर्ने, फोहरलाई तोकिएको निश्चित क्षेत्रमा मात्र खन्याउने, फोहरको मोटाइ ५० सेन्टिमिटर हुने गरी फिजाउँन लगाई कम्प्याक्सन गराउनुपर्ने, दुर्गन्ध फैलिन नदिन दैनिक १५ सेन्टिमिटर माटोले छोप्नुपर्ने, फोहर थुपार्दै जाँदा ग्याँस निष्कासनको लागि भेन्ट पाइप थप गर्दै जानुपर्ने प्रावधान उल्लेख भएकोमा मापदण्डको पालना नगरेको जनाई विभागले काठमाडौं महानगरपालिकालाई ध्यानाकर्षण गरेको तथा मर्मत सम्भार तथा व्यवस्थापन कार्यको दायित्व लिन पत्राचार गरेको देखिन्छ। फोहरको स्रोतमा वर्गीकरण नहुँदा, फोहर कम्प्याक्सन नगर्दा र लिचेटलाई सर्कुलेसन नगरेको कारणले ल्याण्डफिल साइट भरिन लागेको अवस्था छ। प्रभावित स्थानीय तह तथा तालुक निकाय एवं सरोकारवाला पक्षसँग समन्वय गरी ल्याण्डफिल्ड साइट अपरेटिङ्ग म्यान्युअलमा भएका व्यवस्थाको पालना सम्बन्धमा नियमित अनुगमन गर्ने संयन्त्रको विकास गर्ने तथा मर्मत सम्भारलाई सुनिश्चित गरी वैज्ञानिक ढङ्गले फोहरमैलाको व्यवस्थापन गर्नुपर्दछ।

७८. **स्मार्ट सिटी आयोजना कार्यान्वयन -** नेपाल सरकारले काठमाडौं उपत्यकाको बस्ती व्यवस्थापन गर्न २०७५।१।२५ मा स्मार्ट सिटीको अवधारणा स्वीकृत गरेको छ। बाहिरी चक्रपथको कार्यसम्पादन अवस्था यकिन भई नसकेको स्थितिमा सोही क्षेत्रको अधिकांश भू-भाग समेटिने गरी काठमाडौं उत्तरपूर्वमा १ लाख रोपनी, काठमाडौं उत्तरमा १० हजार रोपनी तथा ललितपुर र भक्तपुरमा १०/१० हजार रोपनी क्षेत्रफलमा ४ स्मार्ट सिटीको आयोजना अघि बढाउने लक्ष्य रहेको छ। स्मार्ट सिटीको विस्तृत आयोजना प्रतिवेदन तयारीमा रू.१६ करोड २६ लाख ५३ हजार खर्च भएकोमा कुनै पनि योजना कार्यान्वयनमा आएको छैन। वर्षौंसम्म योजना कार्यान्वयन नहुँदा समय तथा लागत बढ्ने हुनाले कार्यान्वयन प्रक्रिया अगाडि बढाउनुपर्दछ।

७९. **बाहिरी चक्रपथ निर्माण -** व्यवस्थित जग्गा एकीकरणका आधारमा काठमाडौं उपत्यकाका ३ जिल्लामा योजनाबद्ध नयाँ व्यवस्थित शहर विकास गर्न ७२ किलोमिटर बाहिरी चक्रपथ निर्माण गरी जनजीवनलाई सहजीकरण गर्ने उद्देश्यले २०५८ मा अवधारणा ल्याएकोमा २२ वर्ष व्यतीत भइसक्दा सम्भाव्यता अध्ययनको कार्य मात्र भएको छ। काठमाडौं उपत्यका विकास प्राधिकरण अन्तर्गतको बाहिरी चक्रपथ विकास आयोजनाबाट रू. १४ करोड ८४ लाख ५७ हजार खर्च भएको छ।

८०. **राष्ट्रिय राजमार्ग** - नेपाल सरकारको २०७०।२।१३ को निर्णयअनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको जिम्मेवारीमा रहने गरी २१ राजमार्ग तथा २०९ सहायक मार्ग कायम भएको छ। सङ्घीयता कार्यान्वयनको क्रममा अधिकार सूचीका कार्यक्रमलाई प्राथमिकता दिन नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७६।२।६ को निर्णयअनुसार ९ किलोमिटरदेखि १ हजार ७८७ किलोमिटरसम्मका १४ हजार ९१३ किलोमिटरका ८० सडकलाई राष्ट्रिय राजमार्गको रूपमा सूचीकृत गरेको छ। सडक विभाग तथा मातहतका निकायहरूबाट स्वीकृत राष्ट्रिय राजमार्ग तथा लोकमार्गमा समावेश नभएका स्थानीय सडक पुल, निर्वाचन क्षेत्र रणनैतिक सडक, वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमलगायतका कार्यक्रम स्वीकृत गरी रू.२३ अर्ब ५ करोड ५४ लाख खर्च गरेको छ। कार्यक्षेत्र स्पष्ट गरी राष्ट्रिय राजमार्गभन्दा बाहिरका योजना कार्यान्वयन गर्ने कार्य नियन्त्रण हुनुपर्दछ।

८१. **अधुरा ठेक्का** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ मा सम्झौता बमोजिम काम नगरी बीचैमा छोडेमा वा कामको प्रगति नगरेमा पेश्की जमानी प्राप्त गर्ने, पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, ठेक्का तोड्ने, कालोसूचीमा राख्ने लगायतका व्यवस्था रहेको छ। तोकिएको अवधिभित्र ठेक्काको कार्यसम्पन्न गर्नुपर्नेमा पटक पटक गरी ३०० प्रतिशतसम्म म्याद थप हुँदा पनि कार्यसम्पन्न नगरी सडक विभाग अन्तर्गतका २७ डिभिजन तथा योजना कार्यालयले रू.१२ अर्ब २५ करोड २ लाखका २०४ खरिद सम्झौतामध्ये ११५ ठेक्कामा रू.२ अर्ब ५३ करोड ६४ लाख भुक्तानी भई सम्झौताको २०.७१ प्रतिशत मात्र प्रगति भई काम अधुरो रहेको देखिन्छ। निर्माण व्यवसायीहरूले सम्झौताअनुसार काम सुरु नगर्ने, कामको प्रगति नगर्ने र बीचमा कार्य छाड्ने गरेका कारण अधुरा ठेक्काहरूको सङ्ख्या र समयावधि बढ्दै गएको छ। प्रचलित कानुन र खरिद सम्झौताअनुसार कारबाही गरी निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

८२. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी लागत अनुमान टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। साथै बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान खरिद र निर्माण कार्य सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सक्ने व्यवस्था छ। ऐनको प्रावधान विपरित ऊर्जा, जलस्रोत तथा सिँचाइ, शहरी विकास, र स्वास्थ्य मन्त्रालयअन्तर्गतका २५ निकायले मालसामान खरिद तथा संरचना निर्माण कार्यलाई टुक्रा पारी रू.३६ करोड ९१ लाख २५ हजारको खरिद गरेको देखिन्छ। ऐनको पालना गरी प्रतिस्पर्धा गराई खरिद कार्य गर्नुपर्दछ।

८३. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ एवं खरिद सम्झौतामा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौताबमोजिमको कार्य तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा सम्झौता मूल्यको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। उल्लिखित व्यवस्थाअनुसार जलस्रोत तथा सिँचाइ, शहरी विकास, स्वास्थ्य, रक्षा र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतका निकायले रू.६६ करोड ६५ लाख पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेका छैनन्। उक्त रकम असुल गर्नुपर्दछ।

८४. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने, दफा ५५(२) मा खरिद सम्झौता गर्नेको ढिलाइको कारण काम सम्पन्न नभएमा र निश्चित बजेटको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ, शहरी विकास, खानेपानी, शिक्षा, विज्ञान तथा प्रविधि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, स्वास्थ्य तथा जनसंख्या र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतका निकायहरूले सूचकाङ्क, फ्याक्टर तथा सुत्र फरक पारी मूल्य समायोजन गणना गरी रू.६३ करोड २० लाख बढी भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

८५. **परामर्श खर्च** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा विभागीय जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्थामा मात्र परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ। खानेपानी, शहरी विकास, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतका विभिन्न कार्यालय तथा आयोजनाको सम्भाव्यता अध्ययन, डिजाइन, गुरुयोजना तयार तथा निर्माण सुपरिवेक्षण गर्ने कार्यको लागि कार्यालयले मौजुदा सूचीबाट प्रस्ताव माग गरी रू.१२ करोड ७९ लाख ९ हजारको परामर्श सेवा खरिद गरेका छन्। विभागीय जनशक्तिको उपयुक्त व्यवस्थापन नगरी परामर्शदाता माथिको निर्भरता बढाउनु उचित देखिएन। अत्यावश्यक कार्यमा मात्र परामर्श सेवा लिई नियमित कार्यको लागि परामर्शदाता माथिको निर्भरता घटाउनुपर्दछ।

८६. **सवारीचालक अनुमतिपत्र -** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को परिच्छेद ४ मा सवारीचालक अनुमतिपत्रसम्बन्धी भएको व्यवस्थाबमोजिम यातायात व्यवस्था विभागबाट अनुमतिपत्रहरूको छपाइ, वितरण तथा तथ्याङ्क भण्डारणसम्बन्धी कार्यहरू भइरहेका छन्। विभागले एक विदेशी कम्पनीसँग २०८०।५।१८ भित्र १२ लाख स्मार्ट कार्ड आपूर्ति गर्ने गरी २०७९।११।१० मा अमेरिकी डलर १४ लाख ९८ हजारको सम्झौता गरेको छ। सम्झौता अवधिभित्र कार्ड आपूर्ति हुन नसकी दुई पटक गरी १७२ दिन म्याद थप भएको छ। चालक अनुमतिपत्र मागको आधारमा यो वर्षसम्म १४ लाख ६० हजार कार्ड छपाइ हुनुपर्नेमा सम्झौताअनुसार १२ लाख कार्ड मात्र आपूर्ति हुने भएकोले २ लाख ६० हजार कार्ड अपुग हुने अवस्था छ। विभागले हाल विदेश जाने व्यक्तिसहित अत्यावश्यकलाई मात्र कार्ड वितरण गरिरहेकोले २०२२ जुलाईदेखिका नयाँ तथा नवीकरण गरेका सवारीचालकहरूको अनुमतिपत्र छपाइ भएको छैन। आवश्यक सङ्ख्यामा कार्डको आपूर्ति नहुँदा सेवा प्रवाहमा असर परेको छ।

८७. **सङ्घीय कार्यालयको बेरुजु सम्परीक्षण -** लेखापरीक्षण ऐन, २०७५ को दफा २घ मा लेखापरीक्षण शब्दले सम्परीक्षण गर्ने कार्यलाई समेत जनाउने उल्लेख छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४०(४) मा लेखा उत्तरदायी अधिकृतबाट नियमित भएको बेरुजु ७ दिन तथा दफा ४१ (३) मा सार्वजनिक लेखा समितिको प्रतिवेदन प्रतिनिधि सभाबाट अनुमोदन भई फस्यौंट भएका बेरुजुहरू ३० दिन भित्र लगतबाट हटाई सोको जानकारी सार्वजनिक लेखा समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनुपर्ने व्यवस्था गरेको छ। सार्वजनिक लेखा समितिको २०७९।३।१७ को निर्देशन अनुसार बेरुजु सम्परीक्षण गरी लगत कट्टा गर्ने कार्य स्थगन भएकोमा सार्वजनिक लेखा समितिसँग छलफल गरी विषयवस्तुको टुङ्गो लगाउन एंव माथि उल्लिखित दुई कानुनमा सामाञ्जस्यता ल्याउनुपर्ने देखिएको छ।

## प्रदेश मन्त्रालय तथा निकाय

८८. **प्रदेश सञ्चित कोष -** संविधानको धारा २०४ अनुसार गुठी रकमबाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, अनुदान, ऋणलगायतको रकम प्रदेश सञ्चित कोषमा आम्दानी बाँधिने र सोही कोषबाट खर्च गर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयहरूबाट प्राप्त प्रदेशगत सञ्चित कोषको विवरणअनुसार २०७९।८० मा गत वर्षको जिम्मेवारी रू.८४ अर्ब ८७ करोड ५७ लाख २१ हजार सहित रू.२ खर्ब ६० अर्ब १० करोड ४५ लाख **८८** हजार आम्दानी रहेकोमा रू.२ खर्ब ४ अर्ब ६६ करोड ९६ लाख २६ हजार (**७८.६९** प्रतिशत) खर्च गरी रू.**५५** अर्ब ४३ करोड ४९ लाख ६२ हजार बाँकी रहेको छ। उक्त खर्चमध्ये कोशी प्रदेशमा रू.३० अर्ब ७५ करोड ७७ लाख ८२ हजार, मधेश प्रदेशमा रू.२६ अर्ब ८६ करोड ९८ लाख ७० हजार, बागमती प्रदेशमा रू.४६ अर्‌ब ८६ करोड १९ लाख ६८ हजार, गण्डकी प्रदेशमा रू.२३ अर्ब ६१ करोड ४८ लाख ८३ हजार, लुम्बिनी प्रदेशमा रू.३० अर्ब २४ करोड ४१ लाख **५५** हजार, कर्णाली प्रदेशमा रू.२२ अर्ब **२५** करोड ७८ लाख ७३ हजार र सुदूरपश्चिम प्रदेशमा रू.२४ अर्ब ६ करोड ३० लाख ९५ हजार समेत रू.२ खर्ब ४ अर्ब ६६ करोड ९६ लाख २६ हजार खर्च भएको छ।

८९. **विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारी साधन करबापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। कोशी प्रदेशको रू.१० करोड ९४ लाख ९४ हजार र बागमती प्रदेशको रू.४५ करोड १० लाख ९१ हजार समेत रू.५६ करोड ५ लाख ८५ हजार ऐनको प्रावधानबमोजिम बाँडफाँट भएको छैन। ऐनको व्यवस्थाबमोजिम बाँकी रकम बाँडफाँट हुनुपर्दछ।

९०. **लेखापरीक्षण -** यो वर्ष सातै प्रदेश मातहतका १ हजार २६९ कार्यालयको रू.३ खर्ब २२ अर्ब ८५ करोड १२ लाख ८० हजार र २ कार्यालयको बक्यौता रू. १२ करोड १८ लाख ८० समेत रू. ३ खर्ब २२ अर्ब ९७ करोड ३१ लाख ६० हजार लेखापरीक्षण सम्पन्न भएको छ। प्रदेश सरकार मातहतका ११८ अन्य संस्था तथा समितिको बक्यौतासमेत रू.३६ अर्ब ९ करोड ७७ लाख १० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। कोशी प्रदेश अन्तर्गत ९ निकाय र सुदूरपश्चिम प्रदेशको २ निकायको लेखापरीक्षण बक्यौता रहेको छ।

९१. **वित्त हस्तान्तरण -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकारले प्रदेश सरकारलाई प्रदान गरेको वित्त हस्तान्तरण तथा राजस्व बाँडफाँटको अवस्था निम्नानुसार छः

(रू. हजारमा)

| विवरण | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान | ७८७९३९४ | ६८३८८२५ | ६७५०७३४ | ७९२७९०० | ७४७३९८७ | ७५९२६९६ | ७८८१५६३ | ५२३४५०९९ |
| सशर्त अनुदान | ५४९२२०९ | ७०३९५१५ | ५३८९१९३ | ३४५५३०६ | ५३५३४६३ | ३४०२२३७ | ४८९५३४८ | ३५०२७२७१ |
| समपूरक अनुदान | ५५६०७७ | ५८५००१ | ४१८१६९ | ४७८७५२ | ३८०८३३ | ३२५९६५ | ७६५००० | ३५०९७९७ |
| विशेष अनुदान | ३३२६९० | ३६७५९४ | ४०८५८९ | ६३५८४९ | २३९०३८ | ४०३०९३ | ७९७८०० | ३१८४६५३ |
| **जम्मा** | **१४२६०३७०** | **१४८३०९३५** | **१२९६६६८५** | **१२४९७८०७** | **१३४४७३२१** | **११७२३९९१** | **१४३३९७११** | **९४०६६८२०** |
| राजस्व बाँडफाँट | ९१५०३९६ | ८५६०५७८ | १०२४२७७९ | ६९९३८१७ | ९०८५५३९ | ६५१८७७९ | ७७०३९०० | ५४२५५७८८ |
| **कुल जम्मा** | २३४१०७६६ | २३३९१५१३ | २३२०९४६४ | १९४९१६२४ | २२५३२८६० | १८२४२७७० | २२०४३६११ | १४८३२२६०८ |

प्रदेश सरकारहरूको समग्र लेखापरीक्षण र कार्यसम्पादन अवस्थाको विश्लेषणसहितको प्रतिवेदन प्रदेशगतरुपमा सार्वजनिक गरिएको छ।

महालेखा नियन्त्रक कार्यालयबाट पेस भएको एकीकृत वित्तीय विवरणअनुसार नेपाल सरकारबाट ७ प्रदेशलाई प्रदान गरिएको वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानमा रू.९९ अर्ब ६६ करोड निकासा भएकोमा ७ वटै प्रदेश लेखा नियन्त्रक कार्यालयहरूको एकीकृत वित्तीय विवरणअनुसार रू.९४ अर्ब ६ करोड मात्र रकम प्राप्त भएको देखिएकोले फरक रकम रू.५ अर्ब ६० करोडको हिसाब यकिन गरिनुपर्दछ।

९२. **राजस्व अनुमान र प्राप्ति** - सात प्रदेश सरकारले बजेट वक्तव्यमार्फत २०७९।८० मा कर राजस्व, गैरकर राजस्व, बाँडफाँटबाट प्राप्त हुने राजस्व र बेरुजुसमेत रू.१ खर्ब २८ अर्ब ५२ करोड ९८ लाख २९ हजार प्रक्षेपण गरेकोमा रू.९४ अर्ब ४३ करोड ४६ लाख ८३ हजार (७३.४७ प्रतिशत) प्राप्त गरेको देखिन्छ। प्रदेश सरकारको राजस्वको आधार तथा क्षेत्रगत असुली प्रक्षेपणको तुलनामा न्यून रहेको छ। प्रदेशगत राजस्व प्रक्षेपण र असुली देहायबमोजिम रहेको देखिन्छः

(रू. हजारमा)

| प्रदेश | राजस्व प्रक्षेपण | राजस्व प्राप्ति (अनुदान बाहेक) | प्राप्ति प्रतिशत |
|---|---|---|---|
| **कोशी** | १६८६६९४० | १२९६६७३६ | ७६.८८ |
| **मधेश** | १६१४४५५९ | १३६७०१७६ | ८४.६७ |
| **बागमती** | ३४२५०५४१ | २७३९७५०० | ७९.९९ |
| **गण्डकी** | १४६५५८०० | ९८७७४३५ | ६७.४० |
| **लुम्बिनी** | २०१५९३०० | १४०५०७०८ | ६९.७० |
| **कर्णाली** | ९६६२४३४ | ७०९०३९० | ७३.३८ |
| **सुदूरपश्चिम** | १६७९०२५५ | ९३८१७३८ | ५५.८८ |
| जम्मा | १२८५२९८२९ | ९४४३४६८३ | *७३.४७* |

प्रदेशहरूको प्रक्षेपणअनुसार राजस्व प्राप्ति लक्ष्य अनुरूप नभएको राजस्वको आधार विस्तार गर्दै आन्तरिक स्रोत परिचालन अभिवृद्धि गर्नुपर्दछ।

९३. **बजेट तथा खर्च** - प्रदेशगत आर्थिक कार्यविधि ऐनहरूमा प्रदेश अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको लागि प्रदेश सभासमक्ष राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्थाबमोजिम प्रदेश सभाबाट स्वीकृत भएको २०७९।८० को बजेट र खर्चको स्थिति निम्नानुसार रहेको छः

(रू. हजारमा)

| प्रदेश | वार्षिक बजेट | चालु खर्च | पुँजीगत खर्च | य खर्च | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| **कोशी** | ३९९२७५४४ | १२६४५२३३ | १८११२५४९ | ० | ३०७५७७८२ | ७७.०३ |
| **मधेश** | ४७०२५०५२ | १०६७०३३९ | १६१९९५३१ | ० | २६८६९८७० | ५७.१४ |
| **बागमती** | ७०९३९२९१ | १७९८२४०२ | २८२७९५६८ | ६००००० | ४६८६१९६८ | ६६.०६ |
| **गण्डकी** | ३५९०९००० | ८३५३४२२ | १५२६१३६१ | ० | २३६१४८८३ | ६५.७६ |
| **लुम्बिनी** | ४२७८९४४२ | १२५०७५८७ | १७७३६५६९ | ० | ३०२४४१५५ | ७०.६८ |
| **कर्णाली** | ३२६१६१६४ | ९४८१३२५ | १२७७६५४८ | ० | २२२५७८७३ | ६८.२४ |
| **सुदूरपश्चिम** | ३६८३३८६४ | ८२४८५७९ | १५८१४५१६ | ० | २४०६३०९५ | ६५.३३ |
| **जम्मा** | ३०६०४०३५७ | ७९८८८९८७ | १२४१८०६४२ | ६००००० | २०४६६९६२६ | ६६.८८ |

प्रदेशको औसत खर्च ६६.८८ प्रतिशत रहेकोमा बजेटको तुलनामा सबैभन्दा बढी खर्च कोशी प्रदेशको ७७.०३ र सबैभन्दा कम खर्च मधेश प्रदेशको ५७.१४ प्रतिशत रहेको छ। कार्यान्वयनयोग्य कार्यक्रम र खर्च सिर्जना गर्ने आधार स्पष्ट नहुँदा खर्च न्यून देखिएकोले विनियोजन दक्षतामा सुधार गर्नुपर्दछ।

९४. **रकमान्तर** - प्रदेशगत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनअनुसार स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकबाट अर्को बजेट उपशीर्षक स्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार आर्थिक मामिला हेर्ने मन्त्रालयको हुने व्यवस्था छ। यो वर्ष ७ प्रदेशको सुरु बजेट रू.३ खर्ब ६ अर्ब ४ करोड ३ लाख ५७ हजार रहेकोमा रू.६४ अर्ब ७२ करोड ६२ लाख ४३ हजार रकमान्तर गरेको पाइयो। सोमध्ये २०८० आषाढ महिनामा मात्र कोशी प्रदेशले रू.२ अर्ब ६१ करोड ५१ लाख ८१ हजार, मधेश प्रदेशले रू.५३ करोड ६१ लाख ६२ हजार, बागमती प्रदेशले रू.३ अर्ब १६ करोड ९६ लाख ६७ हजार, गण्डकी प्रदेशले रू.२ अर्ब ४ करोड २२ लाख ८५ हजार, लुम्बिनी प्रदेशले रू.२ अर्ब ३६ करोड ९३ लाख, कर्णाली प्रदेशले रू.३२ करोड ९१ लाख ११ हजार र सुदूरपश्चिमले रू.२ अर्ब ५२ करोड १७ लाख २८ हजार रकमान्तर गरेका छन्। वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

९५. **प्रदेश आन्तरिक स्रोत परिचालन** - प्रदेश सरकारहरूको २०७९।८० को कुल खर्च रू.२ खर्ब ४ अर्ब ६६ करोड ९६ लाख २६ हजार रहेकोमा प्रदेश सरकारको आन्तरिक स्रोतबाट रू.१ खर्ब १२ अर्ब ६० करोड ३३ लाख १ हजार खर्च गरेको छ। प्रदेशगत खर्चको स्थिति यस प्रकार छः

(रू.लाखमा)

| प्रदेश | कुल खर्च | प्रदेश स्रोतबाट खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| **कोशी** | ३०७५७७८२ | १६४७९४१२ | ५३.५८ |
| **मधेश** | २६८६९८७० | १६०२२५५७ | ५९.६३ |
| **बागमती** | ४६८६१९६८ | ३००६८६९९ | ६४.१६ |
| **गण्डकी** | २३६१४८८३ | १३३२०१७५ | ५६.४१ |
| **लुम्बिनी** | ३०२४४१५५ | १६७९६८३३ | ५५.५४ |
| **कर्णाली** | २२२५७८७३ | १०५३३८८७ | ४७.३३ |
| **सुदूरपश्चिम** | २४०६३०९५ | ९३८१७३८ | ३८.९९ |
| जम्मा | **२०४६६९६२६** | **११२६०३३०१** | **५३.६६** |

प्रदेश सरकारहरूले यो वर्ष गरेको कुल खर्चमध्ये आन्तरिक स्रोतबाट औसतमा ५३.६६ प्रतिशत र बाँकी सङ्घीय सरकारको स्रोतबाट खर्च गरेको देखियो। आन्तरिक स्रोतबाट बेहोरिएको खर्च सबैभन्दा कम सुदूरपश्चिम प्रदेशको ३८.९९ प्रतिशत र सबैभन्दा बढी बागमती प्रदेशको ६४.१६ प्रतिशत खर्च रहेको छ। आन्तरिक स्रोत परिचालन प्रभावकारी बनाउनुपर्ने देखिएको छ।

९६. **यो वर्षको बेरुजु** - प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको २०७९।८० को लेखापरीक्षण रकम र बेरुजु अङ्क निम्नानुसार छः

(रू. लाखमा)

| प्रदेश | लेखापरीक्षण गरिएको कार्यालय संख्या | लेखापरीक्षण रकम | कुल बेरुजु रकम | पेस्की बाहेक बेरुजु रकम | बेरुजु प्रतिशत | पेस्की बाहेक बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|
| **कोशी** | १९८ | ५२७८७१ | १३१७६ | १२४१२ | २.५० | २.३५ |
| **मधेश** | १४९ | ४७९४४७ | १८५४२ | १४०५७ | ३.८७ | २.९३ |
| **बागमती** | २२० | ८४२२८२ | ९६४९ | ७७९६ | १.१५ | ०.९३ |
| **गण्डकी** | २१५ | ४११७५५ | ८०१७ | ६७७६ | १.९५ | १.६५ |
| **लुम्बिनी** | २८९ | ५७९१५९ | ११२६३ | ९४४२ | १.९५ | १.६३ |
| **कर्णाली** | १५५ | ३७३३६९ | ९६७८ | ७०१५ | २.५९ | १.८८ |
| **सुदूर पश्चिम** | १६१ | ३९४३९९ | ३७६४ | २३१४ | ०.९५ | ०.५९ |
| **जम्मा** | **१३८७** | **३६०८२८२** | **७४०८९** | **५९८१२** | **२.०५** | **१.६६** |

उपर्युक्त तालिकाअनुसार सबभन्दा बढी बेरुजु मधेश प्रदेशको ३.८७ प्रतिशत र सबैभन्दा कम बेरुजु सुदूरपश्चिम प्रदेशको ०.९५ प्रतिशत रहेको छ।

९७. **अद्यावधिक बेरुजु** - प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजु रू.२७ अर्ब ९५ लाख १८ हजार रहेकोमा सम्परीक्षणबाट रू.२ अर्ब ९६ करोड ७० लाख १ हजार फस्योंट तथा समायोजनबाट रू.५ करोड ८० लाख ६७ हजार थप भई रू.२४ अर्ब १० करोड ५ लाख ८४ हजार बाँकी रहेको र यो वर्ष रू.७ अर्ब ४० करोड ८९ लाख ३६ हजार थप भई अद्यावधिक बेरुजु रू.३१ अर्ब ५० करोड ९५ लाख २० हजार रहेको छ। सो रकममा रू.८ अर्ब ३९ करोड ६१ लाख ७७ हजार पेस्की रहेको छ। यससम्बन्धी प्रदेशगत विवरण देहायबमोजिम छः

(रू. हजारमा)

| प्रद | गत सम्मको बाँकी | समायोजन | सम्परीक्षण | बाँकी | यो वर्षको थप | छैटौं प्रतिवेदन सम्मको बाँकी | बेरुजु बाँकी मध्ये पेस्की |
|---|---|---|---|---|---|---|---|
| **कोशी** | ४९६३३९४ | - | ७००५९७ | ४२६२७९७ | १३१७६१० | ५५८०४०७ | ८३३७९६ |
| **मधेश** | ६७६१८८९ | ३३८ | ३०५६११ | ६४५६६१६ | १८५४२४२ | ८३१०८५८ | २६९१६५० |
| **बागमती** | ३३५०२५० | - | ३४६०३ | ३३१५६४७ | ९६४९१४ | ४२८०५६१ | ९९४७५२ |
| **गण्डकी** | २१४४४७० | ३७३७० | २९७९८० | १८८३८६० | ८०१६८२ | २६८५५४२ | ७३३७२९ |
| **लुम्बिनी** | ३०५८१७५ | १८८ | १६३७३९ | २८९४६२४ | ११२६३४५ | ४०२०९६९ | १७७७३८५ |
| **कर्णाली** | ४३३९३८० | २०१७१ | १३७९०४९ | २९८०५०२ | ९६७७५२ | ३९४८२५४ | ७९१८२० |
| **सुदूरपश्चिम** | २३९१९६० | - | ८५४२२ | २३०६५३८ | ३७६३९१ | २६८२९२९ | ५७३०४५ |
| जम्मा | **२७००९५१८** | **५८०६७** | **२९६७००१** | **२४१००५८४** | **७४०८९३६** | **३१५०९५२०** | **८३९६१७७** |

प्रदेश सरकारहरूको समग्र लेखापरीक्षण र कार्यसम्पादन अवस्थाको विश्लेषणसहितको प्रतिवेदन प्रदेशगतरुपमा सार्वजनिक गरिएको छ।

## स्थानीय तह

९८. **समग्र आय व्यय** - महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वार्षिक वित्तीय विवरणअनुसार यो वर्ष ७५३ स्थानीय तहले सङ्घ र प्रदेशबाट हस्तान्तरित अनुदान रू.३ खर्ब १९ अर्ब २३ करोड २८ लाख, सङ्घ र प्रदेश सरकारको राजस्व बाँडफाँटबाट रू.८३ अर्ब ५ करोड १५ लाख, आन्तरिक आय रू.२७ अर्ब ८५ करोड २० लाख र गत वर्षको मौज्दात रू.१ खर्ब २ अर्ब ३२ करोड ५८ लाखसमेत रू.५ खर्ब ३२ अर्ब ४६ करोड २१ लाख आय प्राप्त गरेको देखिन्छ। प्राप्त आयमध्ये रू.४ खर्ब ५३ अर्ब ८१ करोड ७७ लाख खर्च भई रू.७८ अर्ब ६४ करोड ४४ लाख बचत रहेको देखिन्छ। यस सम्बन्धी थप बेहोरा निम्नानुसार छन्:

९८.१ महालेखा नियन्त्रक कार्यालयले पेस गरेको आय-व्यय विवरणमा सङ्घीय मन्त्रालय/निकायमा विनियोजन भई स्थानीय तहलाई अख्तियारी एवं निकासा दिएको रू.१ खर्ब २१ अर्ब ३६ करोड ७ लाख तथा सुदूरपश्चिम प्रदेशबाहेकका प्रदेशले मन्त्रालयमा विनियोजन भई स्थानीय तहलाई अख्तियारी एवं निकासा दिएको रू.१ अर्ब १६ करोड ३५ लाख र स्थानीय तहको कोष तथा अन्य खाताहरू समग्र आय-व्यय विवरणमा समावेश गरेका छैनन्। सबै कारोबारलाई समेटेर एकीकृत आय-व्यय विवरण तयार गर्नुपर्दछ।

९८.२ यो वर्ष लेखापरीक्षण भएका ७४६ स्थानीय तहको कुल रू.६ खर्ब ७१ अर्ब ९४ करोड १२ लाख आम्दानीमध्ये रू.५ खर्ब ७७ अर्ब ८० करोड ४ लाख (८५.९९ प्रतिशत) खर्च भएको छ। कुल खर्चमध्ये चालु खर्च रू.२ खर्ब ९९ अर्ब ५० करोड ६३ लाख (५१.८३ प्रतिशत), पुँजीगत

खर्च रू.१ खर्ब ७० अर्ब ७३ करोड १० लाख (२९.५५ प्रतिशत) र वित्तीय व्यवस्था तथा अन्यतर्फ रू.१ खर्ब ७ अर्ब ५६ करोड २९ लाख (१८.६२ प्रतिशत) खर्च भएको छ। यो वर्ष लेखापरीक्षण भएका ७४६ स्थानीय तहको कुल आन्तरिक आय रू.३३ अर्ब ६७ करोड २७ लाख, सङ्घ तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँट रू.७९ अर्ब १३ करोड ३ लाख, गत वर्षको मौज्दात रू.१ खर्ब १२ अर्ब ६९ करोड ९६ लाखसमेत आन्तरिक स्रोततर्फ रू.२ खर्ब २५ अर्ब ५० करोड २६ लाख प्राप्त भएको छ।

९९. **घटी जिम्मेवारी** - स्थानीय तहहरूले प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्दा गत वर्षको मौज्दात यस वर्ष जिम्मेवारी सार्नुपर्ने र सो क्रममा फरक परेमा सोको पुष्ट्याइँ उल्लेख गर्नुपर्दछ। यो वर्ष १८४ स्थानीय तहले रू.२ अर्ब १५ करोड ५३ लाख ५२ हजार घटी जिम्मेवारी सारेकोमा यकिन गरिनुपर्दछ।

१००. **बैङ्क हिसाब मिलान** - स्थानीय तहहरूले मासिक रूपमा स्रेस्ता र बैङ्क खाताको हिसाब मिलान गरी महालेखापरीक्षकबाट स्वीकृत फारम नं. २१२ को ढाँचामा बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यो वर्ष ९० स्थानीय तहले यस्तो विवरण तयार गरेका छैनन्। उक्त स्थानीय तहहरूमा स्रेस्ताले देखाएकोभन्दा बैङ्कमा रू.३ अर्ब ९० करोड ३ लाख ७४ हजार घटी मौज्दात रहेको देखिएकोले यकिन गरिनुपर्दछ।

१०१. **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष २९१ स्थानीय तहले रू.७ अर्ब ४४ करोड २३ लाख ९८ हजार अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन्। अबण्डा रकम कार्यपालिकाको निर्णयबाट पछि बाँडफाँट गरी पटके आयोजना र कार्यक्रममा खर्च हुने, वित्तीय अनुशासन पालना नहुनेलगायतका अवस्था विद्यमान रहने हुँदा अबण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१०२. **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष ७९ स्थानीय तहले उक्त व्यवस्था प्रतिकूल हुने गरी रू.३ अर्ब ३० करोड २४ लाख ८२ हजार रकमान्तर गरेका छन्।

१०३. **अनुदान** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरणअनुसार सङ्घीय तथा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको अनुदानको ५ वर्षको अवस्था देहायअनुसार छः

(रू.लाखमा)

| आर्थिक वर्ष | समानीकरण अनुदान | सशर्त अनुदान | विशेष अनुदान | समपूरक अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| **सङ्घीय सरकारबाट प्राप्त** | | | | | |
| २०७५।७६ | ८५२८७९ | १२५३४२७ | २२७७० | ३८५७३ | २१६७६४९ |
| २०७६।७७ | ८९९६५२ | १५०९९४१ | ४८२८४ | ४७५४० | २५०५४१७ |
| २०७७।७८ | ८९९७३२ | १८३३०२५ | ५८३४१ | ५०८८६ | २८४१९८४ |
| २०७८।७९ | ९४५२७१ | १८४१९२६ | ५८४०९ | ४४०२७ | २८८९६३३ |
| २०७९।८० | ९२६९८४ | १९२८८०३ | ६८३०० | ५२८७५ | २९७६९६२ |
| **प्रदेश सरकारबाट प्राप्त** | | | | | |
| २०७५।७६ | ४४२०१ | ७९९४३ | ९४४७ | १८६२३ | १५२२१४ |
| २०७६।७७ | ६२८०२ | ८२७७२ | २५८४८ | ५७८१७ | २२९२३९ |
| २०७७।७८ | ५३५७६ | ८९४०९ | ७४४७९ | २७७२६ | २४५१९० |
| २०७८।७९ | ७१०५७ | ८७२११ | २१४५१ | ५७३११ | २३७०३० |
| २०७९।८० | ७३०९५ | १०८८७८ | २४८२३ | ५७१४७ | २६३९४३ |

उल्लिखित तथ्याङ्कअनुसार स्थानीय तहहरूमा सङ्घ तथा प्रदेशको समानीकरणको अनुदानको तुलनामा ससर्त अनुदानको अंश बढ्दै गएको छ।

यो वर्ष सङ्घ सरकारबाट प्राप्त अनुदानमध्ये १०२ स्थानीय तहले खर्च नभई बचत रहेको रू.१ अर्ब २५ करोड ४४ लाख ५४ हजार तथा शर्त विपरीत खर्च गरेको ९० स्थानीय तहको रू.४० करोड ८५ लाख २६ हजार र साझेदारी अंश नपुग भएको ५७ स्थानीय तहको रू.१५ करोड ७४ लाख ८४ हजारसमेत रू.१ अर्ब ८२ करोड ४ लाख ६४ हजार सङ्घीय सञ्चित कोषमा फिर्ता गर्न बाँकी देखिएको छ।

यो वर्ष प्रदेश सरकारबाट प्राप्त अनुदानमध्ये ४३ स्थानीय तहले खर्च नभई बचत रहेको रू.१४ करोड ५ लाख ५३ हजार तथा शर्त विपरीत खर्च गरेको ४९ स्थानीय तहको रू.९ करोड ८४ लाख ३२ हजार र साझेदारी अंश नपुग भएको ५० स्थानीय तहको रू.१२ करोड २९ लाख ९९ हजारसमेत रू.३६ करोड १९ लाख ८४ हजार प्रदेश सञ्चित कोषमा फिर्ता गर्न बाँकी देखिएको छ।

१०४. **बक्यौता असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्रअन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्काबापत बक्यौता रकमसमेत असुल गर्ने व्यवस्था छ। यो वर्ष ८३ स्थानीय तहबाट रू.७२ करोड ३ लाख ७३ हजार असुल गर्न बाँकी रहेकोमा सो रकम यकिन गरी असुल गरिनुपर्दछ।

१०५. **प्रदेशसँगको अन्तरसम्बन्ध -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँटलगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यका लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ ।

१०६. **आन्तरिक लेखापरीक्षण -**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। यो वर्ष ३०७ स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराएका छैनन्। यसलाई व्यवस्थित गरिनुपर्दछ।

१०७. **सार्वजनिक सम्पत्ति व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण गराई प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। यो वर्ष २५० स्थानीय तहले जिन्सी निरीक्षण गराएका छैनन्। त्यसैगरी महालेखानियन्त्रक कार्यालयले २०७७।८।७ मा गरेको परिपत्रमा २०७७।९।७ भित्रै सबै कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) अनिवार्य रुपमा लागू गर्नुपर्ने उल्लेख छ। यस वर्षसम्म १३९ स्थानीय तहले उक्त प्रणालीको प्रयोग गरी जिन्सी व्यवस्थापन गरेका छैनन्।

१०८. **पदाधिकारी सुविधा** - प्रदेश सभाद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐनमा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले तोकिएबमोजिम मासिक सुविधा पाउने व्यवस्था छ। यो वर्ष ७ स्थानीय तहले कानुनमा व्यवस्था नभएको चाडपर्व खर्च रू.१२ लाख ६६ हजार, १७ स्थानीय तहले पोशाक सुविधामा रू.११ लाख ५ हजार र ऐनमा उल्लेख भएभन्दा फरक हुने गरी ९९ स्थानीय तहले रू.३ करोड ४२ लाख २९ हजार यातायात खर्च, ९६ स्थानीय तहले बैठक भत्ताबापत रू.२ करोड ४९ लाख ५८ हजार, १२७ स्थानीय तहले भ्रमण तथा अनुगमन खर्चबापत रू.५ करोड ९८ लाख ७२ हजार, ११६ स्थानीय तहले इन्धन, मोबाइल, सवारीसाधन, अतिथि सत्कारलगायतमा रू.६ करोड ३८ लाख ९६ हजारसमेत रू.१८ करोड ५३ लाख २६ हजार बढी भुक्तानी दिएका छन्।

१०९. **स्वकीय सचिव र सल्लाहकार खर्च** - प्रदेश सभाद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐनमा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७७।११।२५ को परिपत्रअनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सोअनुसार मापदण्ड बनाएको देखिएन। यो वर्ष १७१ स्थानीय तहले स्वकीय सचिव र सल्लाहकार नियुक्त गरी रू.९ करोड १५ लाख २ हजार पारिश्रमिक खर्च लेखेका छन्।

११०. **मूल्य समायोजन भुक्तानी** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले मूल्य समायोजन गर्ने व्यवस्था छ। यो वर्ष ६६ स्थानीय तहले खरिद सम्झौता विपरित हुने गरी रू.१४ करोड ६३ लाख ९४ हजार मूल्य समायोजन भुक्तानी गरेका छन्।

१११. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने, नियमावली, २०६४ को नियम ८५ मा रू.१० लाखसम्म सोझै खरिद गर्न सकिने र नियम ८४ अनुसार १० लाखभन्दा बढीको खरिद कार्य सिलबन्दी दरभाउपत्र र २० लाखभन्दा माथि बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ६२५ स्थानीय तहले प्रतिस्पर्धा नगराई विभिन्न निर्माण कार्य, औषधि खरिद, परामर्श एवं वस्तु तथा सेवा सोझै खरिद गरी रू.७ अर्ब २२ करोड ५६ लाख ४२ हजार खर्च लेखेका छन्।

११२. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा लिने व्यवस्था छ। यो वर्ष ३१२ स्थानीय तहले बाह्य परामर्शदाताबाट सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन एवं गुरुयोजना तयारी कार्य तथा अन्य परामर्श सेवा लिई रू.१ अर्ब ६ करोड १५ लाख १९ हजार खर्च गरेका छन्। प्राप्त प्रतिवेदनको अभिलेख नराखेको र यसरी तयार भएका अधिकांश अध्ययन प्रतिवेदन कार्यान्वयनसमेत भएको देखिएन।

११३. **सवारीसाधन खरिद तथा मर्मत** - यो वर्ष ७५ स्थानीय तहले रू.३ अर्ब ६६ करोड ७१ लाख २० हजारको चारपाङ्ग्रे सवारीसाधन र १३० स्थानीय तहले रू.२० करोड ७२ लाख ३८ हजारको दुइपाङ्ग्रे सवारीसाधनसमेत रू.३ अर्ब ८७ करोड ४३ लाख ५८ हजारको सवारीसाधन खरिद गरेका छन्। साथै २६४ स्थानीय तहले सवारीसाधन मर्मतमा रू.७३ करोड ६७ लाख ९ हजार र ३२७ स्थानीय तहले

इन्धनमा रू.१ अर्ब ५६ करोड ६९ लाख ८ हजार समेत रू.२ अर्ब ३० करोड ३६ लाख १७ हजार खर्च गरेका छन्।

११४. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन। यो वर्ष ५२३ स्थानीय तहले विभिन्न व्यक्ति तथा संस्थाहरूलाई रू.१ अर्ब १५ करोड ८८ लाख २४ हजार आर्थिक सहायता वितरण गरेका छन्। जसमध्ये २९४ स्थानीय तहले सहायता वितरण कार्यविधिसमेत तयार नगरी रू.६३ करोड ४१ लाख ६२ हजार आर्थिक सहायता वितरण गरेका छन्।

११५. **लेखापरीक्षण र बेरुजू** - यो वर्ष ७४६ स्थानीय तहको रू.११ खर्ब ३७ अर्ब ४ करोड १९ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट रू.३५ अर्ब ६६ करोड ६३ लाख बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.४ अर्ब ८३ करोड ९ लाख फर्स्यौट गरेकोले रू.३० अर्ब ८३ करोड ५३ लाख फर्स्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रू.४ अर्ब ९ करोड १८ लाख, नियमित गर्नुपर्ने रू.२३ अर्ब ९२ करोड ८८ लाख र म्याद नाघेको पेस्की रू.२ अर्ब ८१ करोड ४८ लाख बाँकी छ। त्यसैगरी **२** स्थानीय तहको २०७७।७८ र २०७८।७९ को रू.२ अर्ब १४ करोड ९५ लाखको लेखापरीक्षणबाट रू.१७ करोड ९८ लाख बेरूजु देखिएको छ।

## कार्यमूलक तथा विशेष लेखापरीक्षण

यो वर्ष ९ विषयको कार्यमूलक, २ विषयको वातावरणीय, १ विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएकोमा सोबाट देखिएका बेहोरा देहायबमोजिम रहेका छन्ः

- **कार्यमूलक लेखापरीक्षण**

११६. **राष्ट्रपति महिला सशक्तीकरण परियोजना कार्यान्वयनको अवस्था** - स्वीकृत अवधारणापत्र, विस्तृत अध्ययन प्रतिवेदन तयार एवं स्वीकृत नगरी परियोजना कार्यान्वयन भएको, तोकिएको लक्ष्य अनुरुप प्रगति हुन नसकेको, परियोजनाको स्पष्ट कार्यदिशा, कार्यान्वयन संयन्त्र तथा छुट्टै कार्यक्रम तथा बजेट हुनुपर्नेमा मन्त्रालयका तहगत संरचना, प्रदेश र स्थानीय तहमार्फत बजेट खर्च हुने गरेको, एकीकृत अभिलेख नरहेको, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी हुन नसकेको लगायतका बेहोरा राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको कार्यमूलक लेखापरीक्षणमा देखिएका छन्।

११७. **सुनसरी मोरङ सिँचाइ आयोजनाको कार्यान्वयन अवस्था** - आयोजनाको कुल क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराउनको लागि शाखा तथा प्रशाखा नहरहरू पर्याप्त नभएको, ड्रेजर मेसिनको मर्मत खर्च बढ्दै गएको, पुरानो मेसिनको कार्यशक्ति घट्ने भएकोले प्रतिस्थापनको विकल्प खोज्नुपर्ने, इन्टेकको डिष्चार्ज क्षमता ६० क्युमेक्स भएता पनि मंसिर देखि जेठसम्ममा कुल क्षमताको औसत ४६.५८ प्रतिशत मात्र पानी डिस्चार्ज हुने गरेको र सिँचाइ सेवा शुल्क बक्यौता रहेको लगायतका बेहोरा देखिएका छन्।

११८. **उत्तर दक्षिण लोकमार्ग (कालीगण्डकी करिडोर) आयोजनाको कार्यसम्पादन अवस्था** - विस्तृत आयोजना प्रतिवेदन खण्डगत रूपमा तयार गरिएको, निर्माण पूर्वका तयारी पूरा नगरी कार्यान्वयनमा लगिएको, माग तथा आवश्यकताबमोजिम बजेट विनियोजन नहुने, विनियोजित बजेट पूर्णरुपमा खर्च हुन नसकेको, पटक पटक निर्माण अवधि थप हुँदा निर्माण कार्यमा ढिलाई हुने गरेको, दरबन्दीअनुसार पदपूर्ति नभएको, कर्मचारी सरुवा, निकायगत समन्वय प्रभावकारी हुन नसकेको, न्यून प्रगति रहेको लगायतका बेहोरा आयोजनाको कार्यमूलक लेखापरीक्षणबाट देखिएका छन्।

११९. **स्वास्थ्य बीमा कार्यक्रमको कार्यान्वयन स्थिति** - स्वास्थ्य बीमाको दायरा विस्तार हुन नसकेको, बीमा सचेतना बढाई नवीकरण गर्ने परिवारको दर बढाउनुपर्ने, बीमा दाबी शोधभर्नाको ठूलो हिस्सा अनुदानमा निर्भर रहेको, सीमित जनशक्ति र कार्यचापको कारण समयमै दाबी भुक्तानी हुन नसकेको, सेवा प्रदायकबाट प्राप्त दाबीहरू प्रमाण नपुगेको कारण उल्लेख्य संख्यामा रद्द हुने गरेको, सुविधा थैलीमा सूचीकृत सेवा अद्यावधिक नभएको, सबै स्थानीय तहमा प्रथम सेवाबिन्दु विस्तार हुन नसकेको लगायतका बेहोरा देखिएका छन्।

१२०. **वैदेशिक रोजगारीमा जाने श्रमिकको सेवा प्रवाहको स्थिति** - उल्लिखित विषयको कार्यमूलक लेखापरीक्षण गर्दा सीमित मुलुकसँग मात्र श्रम सम्झौता भएको, दक्ष कामदारको संख्या न्यून रहेको, श्रम गन्तव्य रहेका सबै मुलुकमा नियोग स्थापना र श्रम सहचारीको व्यवस्था हुन नसकेको, नियोगहरूमा भौतिक पूर्वाधारको कमी रहेको, कार्यबोझको आधारमा कर्मचारी दरबन्दी संख्या, बजेट र सवारीसाधन कम रहेको, श्रम गन्तव्य मुलुकमा सुरक्षित गृहको स्थापना र सञ्चालन नभएको, उजुरी तथा गुनासो समयमा फस्र्यौट नभएको, बन्दी श्रमिकलाई नेपालमा स्थानान्तरण गर्न नसकिएको, वैदेशिक रोजगारीमा जानुपूर्व दिइने अभिमुखीकरण तालिमको प्रभावकारिता न्यून रहेको, आर्थिक सहायताको रकममा पुनरावलोकन नभएको, मृतकको क्षतिपूर्ति समयमा हकवालालाई भुक्तानी नभएको, गैरआवासीय तथा प्रवासी नेपाली सङ्घ सङ्गठनसँग समन्वय गरी आवश्यक सहयोग लिन नसकिएको लगायतका बेहोरा देखिएका छन्।

१२१. **तराई-मधेश समृद्धि कार्यक्रम** - यस कार्यक्रमको कार्यमूलक लेखापरीक्षण गर्दा कार्यक्रम सञ्चालन गर्नुपूर्व आवश्यकता पहिचान, विस्तृत अध्ययन नभएको, आय आर्जनलाई बढावा दिने कार्यक्रम न्यून संख्यामा सञ्चालन भएको, कार्यक्रम सञ्चालन गर्दा मानव विकास सूचकाङ्क, गरिबीको समग्र दर र गहनतालाई पूर्ण रूपमा ध्यान नदिएको, कार्य सम्पादन सूचक पहिचान नभएको, आवास निर्माण गर्दा तोकिएको कार्यविधिको पूर्ण पालना नभएको, आयोजना माग तथा स्वीकृतिको आधार नभएको, बजेट व्यवस्थापन नभई बहुवर्षीय आयोजना सञ्चालन भएको, कार्यक्रममा दोहोरोपनाको जोखिम रहेको र लागत सहभागिता तोकिएबमोजिम नभएको लगायतका बेहोरा देखिएका छन्।

१२२. **कारागार पूर्वाधार व्यवस्थापन** - कारागार पूर्वाधार व्यवस्थापन सम्बन्धमा कार्यमूलक लेखापरीक्षण गर्दा कारागारलाई सङ्घीय र प्रदेश सरकारबाट सञ्चालन गर्ने संविधानको व्यवस्था कार्यान्वयन हुन नसकेको, ऐनको व्यवस्थाबमोजिम विशेष कारागार स्थापना र कैदीबन्दी व्यवस्थापन सम्बन्धमा खुला कारागार, सामुदायिक सेवा, पेरोलमा पठाउने जस्ता अवधारणा कार्यान्वयन नभएको, बन्दी गृहको निर्माणको लागि अन्तर निकाय समन्वय र आवश्यक मापदण्ड तथा कार्यविधि तयार नभएको, भौतिक संरचनाको अभाव रहेको तथा निर्माण भएका कतिपय संरचनाहरूसमेत प्रयोगमा आउन नसकेको, कैदीबन्दीलाई प्रदान गर्नुपर्ने शिक्षा, स्वास्थ्य, मनोरञ्जन, खेलकुद, व्यायाम, पारिवारिक भेटघाट कक्ष, प्रजनन अधिकार, आयआर्जन तथा सीप जस्ता सुविधामा असर परेको लगायतका बेहोरा देखिएका छन्।

१२३. **विशेष भवन निर्माण आयोजनाको कार्यान्वयन अवस्था** — यस आयोजनाको कार्यमूलक लेखापरीक्षण गर्दा आयोजना छनोट तथा प्राथमिकीकरण वस्तुनिष्ठ नभएको, वातावरणीय अध्ययन प्रतिवेदन समयमै स्वीकृत नभएको, निर्माण स्थलको तयारी, डिजाइनहरूमा परिवर्तन, स्थानीयसँगको विवाद, निर्माण सामग्रीको अभावलगायतका कारण पटक पटक म्याद थप भएको, निर्माण व्यवसायीद्वारा प्रयाप्त मात्रामा जनशक्ति र स्रोतसाधन परिचालन हुन नसकेको, सुरु लागतमा समावेश हुनुपर्ने आधारभूत क्रियाकलापमा समेत भेरिएसन गर्नुपरेको, भवनको हस्तान्तरणमा तोकिएका प्रक्रियाहरू पूरा नभएको, ठेक्का सम्झौतामा

भन्सार छुटको विषय स्पष्ट नहुँदा विवाद उत्पन्न भई मध्यस्थता हुँदै अदालतमा पुगेको लगायतका बेहोरा देखिएका छन्।

१२४. **नेपालको खाद्य सुरक्षा स्थिति —** यस विषयको कार्यमूलक लेखापरीक्षण गर्दा प्रमुख खाद्यान्न बालीहरूमा उत्पादन र उत्पादकत्व बढे तापनि खाद्य तथा पोषणको दृष्टिकोणबाट विश्लेषण नभएको, कृषिमा आश्रितको अनुपातमा राज्यको लगानी न्यून रहेको, उन्नत तथा जलवायु अनुकूलनमैत्री अनुसन्धान तथा प्रविधि विकास नभएको, मन्त्रालयको प्रतिवेदन अनुसार उत्पादित खाद्यान्न बचत देखिए तापनि आयात हुने गरेको, आपतकालीन तथा विपदको अवस्थाको लागि खाद्य सञ्चिति नरहेको, प्रमुख बाली उत्पादन हुने क्षेत्रफल, लगानी र खाद्य सुरक्षाको अन्तरसम्बन्ध प्रष्ट्याउने तथ्याङ्कको अभाव रहेको, आयातित खाद्यान्न खाना, दाना वा अन्य प्रयोजनको लागि उपयोग भएकोबारे स्पष्ट अभिलेख नभएको लगायतका बेहोरा रहेका छन्।

## वातावरणीय लेखापरीक्षण

१२५. **विपद् व्यवस्थापनमा सेन्डाई कार्यढाँचाको कार्यान्वयन अवस्था —** यस विषयको वातावरणीय लेखापरीक्षण गर्दा नेपालमा विभिन्न विपदबाट हुने मृत्यु मध्ये सडक दुर्घट्नाबाट हुने मृत्यु सबै भन्दा धेरै रहेको देखिए तापनि सडक पूर्वाधारबारे रणनीतिक कार्य योजनामा कुनै लक्ष्य निर्धारण नगरेको, विपदका कारण शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायात लगायतका आधारभूत सेवामा भएको अवरोधको अवस्था र सो न्यून गर्ने स्पष्ट लक्ष्यहरू रणनीतिक कार्ययोजनामा उल्लेख नभएको, वार्षिक प्रतिवेदन तथा राष्ट्रिय स्वैच्छिक मध्यावधि समीक्षामा प्रत्येक प्राथमिकताअन्तर्गतका रणनीतिक कार्ययोजना र क्रियाकलापका सम्बन्धमा भएको प्रगति स्पष्ट रुपमा खुलाई कार्यान्वयन अवस्था देखिने गरी प्रगति विवरण तयार नगरेको लगायतका बेहोरा देखिएका छन्।

१२६. **स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन —** यस विषयको वातावरणीय लेखापरीक्षण गर्दा फोहरको व्यवस्थित अभिलेख नराखेको, फोहर व्यवस्थापन समिति गठन नगरेको, फोहर व्यवस्थापन योजना तर्जुमा नगरेको, फोहर व्यवस्थापन प्रणालीको अनुगमन तथा मूल्याङ्कन नभएको, तालिम एवं क्षमता अभिवृद्धि कार्यक्रम न्यून संख्यामा सञ्चालन भएको, पेशागत सुरक्षा तथा स्वास्थ्यसम्बन्धी मापदण्ड पूर्ण रूपमा लागु नभएको, फोहरको वर्गीकरण तथा व्यवस्थापन उचित रूपमा हुन नसकेको लगायतका बेहोरा देखिएका छन्।

## सूचना प्रविधि लेखापरीक्षण

१२७. **नेपाल राष्ट्रिय एकद्वार प्रणाली कार्यान्वयन अवस्था -** यस प्रणालीको सूचना प्रविधि लेखापरीक्षणबाट सूचनाको गोपनीयता, साइवर सुरक्षा, इन्टर-अपेराबिलिटी र डाटा एक्सचेनज गर्ने विधिबारे स्पष्ट नगरिएको, व्यवसाय सहजता इण्डेक्समा केही सुधार देखिए तापनि उल्लेख्य सुधार नभएको, जनशक्ति विकास योजना र समय समयमा जोखिम विश्लेषण गर्ने कार्य हुन बाँकी रहेको, प्रणाली सञ्चालन, अनुगमन र मूल्याङ्कनका लागि शासकीय (गभर्नेन्स) संरचना स्पष्ट नरहेको वा निष्क्रिय रहेको, प्रणालीमा आईपर्ने साधारण देखि जटिल समस्या समाधानको लागि प्रणाली विकासकर्तामा पूर्णरूपमा निर्भर रहनुपर्ने अवस्था रहेको लगायतका बेहोरा देखिएका छन्।

## परिच्छेद - ४

# लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति

१. **लेखापरीक्षण प्रतिवेदन** - नेपालको संविधानको धारा २४१ अनुसार सङ्घीय र प्रदेश तहका सबै सरकारी कार्यालय, स्थानीय तह तथा कानुनद्वारा तोकिएका अन्य संस्थाको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी ५ हजार ६०५ निकायको लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ। यो वर्षको लेखापरीक्षणबाट रू.१ खर्ब २७ अर्ब ७३ करोड ६३ लाख बेरुजु देखिएकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम बक्यौतासमेत २०७९।८० को लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराएकोमा ३५ दिनभित्र रू.३२ अर्ब १३ करोड ४२ लाख फस्यौंट गरेकोले देहायबमोजिम रू.९५ अर्ब ६० करोड २१ लाख फस्यौंट हुन बाँकी रहेको छः

(रू. लाखमा)

| विवरण/इकाइ | प्रारम्भिक प्रतिवेदन | | प्रतिक्रियाबाट फस्यौंट | | यस वर्षको फस्यौंट हुन बाँकी | |
|---|---|---|---|---|---|---|
| | दफा | रकम | दफा | रकम | दफा | रकम |
| सङ्घीय सरकारी कार्यालयहरू | ४०२३७ | ५२२१०३ | १५८० | ५६७४१ | ३८६५७ | ४६५३६२ |
| प्रदेश सरकारी कार्यालयहरू | २०३८५ | ७१७८५ | ८५४ | ६०९६ | १९५३१ | ६५६८९ |
| स्थानीय तह | १३१९६१ | ३६११५१ | ११०१६ | ५०९९९ | १२०९४५ | ३१०१५२ |
| अन्य संस्था समिति (प्रदेश समेत) | १५९४८ | ३२२३२४ | ५१४ | २०७५०६ | १५४३४ | ११४८१८ |
| जम्मा | **२०८५३१** | **१२७७३६३** | **१३९६४** | **३२१३४२** | **१९४५६७** | **९५६०२१** |

त्यस्तै यो वर्ष छनोट गरिएका ९ विषयको कार्यमूलक लेखापरीक्षण, २ विषयको वातावरणीय लेखापरीक्षण, १ विषयको सूचना प्रविधि लेखापरीक्षण गरी सुझावसहितको प्रतिवेदन जारी गरिएको छ। संस्थान, समिति तथा अन्य संस्थातर्फ ३१० संस्थाको बक्यौतासमेत ६३० आय वर्षको लेखापरीक्षण गरी प्रतिवेदन जारी गरिएको छ। यस वर्ष सङ्घीय कार्यालयतर्फ ५ र स्थानीय तहतर्फ ७ समेत १२ कार्यालयको लेखापरीक्षण बक्यौता रहेको छ। यसैगरी गत विगतका बक्यौतामध्ये सङ्घीय कार्यालयतर्फ १२, प्रदेश कार्यालयतर्फ २ र स्थानीय तहतर्फ २ समेत १६ कार्यालयको बक्यौता लेखापरीक्षण सम्पन्न भएको छ।

२. **बेरुजुको लगत र अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८(१) मा कार्यालयस्तरमा र दफा ३८(२) मा केन्द्रीयस्तरमा बेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ। साथै दफा ३८(४) मा फस्यौंट तथा फरफारक भएको बेरुजुको लगत अद्यावधिक गरी पछिल्ला अवधिको लेखापरीक्षण हुँदा बेरुजुको लगत समेत परीक्षण गराउनुपर्ने व्यवस्था छ। जिम्मेवार निकायहरूले बेरुजुको यथार्थ विवरण सहित लगत तथा अभिलेख अद्यावधिक नगरेको कारण बेरुजु फस्यौंट एवं सम्परीक्षणको कार्यसमेत प्रभावित भएको छ। बेरुजुको अद्यावधिक लगत, अभिलेख, फस्यौंट तथा सम्परीक्षण कार्यलाई कानुन बमोजिम व्यवस्थित गर्नुपर्दछ।

३. **बेरुजु फस्यौंट तथा सम्परीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा लेखापरीक्षणबाट औंल्याइएका बेरुजु प्रमाण पेस गरी, नियमित गरी वा असुलउपर गरी बेरुजु फस्यौंट गर्नुपर्ने व्यवस्था छ। यसरी बेरुजु फस्यौंट भएपछि महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनुपर्ने व्यवस्थाअनुसार आर्थिक वर्ष २०६०।६१ देखिको बेरुजु फस्यौंट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छः

(रू.लाखमा)

| विवरण | विगतको बेरुजु | समायोजनबाट थप (घट ) | फस्यौंट तथा सम्परीक्षण | विगतको खुद बाँकी | चालू वर्षको थप बेरुजु | अद्यावधिक बेरुजु |
|---|---|---|---|---|---|---|
| सङ्घीय सरकारी कार्यालयहरू | २९६१३२९ | - | - | २९६१३२९ | ४६५३६२ | ३४२६६९१ |
| प्रदेश सरकारी कार्यालयहरू | २४३७८० | (२८) | २४७५७ | २१८९९५ | ६५६८९ | २८४६८४ |
| स्थानीय तह | १७२६०५३ | ० | १०१६२२ | १६२४४३१ | ३१०१५२ | १९३४५८३ |
| अन्य संस्था समिति (प्रदेश समेत) | ९४२२३१ | (११) | ४३५७ | ९३७८६३ | ११४८१८ | १०५२६८१ |
| जम्मा | **५८७३३९३** | **(३९)** | **१३०७३६** | **५७४२६१८** | **९५६०२१** | **६६९८६३९** |

३.१. महालेखापरीक्षकको ६० औं वार्षिक प्रतिवेदन २०७९ सम्म बाँकी रहेको कुल बेरुजु रू.५ खर्ब ८७ अर्ब ३३ करोड ९३ लाखमध्ये यो वर्ष समायोजन रू.३९ लाख तथा फस्यौंट तथा सम्परीक्षण रू.१३ अर्ब ७ करोड ३६ लाख (२.२२ प्रतिशत) भएकोमा यो वर्ष रू.९५ अर्ब ६० करोड २१ लाख थप भई रू.६ खर्ब ६९ अर्ब ८६ करोड ३९ लाख अद्यावधिक बेरुजु रहेको छ।

३.२. नेपाल सरकारको २०६९।६।११ को निर्णयानुसार कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा आर्थिक वर्ष २०५९।६० सम्मको हस्तान्तरित बेरुजु रू.५ अर्ब २४ करोड ७२ लाख २४ हजारमध्ये सरकारी कार्यालयतर्फ नियमित, असुल तथा मिनाहा गरी रू.१ अर्ब ८७ करोड ५८ लाख ७९ हजार फस्यौंट भई लगत कट्टा भएको देखिन्छ।

४. **स्थानीय तहको बेरुजु फस्यौंट व्यवस्था** - लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) मा महालेखापरीक्षकले स्थानीय तहको लेखापरीक्षण गरी जारी गरेको प्रतिवेदन सम्बन्धित स्थानीय तहले गाउँ वा नगर सभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहको सभामा प्रतिपक्षको अभ्यास नहुने हुँदा लेखा समिति प्रभावकारी नहुने र खर्चमा प्रभाव पार्ने निर्णयहरूमा कार्यकारीको प्रभाव देखिने भएकोले बेरुजु फस्यौंट सम्बन्धमा स्वार्थ बाझिएको अवस्था छ। वित्तीय पारदर्शिता एवं जवाफदेहिताको लागि सम्बन्धित ऐनहरूमा आवश्यक पुनरावलोकन गरी स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन माथि छलफल एवं अनुगमन गर्ने स्वतन्त्र र प्रभावकारी संयन्त्रको व्यवस्था गर्नुपर्दछ।

५. **प्रतिवेदन कार्यान्वयन कार्य योजना** - लेखापरीक्षण ऐन, २०७५ को दफा २१ मा महालेखापरीक्षकबाट जारी प्रतिवेदनको कार्यान्वयन गर्नु सम्बन्धित जिम्मेवार पदाधिकारीको कर्तव्य हुने तथा महालेखापरीक्षकले प्रतिवेदनमा उल्लेख गरिएका विषयमा सुधार भए/नभएको र सुझाव कार्यान्वयन भए/नभएको सुनिश्चित गर्न सम्बन्धित निकायबाट भएका काम कारबाहीको प्रतिवेदन लिने, कार्यान्वयनका लागि कार्यावधि तोकी पुनः जाँच तथा आवश्यकतानुसार निर्देशन दिनेलगायतका कार्य गर्न सक्ने व्यवस्था छ। महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरूको समयमै कार्यान्वयन नहुँदा एकै प्रकृतिका व्यहोरा दोहोरिने गरेका छन्। जिम्मेवार पदाधिकारीहरूले कार्य योजना तयार गरी लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा कार्यान्वयन गर्नुपर्दछ ।

६. **बेरुजु फस्यौंटमा भएको प्रयास -** नेपाल सरकारका मन्त्रालय र निकायका लेखाउत्तरदायी अधिकृत तथा सार्वजनिक संस्थानका प्रमुखसँग कार्यालयको वार्षिक लेखापरीक्षण योजना र कार्यक्रम तथा विगत वर्षका प्रतिवेदन सम्बन्धमा  नेपाल सरकारका मुख्य सचिव, संघ एवं प्रदेश सरकारका लेखाउत्तरदायी अधिकृतहरू र स्थानीय तहको पदाधिकारीहरूसँग छलफल तथा अन्तरक्रिया गरिएको छ। ती छलफल कार्यक्रमहरूमा बेरुजु हुनाका कारण,  बेरुजु न्यूनीकरण गर्ने उपाय र लेखापरीक्षणबाट देखिएका व्यहोरालाई समयमै प्रतिक्रिया, प्रमाण र पुष्ट्याइँका आधारमा फस्यौंट गर्ने कार्यलाई कर्मचारी वृत्ति विकाससँग आबद्ध गर्न नीतिगत तथा कानुनी प्रबन्ध गर्नुपर्ने विषयमा छलफल भएको छ। सो अनुसार नीतिगत र कानुनी व्यवस्था गर्नुपर्दछ ।

७. **लेखापरीक्षणको प्रभाव -**  यो वर्षको लेखापरीक्षणको क्रममा रू.१ अर्ब २६ करोड २५ लाख, प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.७१ करोड ८० लाख तथा विगतको बेरुजु फस्यौंट गर्दा रु.१९ करोड ६८ लाख गरी बजेटरी निकायतर्फ रू.२ अर्ब १७ करोड ७३ लाख र गैर बजेटरी निकायतर्फ रू.१९ अर्ब ९९ करोड ४० लाखसमेत रू.२२ अर्ब १७ करोड १३ लाख असुल भएको छ । विगतमा लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका सुझाव अनुसार यो वर्ष एफपीओ जारी गरी प्राप्त रकमबाट लाभांशबापत वितरित बोनस शेयरको रकम आयमा समावेश नगरेका निकायमा शुल्क र ब्याज मिनाहासम्बन्धी बेरुजुबाट रू.७ अर्ब ८५ करोड ६ लाख र बैङ्क तथा वित्तीय संस्थाहरूको मर्जर तथा एक्विजिसनको लाभमा लाग्ने करमा शुल्क र ब्याज मिनाहा नहुने सम्बन्धी व्यवस्थाबाट रू.५ अर्ब ३७ करोड १ लाखसमेत रू.१३ अर्ब २२ करोड ७ लाख राजस्व असुल भएको छ । सो बाहेक विभिन्न भन्सार तथा कर सम्बन्धमा दिइएको सुझावहरू कार्यान्वयन भएका कारण सङ्घीय सञ्चित कोषमा राजस्व प्राप्त भएको छ विभिन्न विषयमा नीतिगत तथा कानुनी सुधारका लागि दिइएका सुझावहरू कार्यान्वयनको चरणमा रहेका छन् ।

८. **पेस्की बाँकी -** यो वर्ष संघ, प्रदेश र स्थानीय तहसमेतको म्याद नाघेको कुल पेस्की रू.६ अर्ब ३४ करोड ४१ लाखमध्ये संघतर्फ रू. २ अर्ब ९ करोड ७२ लाख, प्रदेशतर्फ रू. १ अर्ब ४२ करोड ४१ लाख र स्थानीय तहतर्फ रू. २ अर्ब ८२ करोड २८ लाख बाँकी रहेको छ । सोको विवरण अनुसूची-१५ मा रहेको छ । महालेखा नियन्त्रक कार्यालयको एकिकृत वित्तीय विवरण अनुसार सङ्घीय र प्रादेशिक कार्यालय तथा स्थानीय तहमा रू. ५६ अर्ब ९१ करोड ७८ लाख पेस्की बाँकी देखिन्छ । सो को विवरण अनुसूची-१७ मा रहेको छ । म्याद नाघेको र ननाघेको पेस्कीको अद्यावधिक विवरण तयार नगरेका कारण सोको विश्लेषण गर्न सकिएन । पेस्की बाँकी रकम वित्तीय व्यवस्थापन सूचना प्रणालीसँग भिडान नभएको, पेस्की हिसाब राख्न महालेखापरीक्षकद्वारा तोकिएको फाराम अद्यावधिक नगरेको, कार्यालयहरूले विगत वर्षमा बाँकी पेस्की फस्यौंट गर्दा छुट्टै अभिलेख राखी सम्परीक्षण नगराएको, खर्च नहुने अवस्थामा समेत पेस्की दिएको, समयमा पेस्की फस्यौंट नगरेको लगायतका बेहोरा देखिएकोले पेस्की प्रवाह, सोको अभिलेख, फस्यौंट र बाँकी सम्बन्धमा सुधार गर्न जरुरी देखिएको छ ।

९. **वार्षिक प्रतिवेदन, छलफल र सम्परीक्षण -** नेपालको संविधानको धारा २९४(१)  मा महालेखापरीक्षकले राष्ट्रपतिसमक्ष प्रस्तुत गरेको प्रतिवेदन प्रधानमन्त्रीमार्फत प्रतिनिधि सभामा पेस गर्ने र धारा २९४(३) मा महालेखापरीक्षकले प्रदेशगत अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्न सक्ने व्यवस्था

रहेको छ । यस्तै लेखापरीक्षण ऐन, २०७५ को दफा १९(५) मा महालेखापरीक्षकले पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ ।

९.१. महालेखापरीक्षकको वार्षिक प्रतिवेदनउपर प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिमा छलफल हुने व्यवस्थाअनुरूप महालेखापरीक्षकको साठिऔं वार्षिक प्रतिवेदन, २०७९ चैत्र ३० गते राष्ट्रपतिज्यूसमक्ष पेस भएकोमा उक्त प्रतिवेदनमा औंल्याइएका बेहोराउपर सार्वजनिक लेखा समितिमा सामान्य छलफल भई विस्तृत छलफलका लागि समिति अन्तर्गतको उप-समितिमा छलफल जारी रहेकोले सो सम्बन्धमा सार्वजनिक लेखा समितिबाट कुनै निर्देशन प्राप्त भएको छैन । महालेखापरीक्षकबाट वार्षिक प्रतिवेदन पेस भए लगत्तै सङ्घीय संसदमा समयमै छलफल र कार्यान्वयन गर्ने व्यवस्था हुनुपर्दछ।

९.२. सबै प्रदेशका प्रमुखसमक्ष महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९।१२।३० मा पेस भएकोमा सम्बन्धित प्रदेशका मुख्यमन्त्रीहरूबाट उक्त प्रतिवेदन कोशी प्रदेश सभामा २०८०।२।२३, बागमती प्रदेश सभामा २०८०।३।१४, मधेश प्रदेश सभामा २०८०।२।५, गण्डकी प्रदेश सभामा २०८०।६।११ र कर्णाली प्रदेश सभामा २०८०।१।१४ मा पेस भएको छ। लुम्बिनी र सुदूरपश्चिम प्रदेशका सभामा उक्त प्रतिवेदन हालसम्म पेस भएको जानकारी प्राप्त भएको छैन।

महालेखापरीक्षकले वार्षिक प्रतिवेदन प्रदेश सभामा प्रस्तुत भई सम्बन्धित समितिमा छलफल हुने व्यवस्था रहेकोले आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्व प्रवर्द्धनमा सहयोग पुग्ने हुँदा तत्कालै सञ्चालन हुने प्रदेश सभामा प्रतिवेदन प्रस्तुत गरी यथासमयमा छलफल हुने व्यवस्था गरिनुपर्दछ।

९.३. सङ्घीय संसदको निर्वाचन सम्पन्न भई २०८०।२।२ मा सार्वजनिक लेखा समितिको गठन भएको र बेरुजु छलफलको लागि २०८०।५।३१ मा उपसमितिहरू गठन भएका छन् । उपसमिति र समितिले गरेको निर्णयसहितको वार्षिक प्रतिवेदन सङ्घीय संसदमा पेस नभएकोले हालको सार्वजनिक लेखा समितिबाट भएको निर्णय कार्यान्वयन हुन बाँकी छ ।

९.४. प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० मा सार्वजनिक लेखा समितिको कार्यक्षेत्रमा सार्वजनिक लेखा र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन तोकिएको छ। नियमावलीको नियम १७५ (४) मा सार्वजनिक लेखा समितिले सभामा पेस भएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखापरीक्षकद्वारा भए गरेका काम कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनुपर्ने काम कारबाही कानुनसम्मत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ। महालेखापरीक्षकले हालसम्म ६० वटा वार्षिक प्रतिवेदन पेस गरेकोमा केही प्रतिवेदनमा छलफल टुङ्गिन बाँकी रहेको छ । छलफल भएका बेरुजु सम्बन्धमा दिएका निर्देशन एवं सार्वजनिक लेखापालन सम्बन्धमा भएका निर्णयको कार्यान्वयन सम्बन्धित लेखा उत्तरदायी अधिकृतले गर्नुपर्ने भएकोले निर्णय कार्यान्वयन अवस्थाको अभिलेख राखि प्रभावकारी अनुगमन गर्नुपर्ने देखिएको छ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २ मा लेखापरीक्षण भन्नाले दफा ३ बमोजिमका निकायको लेखा तथा लेखासँग सम्वन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषण सम्झनुपर्ने, सो शब्दले सम्परीक्षण कार्यलाईसमेत जनाउने उल्लेख भएको, दफा २१ मा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा महालेखापरीक्षकले प्रतिवेदन र जवाफ लिने, कार्यान्वयनको लागि समयावधि तोक्ने, पुनः जाँच गर्ने र त्यस सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन दिनेलगायतका कार्य

गर्न सक्ने  व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४०(४) मा लेखाउत्तरदायी अधिकृतबाट नियमित भएको बेरुजु ७ दिनभित्र तथा दफा ४१(३) मा प्रतिनिधि सभाबाट स्वीकृत सार्वजनिक लेखा समितिको प्रतिवेदनबमोजिम बेरुजुको लगतबाट हटाउनु पर्ने विषय ३० दिनभित्र हटाई सो को जानकारी सार्वजनिक लेखा समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनुपर्ने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयबाट स्थापनाकालदेखि नै कानुनबमोजिम सम्परीक्षण हुँदै आएकोमा सार्वजनिक लेखा समितिको २०७९।३।१७ को निर्देशन अनुसार बेरुजु सम्परीक्षण गरी लगत कट्टा गर्ने कार्य स्थगन भएकोले सार्वजनिक लेखा समितिसँग छलफल गरी विषयवस्तुको टुङ्गो लगाउनु पर्ने एवं माथि उल्लिखित दुई कानुनमा सामाजस्यता ल्याउनु पर्ने देखिएको छ । उल्लिखित विषयमा टुङ्गो नलागेकोले यो वर्ष सङ्घीय मन्त्रालय र मातहतका २० कार्यालयले रू.३९ करोड १४ लाख ८९ हजार बेरुजु फस्योंट गरी पेस गरेकोमा सम्परीक्षण एवं लगत कट्टा गर्ने कार्य बाँकी रहेको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ का केही प्रावधान लेखापरीक्षण ऐन, २०७५ का प्रावधानसँग एक अर्कामा बाझिएकोले दुई ऐनबीच तादात्म्यता कायम हुने गरी परिमार्जन गरी लेखापरीक्षण, सम्परीक्षण तथा बेरुजु फस्योंट कार्यमा तदारुकता ल्याउनुपर्दछ।

# परिच्छेद - ५

# भविष्यमा गर्नुपर्ने सुधार

सार्वजनिक निकायहरूमा उत्तरदायित्व, पारदर्शिता र निष्ठा प्रवर्धन गरी सीमित स्रोत साधनको समुचित परिचालन मार्फत अपेक्षित उपलब्धि हासिल गर्नु आजको आवश्यकता हो। लेखापरीक्षणको क्रममा अनुभूत गरिएका, प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका विषयलाई समेटी शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक वित्त व्यवस्थापन, सुशासनलगायतका देहायबमोजिम आठ शीर्षकमा सुझावहरू प्रस्तुत गरिएको छ;

## शासकीय प्रबन्ध

### १. कानुन तर्जुमा र कार्यान्वयन

१.१. संविधानको कार्यान्वयनका लागि आवश्यक केही कानुन बन्न बाँकी रहेकाले समन्वयात्मक रूपमा कानुन तर्जुमा गर्नुपर्दछ। मौजुदा कानुनमा समयानुकूल संशोधन तथा परिमार्जन गर्नुपर्दछ। साझा अधिकार सूचीका कानुन तर्जुमा गर्दा सरोकारवालाको सहभागिता सुनिश्चित गर्नुपर्दछ।

१.२. तीन तहबीचको अधिकार क्षेत्रको कार्यविस्तृतीकरण सम्बन्धमा थप स्पष्टता गरी सोको कार्यान्वयन हुनुपर्दछ।

१.३. तीन तहबीच स्रोत बाँडफाँटका लागि थप समन्वय, सहकार्य र साझेदारी हुनुपर्दछ। समन्वय परिषद्हरूको भूमिका थप प्रभावकारी बनाउनुपर्दछ।

१.४. न्यायिक तथा अर्धन्यायिक निकायबाट भएका फैसला एवं नीतिगत निर्णयहरूको कार्यान्वयनमा शीघ्रता ल्याउनुपर्दछ। संसदीय समितिहरूले दिएका निर्देशनको अभिलेख राखी पालना तथा कार्यान्वयनको अनुगमन गर्नुपर्दछ।

१.५. निर्मित कानुनहरूको प्रारूप, ढाँचा र प्रत्यायोजित अधिकारमा एकरूपता कायम गर्नुपर्दछ।

१.६. संवैधानिक निकायहरूलाई वित्तीय तथा प्रशासनिक स्वायत्तता दिई संवैधानिक भूमिकालाई थप प्रभावकारी बनाउनुपर्दछ। यी निकायहरूले दिएका निर्देशन तथा सुझावहरूको कार्यान्वयन हुनुपर्दछ।

१.७. नेपाल पक्ष भएका सन्धि सम्झौताको पालना तथा कूटनीतिक सम्बन्धलाई मजबुत बनाउनुपर्दछ।

१.८. राजनीति र प्रशासनबीच स्पष्ट जिम्मेवारीसहितको अन्तरसम्बन्ध कायम हुनुपर्दछ।

### २. सङ्घीयता कार्यान्वयन

२.१. सङ्घ, प्रदेश र स्थानीय तहबीच विषयगत कार्यक्रम सञ्चालनमा दोहोरोपना नहुने गरी सङ्गठन संरचना निर्माण गर्नुपर्दछ।

२.२. प्राकृतिक स्रोतको दिगो उपयोगमार्फत लाभ प्राप्त गर्न अन्तरतह समन्वय र साझेदारी गर्नुका साथै प्राप्त हुने लाभको वितरणलाई समन्यायिक, सन्तुलित र पारदर्शी बनाउनुपर्दछ।

२.३. सङ्घ र प्रदेशबाट हस्तान्तरण हुने सशर्त अनुदानलाई उपलब्धि तथा लक्ष्य किटान गरी एकमुष्टरूपमा दिने व्यवस्था गर्नुपर्दछ। सशर्त अनुदानको हिस्सालाई कम गर्दै अन्य वित्तीय हस्तान्तरणलाई समसामयिक बनाउनुपर्दछ।

२.४. तीन वटै तहको आन्तरिक स्रोत र खर्चबीचको वित्तीय अन्तर न्यून गर्न सम्बन्धित तहको राजस्वको दायरा विस्तार गर्नुपर्दछ।

२.५. सङ्घीय सरकारको सञ्चित कोष ऋणात्मक भई वित्तीय हस्तान्तरणको लागि समेत ऋण लिनुपर्ने अवस्था रहेको तर प्रदेश तथा स्थानीय तहमा स्रोत उपयोग नभई मौज्दात रहेको देखिएकोले यसको व्यवस्थापनको लागि उपयुक्त विधि छनोट गरिनुपर्दछ।

२.६. प्रदेश मन्त्रालयको सङ्ख्या र सङ्गठन संरचनामा पटक पटक थप घट हुँदा खर्चमा वृद्धि हुनुका साथै जिम्मेवारी र जवाफदेहितामा समेत असर परेकोले यसमा सुधार हुनुपर्दछ।

२.७. प्रदेश लोकसेवा आयोगहरूको कार्यसम्पादनलाई प्रभावकारी बनाई प्रदेश र स्थानीय तहमा आवश्यक जनशक्ति समयमा नै व्यवस्थापन गर्नुपर्दछ।

३. **नियमन व्यवस्था**

३.१. औषधि, कृषिजन्य, खाद्य पदार्थ लगायतका अत्यावश्यक वस्तुहरूको उपलब्धता, गुणस्तर र मूल्यका सम्बन्धमा जनगुनासो समेत रहेकोले सम्बद्ध निकायको समन्वयमा बजार अनुगमन तथा कारबाही गर्ने व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ।

३.२. वित्तीय, सहकारी, वाणिज्य, धितोपत्र, विद्युत, हवाई, शिक्षा, स्वास्थ्य, दूरसञ्चारलगायतका सेवालाई गुणस्तरीय, पहुँचयोग्य एवं समयसापेक्ष बनाउन नियमनकारी निकायको भूमिका थप प्रभावकारी बनाउनुपर्दछ।

३.३. सहकारी संस्थाहरूको बचत सङ्कलन तथा ऋण लगानीको कारोबार र गैरसरकारी संस्थाहरूको कार्यसम्पादन अवस्थाबारे नियमित अनुगमन गरी उद्देश्यअनुरूप कार्य गरेको सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्दछ।

३.४. वस्तु तथा सेवाको आपूर्तिमा हुने ढिलाइ, संरचनाको न्यून गुणस्तर, सेवाप्रवाहमा हुने ढिलासुस्ती र कार्यसम्पादनमा हुने त्रुटिमा सम्बन्धितलाई जवाफदेही बनाउनुपर्दछ।

## अर्थतन्त्र

४. **दिगो एवं आत्मनिर्भर अर्थतन्त्र**

४.१. आवधिक योजना तथा बजेटमार्फत निर्धारित लक्ष्यअनुरूप आर्थिक वृद्धिदर हुने गरी कार्यसम्पादन गर्नुपर्दछ। अर्थतन्त्रका नवीन क्षेत्रहरूको पहिचान गरी सोमा लगानी वृद्धि गर्नुपर्दछ।

४.२. आयात प्रतिस्थान एवं निर्यात प्रवर्धन गर्न, स्थानीय सीप र स्रोतको उपयोग गरी रोजगारी सिर्जनामा सहयोग पुऱ्याउने पर्यटन, जलविद्युत, खानी, जडीबुटी, सूचना प्रविधिलगायतका तुलनात्मक लाभ हुने क्षेत्रमा लगानी गरी राष्ट्रिय स्रोत साधनको अधिकतम परिचालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

४.३. सरकार, निजीक्षेत्र, सहकारी र विकास साझेदारसँगको सहकार्यमा उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर र उन्नतिशील बनाउनुपर्दछ।

४.४. वित्तीय स्रोत परिचालन, ब्याजदर, आर्थिक क्रियाकलापमा देखिएका चुनौतीहरूलाई सम्बोधन गर्न निजी क्षेत्र तथा सरोकारवालाको सहभागितामा वित्तीय तथा मौद्रिक नीति तय गर्नुपर्दछ।

४.५. अनौपचारिक आर्थिक क्रियाकलापहरूलाई नियमन गरी राष्ट्रिय लेखामा समेट्नुपर्दछ।

४.६. उन्नत बीउबिजन, सिँचाइ, रासायनिक मल, बाली तथा पशुबीमा र नवीन प्रविधिलाई सरोकारवालासमक्ष पुऱ्याई कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउनुपर्दछ।

४.७. लगानीमैत्री वातावरण सिर्जना गरेर व्यापार विविधीकरण, आन्तरिक उत्पादन अभिवृद्धि, निजी क्षेत्रको व्यावसायिक एवं प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुने व्यवस्था गर्नुपर्दछ।

४.८. विप्रेषण औपचारिक माध्यमबाट भित्र्याई उत्पादनमूलक कार्यमा उपयोग गर्नुपर्दछ।

४.९. प्राकृतिक स्रोतको दिगोपनालाई मध्यनजर गरी सोको उपयोग गर्नुपर्दछ। प्राकृतिक स्रोतको उपयोगमा सम्बद्ध पक्षहरूबीच समन्वय र सहकार्य गर्नुपर्दछ।

## ५. राजस्व परिचालन

५.१. सामाजिक सञ्जाल, भर्चुअल मिटिङ्ग प्लेटफर्म, विद्युतीय व्यापार तथा भुक्तानी लगायतका नवीनतम तरिकाबाट हुने डिजिटल कारोबारलाई करको दायरामा ल्याउनुपर्दछ।

५.२. विभिन्न वस्तु तथा सेवामा दिएको राजस्व छुटको प्रभाव मूल्याङ्कन गर्नुपर्दछ। यस्तो छुटलाई विनियोजन बजेटबाट व्यवस्थापन गर्नुपर्दछ।

५.३. भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई यथार्थपरक र कारोबार मूल्यमा आधारित बनाउन राष्ट्रिय हार्मोनाइजेसन कोड तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

५.४. एकीकृत कर प्रणालीलाई सबल र सुरक्षित बनाउँदै जोखिमका आधारमा कर परीक्षण गर्ने पद्धतिलाई सुदृढीकरण गरी परीक्षणको दायरा विस्तार गर्नुपर्दछ।

५.५. राजस्व चुहावट नियन्त्रण गर्न बजार अनुगमन र मौज्दात परीक्षणको मात्रा बढाउनुपर्दछ। विद्युतीय विलिङको विस्तार गरी सोको नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ।

५.६. तुलनात्मक लाभ प्राप्त हुने तथा लगानी आउन सक्ने सम्भाव्य देशहरूसँग दोहोरो करमुक्ति सम्झौता गरी वैदेशिक प्रत्यक्ष लगानी बढाउनुपर्दछ।

५.७. आयातमा आधारित राजस्वको हिस्सा अधिक रहेकोले सोलाई प्रतिस्थापन गर्न आन्तरिक उत्पादनमा जोड दिनेगरी नीति तय गर्नुपर्दछ।

५.८. गैरकर राजस्व असुलीलाई लागत प्रभावी बनाई सोको दरमा समयानुकूल पुनरावलोकन गर्नुपर्दछ।

५.९. नियामक निकायले सङ्कलन गर्ने स्रोतको पुनरावलोकन गरी निश्चित रकम सञ्चितकोषमा दाखिला गर्न आवश्यक प्रबन्ध मिलाउनुपर्दछ।

५.१०. राजस्व प्रशासनसँग सम्बन्धित सबै विद्युतीय सूचना प्रणालीहरूको अन्तर आबद्धता कायम गरी आर्थिक प्रशासन सबल बनाउनुपर्दछ। राजस्व प्रशासनको क्षमता अभिवृद्धि गर्नुपर्दछ।

## ६. विकास सहायता

६.१. राष्ट्रिय हित र प्राथमिकताका आधारमा विकास सहायता लिई सबै प्रकारका सहायतालाई राष्ट्रिय बजेट प्रणालीमार्फत परिचालन गर्नुपर्दछ।

६.२. आयोजनाहरू समयमा सम्पन्न नहुँदा समय र लागत थप हुनुका साथै लाभप्राप्तिमा ढिलाइ भएको देखिएकोले आयोजनाहरू निर्धारित समयभित्र नै सम्पन्न गर्ने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ।

६.३. विकास सहायता प्राप्तिको सुनिश्चितता पश्चात् मात्र बजेटमा वैदेशिक स्रोतको रकम विनियोजन गर्नुपर्दछ।

६.४. प्रदेश तथा स्थानीय तहले खर्च गरेका विकास सहायताको सङ्घीय सरकारमा प्रतिवेदन गर्ने र समयमै शोधभर्ना लिने व्यवस्था मिलाउनुपर्दछ।

## ७. उद्योग तथा व्यापार

७.१. वैदेशिक लगानी भित्र्याउने र अन्तर्राष्ट्रिय तथा बहुराष्ट्रिय कम्पनीहरूलाई नेपालमा आकर्षित गर्ने वातावरण तयार गर्नुपर्दछ।

७.२. औद्योगिक उत्पादन र आत्मनिर्भर अर्थतन्त्र विकासका लागि नागरिकलाई प्राविधियुक्त सीपमूलक तालिम प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्नुपर्दछ।

७.३. आयात प्रतिस्थापन र निर्यात प्रवर्धन हुने, उच्च मूल्य अभिवृद्धि हुने, स्थानीय उत्पादनको लागि परम्परागत ज्ञान र सीप तथा स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु साना उद्योगको लागि वित्तीय उत्प्रेरणासहितको उत्पादन वृद्धिमा जोड दिने नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

७.४. लगानी वातावरणको लागि औद्योगिक व्यवसाय नीति, ऐन र नियमावली, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, कम्पनी कानुन, उपभोक्ता हित संरक्षण कानुन, विदेशी विनिमय नियमित गर्ने ऐन, वित्तीय संस्था तथा बैङ्कसम्बन्धी कानुन, सार्वजनिक निजी साझेदारीसम्बन्धी कानुन, सालबसाली आर्थिक ऐन र वन तथा वातावरणसम्बन्धी कानुनलगायतका कानुनको समय सापेक्ष रूपमा संशोधन तथा  पुनरावलोकन हुनुपर्दछ।

७.५. बैङ्क तथा वित्तीय संस्थाहरूमा गैरबैंकिङ्ग सम्पत्ति बढिरहेकोले मुनाफामा समेत प्रभाव पर्न गई कर राजस्वमा समेत असर परेकोले संस्थागत सुशासन र अनुगमनको दायरा बढाउनुपर्दछ।

७.६. निकासीमूलक उद्योगलाई प्रोत्साहन गर्न विशेष आर्थिक क्षेत्रको सहज सञ्चालन गरी उद्योग स्थापना र सञ्चालन हुने वातावरण तयार गर्नुपर्दछ।

## ८. संस्थान व्यवस्थापन

८.१. सार्वजनिक संस्थानहरूमध्ये राज्यको प्राथमिकताको आधारमा पूर्ण, अधिकांश र आंशिक स्वामित्व तथा नियन्त्रणमा रहनुपर्ने सस्थानहरू तय गरी सञ्चालन गर्नुपर्दछ।

८.२. सार्वजनिक संस्थान आम नागरिकको हित वा व्यावसायिक प्रयोजनका लागि सञ्चालन गर्ने हो, यकिन गरी सञ्चालन गर्नुपर्दछ।

८.३. संस्थान सञ्चालन गर्दा व्यावसायिक सञ्चालकको छनोटमा पारदर्शी मापदण्ड तयार गर्नुपर्दछ।

८.४. सार्वजनिक संस्थानको प्रमुख कार्यकारी नियुक्ति गर्दा वस्तुपरक कार्यसम्पादन करार गरी सो मूल्याङ्कनको आधारमा स्थायित्व दिनुपर्दछ।

८.५. संस्थानमा भएको शेयर तथा ऋण लगानीको वास्तविक हिसाब राख्नुपर्ने, सोको प्रतिफलको सुनिश्चित हुनपर्ने, यसले रोजगारी, राष्ट्रिय उत्पादन र राजस्वमा पुऱ्याएको योगदान समेतको विश्लेषण गर्नुपर्ने देखिन्छ।

८.६. निजीकरण गरिएका संस्थानहरूको सम्झौताबमोजिम भए नभएको यकिन गर्ने, हिसाब फरफारक भए नभएको विश्लेषण गर्ने र नभएकोमा सम्झौताको प्रावधानबमोजिम कारबाही गर्नुपर्दछ।

८.७. आर्थिक कारोबारको लेखापरीक्षण नियमित रूपमा गराउने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन नगर्दा केही सार्वजनिक संस्थानले समयमा लेखापरीक्षण गराएका छैनन् भने केही संस्थानहरूको लेखापरीक्षण वर्षौंदेखि बक्यौता रहेको छ। त्यस्ता संस्थानलाई कारबाहीका लागि कानुनी व्यवस्था गर्नुपर्दछ।

## सार्वजनिक वित्त व्यवस्थापन

### ९. सार्वजनिक वित्त

९.१. राजस्व प्रक्षेपण तथा खर्च व्यवस्थाको आकलन गर्दा वैज्ञानिक र वस्तुपरक परक बनाई बजेट र यथार्थ खर्चबीचको अन्तर न्यून गर्नुपर्दछ।

९.२. बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा ठूलो बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने एवं खर्च गर्ने परिपाटी उपर नियन्त्रण गरी त्रैमासिक सन्तुलन कायम हुने गरी बजेट कार्यान्वयन गर्नुपर्दछ। रकमान्तरको सीमा लागु नहुने अनुदान सङ्ख्यामा ठूलो रकम विनियोजन गरी सोबाट अन्य अनुदान सङ्ख्यामा सार्ने प्रवृतिलाई वाञ्छित सीमाभित्र राख्नु आवश्यक देखिन्छ।

९.३. सबै तहका सरकारले राष्ट्रिय बजेट प्रणाली बाहिर कानुनी व्यवस्था नगरी खडा गरेका विभिन्न प्रकारका कोष खारेज गर्नुपर्दछ।

९.४. पूर्व तयारी नभएका आयोजनामा बजेट विनियोजन गरेर खरिद प्रक्रिया अगाडी बढाउने र सो को कार्यान्वयन नहुने अबस्थाको अन्त्य गर्नुपर्दछ। भुक्तानी बाँकी राखी अर्को वर्षमा दायित्व सार्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्दछ।

९.५. तीनै तहका सरकारले सञ्चालन गर्ने आयोजनाहरूको बीचमा स्पष्ट सीमा रेखा तय गर्नुपर्दछ।

९.६. सामाजिक सुरक्षा भत्ता, निवृत्तभरण रकम, योगदानमा आधारित पेन्सन योजना कार्यन्वयनबाट पर्ने थप आर्थिक भार, सम्झौता तथा कानुनी निर्णयबाट सिर्जित दायित्वको पहिचान एवं विश्लेषण गर्नुपर्दछ।

९.७. दीर्घकालीन नीति, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीच सामञ्जस्यता ल्याउनुपर्दछ। बढी प्रतिफल प्राप्त हुने वा तुलनात्मक लाभ बढी भएका योजना तथा कार्यक्रमको विश्लेषण गरी क्षेत्रगत समानताको आधारमा बजेट विनियोजन गर्नुपर्दछ।

९.८. कर भार र कर भुक्तानी लागत विश्लेषण गरी शुल्क तथा कर एकै बिन्दुबाट सङ्कलन गर्ने व्यवस्था गर्नुपर्दछ। कर सङ्कलन केन्द्रहरू पुनरावलोकन गरी राजस्व रकम विभाज्य कोषमार्फत बाँडफाँट हुने व्यवस्था गर्नुपर्दछ।

९.९. तीनै तहको कराधारलाई दिगो र फराकिलो बनाई प्रदेश र स्थानीय तहहरू सङ्घीय अनुदानमा निर्भर रहने विद्यमान अवस्थामा सुधार गर्नुपर्दछ।

### १०. सार्वजनिक ऋण व्यवस्थापन

१०.१. सार्वजनिक ऋणको प्राप्ति, उपयोग, प्रशोचन क्षमता तथा शर्त लगायतका विषयहरूको विश्लेषण गरेर मात्र सार्वजनिक ऋण लिनुपर्दछ।

१०.२. सार्वजनिक संस्थानहरूको व्यावसायिक कुशलता वृद्धि गरी सरकारले दिएको ऋणको समयमा नै साँवा तथा ब्याज प्राप्ति गर्ने व्यवस्था गर्नुपर्दछ।

१०.३. सार्वजनिक खर्च भुक्तानी सन्तुलित बनाउन नगद प्रवाहको पूर्वानुमान गरी सार्वजनिक ऋणको भार र लागत घटाउनुपर्दछ।

१०.४. सरकारका कोष, बोर्ड, परिषद्, समिति तथा संस्थामा रहेको मौज्दात परिचालन गर्ने नीतिगत तथा कानुनी व्यवस्था गरी ऋणमाथिको निर्भरता न्यूनीकरण गर्नुपर्दछ।

१०.५. विदेशी विनिमय दर जोखिम कम हुने उपायहरू पहिचान गरी यस्तो विनिमय दरका ऋण परिचालनमा परेको विनिमय नोक्सानीलाई न्यूनीकरण गर्नुपर्दछ।

१०.६. चालु प्रकृतिको खर्चमा सार्वजनिक ऋण प्रयोग गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्दछ। सार्वजनिक ऋणलाई पुँजी निर्माण तथा उत्पादनसँग आबद्ध गर्नुपर्दछ।

## ११. अनुदान

११.१. अनुदान वितरण गर्दा नतिजामा आधारित अनुदान प्रदान गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ। अनुदानलाई बीउपुँजीको रूपमा रुपान्तरण गर्ने र निश्चित समयपछि फिर्ता लिने नीति अवलम्बन गर्नुपर्दछ।

११.२. तीनै तहका सरकार तथा अन्य सार्वजनिक निकायले प्रदान गर्ने अनुदानलाई पारदर्शी बनाउन अनुदान प्राप्त गर्ने व्यक्ति र अनुदानबाट गरिने कार्य सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्दछ।

११.३. लाभग्राही छनोट दोहोरोपना नहुने गरी प्रणाली विकास गर्ने तथा लागत सहभागिताका आधारमा मात्र अनुदान प्रदान गर्ने गरी मापदण्ड तथा विधि तय गर्नुपर्दछ।

११.४. अनुदानबाट उत्पादन तथा उत्पादकत्वमा योगदान पुगेको र जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन आएको विषयमा मूल्याङ्कन गर्नुपर्दछ। अनुदान तथा सहायता लक्षित वर्गमा पुगेको सुनिश्चित हुनुपर्दछ।

११.५. पुँजीगत प्रकृतिको अनुदान दिंदा लाभग्राहीले समेत निश्चित हिस्सा व्यहोर्ने सुनिश्चितता गर्नुपर्दछ। अनुदानको शर्तबमोजिम तोकिएको कार्य नगरेमा उक्त अनुदानबाट सिर्जित सम्पत्ति सरकारी स्वामित्वमा आउने व्यवस्था हुनुपर्दछ।

## १२. लेखाङ्कन तथा प्रतिवेदन

१२.१. तीनै तहका सबै सरकारी निकायले नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम तोकिएको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ। राज्यका तीनै तहका सरकार र सरकार अन्तर्गतका सबै बजेटरी तथा गैरबजेटरी निकायहरूको कारोबार तथा सूचनालाई समेटी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

१२.२. नगदमा आधारित लेखाप्रणालीले सबै वित्तीय कारोबारलाई समेटी समग्र आर्थिक अवस्था र वित्तीय कार्य सम्पादनलाई प्रस्तुत र चित्रण गर्न नसक्ने भएकोले यसमा सुधार गरी प्रोदभावी आधारको लेखा प्रणालीमा रूपान्तरण गर्नेतर्फ आवश्यक कार्य गर्नुपर्दछ। लेखासँग सम्बन्धित कागजातसमेत सूचना प्रणालीमा अपलोड गरी कागजरहित लेखाप्रणालीको अवधारणा कार्यान्वयनमा ल्याउनुपर्दछ।

१२.३. वित्तीय हस्तान्तरणअन्तर्गत अनुदान निकासा गर्दा खर्च लेखाङ्कन हुने तर खर्च नभएको रकम आर्थिक वर्ष समाप्त भएपछि सम्बन्धित सरकारको सञ्चित कोषमा मौज्दात रहने एवं कतिपय अवस्थामा अर्को वर्ष फिर्ता प्राप्त हुने भएकाले राजस्व र खर्च रकम यथार्थपरक बनाउन दोहोरो लेखाङ्कन नहुने व्यवस्था गर्नुपर्दछ।

१२.४. सबै सरकारी सम्पत्ति तथा जायजेथा र दायित्वको विवरण एकीकृत गरी लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। बहुवर्षीय आयोजनाबाट वा अन्य तरिकाबाट सिर्जना हुने दायित्व तथा प्रतिबद्धताको लेखा राख्ने व्यवस्था गर्नुपर्दछ।

१२.५. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम राजस्व तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रकमका लागि खडा गरिएका विभाज्य कोषमा जम्मा हुने रकम तोकिएकै समयमा बाँडफाँट गर्नुपर्दछ।

१२.६. बजेट तर्जुमा, कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदन तीन तहकै सरकारबीच एकरूपता कायम गर्न आधुनिक सूचना प्रविधि/प्रणालीको अवलम्बन गरी एकीकृत वित्त व्यवस्थापन सूचना प्रणाली विकास गरी कार्यान्वयन गर्नुपर्दछ। लेखाका आधारभूत वित्तीय विवरण स्वचालित रूपमा सो प्रणालीबाट तयार हुने व्यवस्था गर्नुपर्दछ।

१२.७. महालेखा नियन्त्रक कार्यालयलगायतका निकायले वित्तीय विवरण प्रकाशन गर्दा महालेखापरीक्षकको रायसहितको लेखापरीक्षण प्रतिवेदन र प्रमाणित वित्तीय विवरणहरू संलग्न गरी प्रकाशन गर्ने व्यवस्था गर्नुपर्दछ।

१२.८. सार्वजनिक वित्तको क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

### १३. आन्तरिक नियन्त्रण र लेखापरीक्षण

१३.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिमको सबै तहका सरकार मातहतका कार्यालयले आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण समितिलाई सक्रिय बनाउनुपर्दछ। महालेखा नियन्त्रक कार्यालयबाट आन्तरिक नियन्त्रण दिग्दर्शन तयार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ।

१३.२. विश्वविद्यालय, समिति, बोर्ड, सङ्गठित संस्थालगायत सार्वजनिक संस्थामा अनिर्वाय रूपमा आन्तरिक लेखापरीक्षणको व्यवस्था गर्नुपर्दछ। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय असल अभ्याससमेतको आधारमा व्यवस्थापकीय तथा सञ्चालनगत जिम्मेवारीबाट स्वतन्त्र राख्न कानुनी र संरचनागत सुधार गर्नुपर्दछ।

१३.३. सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठनको लिमा तथा मेक्सिको घोषणा र विभिन्न समयमा संयुक्त राष्ट्रसङ्घको महासभाले पारित गरेका प्रस्तावहरूले सम्बोधन गरेबमोजिम सर्वोच्च लेखापरीक्षण संस्थालाई वित्तीय एवं प्रशासनिक स्वतन्त्रता कायम गर्न आवश्यक कानुन तथा स्रोत साधनको व्यवस्था गर्नुपर्दछ।

१३.४. कार्यस्थलमै गई भौतिक कागजात जाँच गर्ने अवस्थामा सुधार गर्दै सम्बन्धित निकायको सूचना प्रविधिमा पहुँच स्थापना गरेर दूरलेखापरीक्षण गरिने व्यवस्था गरिनुपर्दछ।

१३.५. लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न लेखापरीक्षणमा पेशागत विशेषज्ञहरूको संलग्नता बढाउने तथा लेखापरीक्षणमा संलग्न हुने कर्मचारीको क्षमता विकास एवं भौतिक पूर्वाधारको व्यवस्था गर्नुपर्ने देखिन्छ।

१३.६. लेखापरीक्षण प्रतिवेदनहरू यथासमयमै सबै तहको सम्बन्धित व्यवस्थापकीय अङ्गमा पेस गर्ने र छलफल हुने व्यवस्था गर्नुपर्दछ।

१३.७. लेखापरीक्षण ऐन, २०७५ को दफा २(घ) बमोजिम लेखापरीक्षणले सम्परीक्षण कार्यलाई पनि समेटेको छ। त्यसै गरी सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संस्थाले तयार गरेका सिद्धान्त, मानदण्ड तथा मार्गदर्शन एंव सो आधारमा महालेखापरीक्षक कार्यालयले तयार गरेका मानदण्ड तथा मार्गदर्शनमा समेत सम्परीक्षणलाई लेखापरीक्षणकै एक अभिन्न अङ्गको रूपमा व्यवस्था तथा अवलम्बन गरिएको छ। यद्यपि सम्परीक्षण सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा भएका केही व्यवस्थाले अन्यौल सिर्जना गरेकोले कानुनमा सुधार गरी स्पष्ट गरिनुपर्दछ।

१३.८. लेखापरीक्षण प्रतिवेदनलाई व्यवस्थित गर्न कानुनमा समसामयिक सुधार गर्नुपर्दछ।

## सार्वजनिक सम्पत्तिको व्यवस्थापन

### १४. खरिद तथा प्राप्ति

१४.१. सार्वजनिक सम्पत्ति प्राप्ति तथा खरिद गर्ने स्रोत र साधनको बाँडफाँट र परिचालनमा कार्यकुशलता हासिल गरी सीमित स्रोत र साधनको उच्चतम उपयोग गर्नुपर्दछ।

१४.२. सार्वजनिक सम्पत्तिको प्राप्ति गर्दा खरिद योजना तयार गरी खरिद गर्नुपर्दछ। खरिद प्रक्रिया पारदर्शी, प्रतिष्पर्धी, मितव्ययी, कुशल र व्यवस्थित हुनुपर्दछ।

१४.३. प्रयोगको सुनिश्चितता गरेरमात्र जिन्सी सामग्री एवं यन्त्र उपकरण तथा औजार खरिद गर्नुपर्दछ।

१४.४. सार्वजनिक सम्पत्तिको एकिकृत अभिलेख राख्नुपर्दछ। वस्तुगत सहायताका रूपमा प्राप्त जिन्सी सामग्रीको समेत अनिवार्य रूपमा जिन्सी अभिलेख राख्ने व्यवस्था गर्नुपर्ने र आयोजना तथा कार्यक्रम समाप्तिपश्चात हस्तान्तरण भएका जिन्सी सामग्रीहरू प्राप्त गर्ने निकायले अभिलेख राखि समुचित उपयोग गर्नुपर्दछ।

१४.५. मर्मत सम्भार हुन सक्ने जिन्सी सामग्री मर्मत सम्भार नगरी नयाँ खरिद गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्दछ।

१४.६. सार्वजनिक रूपमा निर्माण हुने भौतिक पूर्वाधारहरूको गुणस्तरको प्रत्याभूति हुनुपर्दछ। यसका लागि गुणस्तर आश्वस्तता योजना बमोजिम अनिवार्य रूपमा निर्माण सामग्रीको परीक्षण, निर्माण प्रक्रियाको अनुगमन तथा प्रयोगशाला परीक्षण गर्ने व्यवस्था गर्नुपर्दछ।

## १५. संरक्षण र उपयोग

१५.१. ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्त्वका सम्पदाहरूको संरक्षण तथा उपयोग र सरकारी, सार्वजनिक निकाय, धार्मिक तथा शैक्षिक संस्थाको स्वामित्वमा रहेका सार्वजनिक जग्गाको संरक्षण गर्नुपर्दछ। अधिग्रहण गरिएका जग्गाको उद्देश्यबमोजिम संरक्षण र उपयोग गर्नुपर्दछ।

१५.२. सरकारी जग्गा तथा वन क्षेत्रको लिज, भोगाधिकार दिने तथा खानी उत्खनन्लगायत प्राकृतिक स्रोत साधनको उपयोगलाई व्यवस्थित गर्न स्पष्ट मापदण्ड तयार गरी सोको समुचित उपयोग र प्रतिफल प्राप्त हुने गरी व्यवस्थापन एवं अनुगमन गर्नुपर्दछ।

१५.३. सार्वजनिक सम्पत्ति लिजमा दिँदा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को परिपालना गर्नुपर्दछ।

१५.४. स्थानीय तहबाट हुने नदीजन्य तथा खानीजन्य पदार्थहरूको उत्खनन्, सङ्कलन तथा निकासी सम्बन्धी काम कारबाहीको अनुगमनका लागि प्रभावकारी संयन्त्रको व्यवस्था गरी प्राकृतिक स्रोत साधनको अनियन्त्रित दोहनलाई नियन्त्रण गर्नुपर्दछ।

१५.५. सार्वजनिक सम्पत्तिमध्ये सवारीसाधन, उपकरण, भवनलगायतका साधनहरू कुनै निकायमा अधिक रहने र कुनै निकायमा अपुग रहेको वर्तमान अवस्थालाई पुनरावलोकन गरी हस्तान्तरण गर्ने व्यवस्था मिलाउनुपर्दछ। मापदण्ड तोकेर मात्र सवारी साधनको प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१५.६. सरकारी कार्यालयहरूमा प्रयोगविहीन अवस्थामा रहेका र सार्वजनिक स्थानमा बेवारिसे अवस्थामा रहेका सवारीसाधनहरूको समयमै मर्मत सम्भार गरेर उपयोग गर्ने वा लिलाम बिक्री वा हस्तान्तरण गरेर सम्पत्ति व्यवस्थापन गर्नुपर्दछ।

१५.७. नेपालका कला, संस्कृति, प्रविधि, उत्पादन लगायतको संरक्षण तथा व्यवस्थापन गर्न बौद्धिक सम्पत्तिको दर्ता तथा नियमनलाई थप प्रभावकारी बनाउनु पर्दछ।

१५.८. उपयोग नहुने अवस्थामा रहेका सम्पत्ति, म्याद नाघेका विषादी, रसायन, धातु लगायतका जिन्सीको निःसर्ग वा नष्ट गर्दा वातावरणीय पक्षलाई समेत विचार गर्नुपर्दछ। सोको खरिद गर्दा प्रयोग पश्चातको नष्ट गर्ने विधिबारे स्पष्टता गर्नुपर्दछ।

## १६. अभिलेख

१६.१. सबै निकायले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा सम्पत्तिको अभिलेख राख्ने तथा अद्यावधिक गर्ने गर्नुपर्दछ। सो प्रणाली लागु हुनु पूर्व म्यानुअल रूपमा रहेको जिन्सी अभिलेखलाई प्रणालीमा अनिवार्य रूपमा अपलोड गराउनुपर्दछ। उक्त प्रणालीमा सार्वजनिक जग्गा, भवन, सम्पदालगायतका सार्वजनिक सम्पत्ति र वस्तुगत सहायताका रूपमा प्राप्त सम्पत्ति समेत अनिवार्य रूपमा प्रविष्टि गर्ने व्यवस्था गर्नुपर्दछ।

१६.२. सरकारी तथा सार्वजनिक जग्गाहरूको अभिलेख एकीकृत रूपमा राखी अनधिकृत उपभोग तथा अतिक्रमण रोक्नुपर्दछ।

१६.३. महत्त्वपूर्ण सम्पत्तिहरूको सुरक्षा तथा अभिलेखको लागि तिनीहरूको डिजिटाइजेसन तथा माइक्रो फिल्म स्क्यानिङ गरी उचित संरक्षण गर्ने कार्यलाई प्राथमिकता दिनुपर्दछ।

१६.४. राष्ट्रिय महत्त्वका अभिलेख, नक्सा, सन्धि सम्झौता तथा ऐतिहासिक दस्तावेजहरूलाई डिजिटाइजेसन गरी सुरक्षित गर्ने र त्यस्ता कागजातहरूलाई पाण्डुलिपिको रूपमा दीर्घकालसम्म रहने गरी कागजी रूपमै पनि सुरक्षित रहने गरी व्यवस्थापन गर्नुपर्दछ।

१६.५. सार्वजनिक निकायद्वारा निर्मित संरचना भवन, कल्भर्ट, सडक लगायतका संरचनाहरूको निर्माण एवं सञ्चालन अवस्था र लागत खुलाई जी.पी.एस. अभिलेख देखिने व्यवस्था मिलाउनुपर्दछ।

**विकास व्यवस्थापन**

**१७. दिगो विकास लक्ष्य**

१७.१. तीनै तहका सरकारले दिगो विकास लक्ष्यलाई आवधिक योजनामा समावेश गरी सोअनुसार सबै नीति तथा कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्नुपर्दछ।

१७.२. सार्वजनिक निकायहरूको क्रियाकलाप सम्पादन गर्न सहयोग पुग्ने गरी एकीकृत तथ्याङ्क प्रणालीको विकास गर्नुपर्दछ।

१७.३. दिगो विकास लक्ष्य हासिल गर्नका लागि सरकार, निजी क्षेत्र, गैरसरकारी संस्थालगायतका पक्षहरूको भूमिकालाई प्रभावकारी बनाउन सबै पक्षको स्वामित्व र अपनत्व कायम हुने गरी आवश्यक व्यवस्था गर्नुपर्दछ।

१७.४. आवधिक योजनासँग लक्ष्य, राष्ट्रिय क्षमता र प्राथमिकता विश्लेषण गरेर दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक स्रोतको आकलन गर्नुपर्दछ।

**१८. आयोजना व्यवस्थापन**

१८.१. बजेट, कार्यक्रम र उपलब्धिलाई व्यक्तिगत जवाफदेहितासँग जोड्नुपर्ने देखिन्छ। लागत लाभ विश्लेषण, आन्तरिक प्रतिफल दर, लागत फिर्ता हुने समयावधि आदिको आधारमा प्राथमिकीकरण गरी आयोजना बैङ्क तयार गर्नुपर्दछ। आयोजना बैङ्कभन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने व्यवस्था लागु गर्नुपर्दछ।

१८.२. आयोजनाको छनोट र बजेट विनियोजन गर्दा आवश्यकता, प्राथमिकता तथा भौगोलिक सन्तुलन कायम हुने व्यवस्था मिलाउनुपर्दछ।

१८.३. ड्रइङ्ग डिजाइन र विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदाता माथिको निर्भरता कम गर्ने, आयोजनाको पूर्व तयारी बेगर ठेक्का व्यवस्थापन गर्दा भेरिएसन, समय र मूल्य वृद्धिलगायतले प्रतिफल प्राप्तिमा ढिलाइ हुने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१८.४. निश्चित सूचक र मापदण्डको आधारमा राष्ट्रिय गौरवका आयोजना तथा रुपान्तरणकारी आयोजना घोषणा गर्ने तथा तोकिएको समय र लागतमा आयोजना सम्पन्न गर्नुपर्दछ। यस्ता आयोजना कार्यान्वयनका लागि उपयुक्त अनुगमन संयन्त्रसहितको कानुनी व्यवस्थासहित कार्यान्वयनमा ल्याउनुपर्दछ।

१८.५. एकै प्रकृतिका आयोजनाहरू विभिन्न निकाय तथा सरकारबाट कार्यान्वयन भैरहेको तथा आयोजना अन्तरसम्बन्धित रहेकाले सडक, विद्युत, टेलिफोन, सिँचाइ, खानेपानी, वन जस्ता निकायहरूबीच समन्वयका आधारमा आयोजना कार्यान्वयन गर्नुपर्दछ।

१८.६. निर्माणका लागि आवश्यक पर्ने जनशक्ति, हेभी मेसिन, उपकरणहरू, निर्माण सामग्रीको उपलब्धता र व्यावसायिकतासमेतलाई मध्यनजर राख्दै राष्ट्रिय निर्माण क्षमता विश्लेषण गरी राष्ट्रिय आवश्यकतासँग तादात्म्यता हुने गरी निर्माण क्षमता अभिवृद्धि गर्नुपर्दछ।

## १९. सार्वजनिक खरिद व्यवस्थापन

१९.१. सार्वजनिक खरिद ऐनअनुसार कानुनबमोजिम दर्ता भएको संस्थाले सरकारी कोष प्रयोग गरी खरिद गर्दा ऐनको व्यवस्थाबमोजिमको कार्यविधि अवलम्बन गर्ने व्यवस्थालाई कडाइका साथ पालना गर्नुपर्दछ।

१९.२. विस्तृत परियोजना प्रतिवेदन तयारी, जग्गा प्राप्ति, रुख कटान, विद्युत पोलको स्थानान्तरण, वातावरणीय प्रभाव मूल्याङ्कन र सरोकारवालासँग समन्वयलगायतका सबै पूर्व तयारीका कार्य गरेपश्चात मात्र खरिद व्यवस्थापनको कार्य गर्नुपर्दछ।

१९.३. बोलपत्रदाताको योग्यताको आधार र स्पेसिफिकेसन तयार गर्दा निश्चित निर्माण व्यवसायी, आपूर्तिकर्ता र परामर्शदातालाई मात्र अनुकूल नहुने गरी तयार गर्नुपर्दछ।

१९.४. एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट कार्य थप गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१९.५. खरिदका नवीनतम विधिहरू जस्तै; सार्वजनिक निजी साझेदारी, निर्माण स्वामित्व सञ्चालन हस्तान्तरण, इन्जिनियरिङ प्रोक्योरमेण्ट कन्ट्र्याक्ट (ईपीसी) र सञ्चालन तथा वित्तीय लिजको प्रस्ताव आह्वान एवं मूल्याङ्कन प्रक्रियासमेत समावेश गरी कानुन तर्जुमा गर्नुपर्दछ।

१९.६. जटिल प्रविधि, उपकरणको प्रयोग गर्नुपर्ने कामसमेत उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिहरूले निर्माण व्यवसायीबाट काम गराउने र जटिल प्रकृतिको काम र सामान खरिदसमेत उपभोक्ता समितिबाट सोझै खरिद गरेको देखिँदा यस्ता परिपाटी उपर नियन्त्रण गर्नुपर्दछ।

१९.७. उपभोक्ता समितिहरूबाट निर्माण हुने पूर्वाधारको त्रुटि सच्याउने अवधि तोकि सो अवधिभित्र भएको त्रुटि सुधारको लागि उपभोक्ता समितिलाई नै जिम्मेवार बनाउन कानुनी व्यवस्था गर्नुपर्दछ।

१९.८. स्वदेशी वा विदेशी फर्मसँग संयुक्त उपक्रम गरी निर्माण कार्य गर्नको लागि छनोट हुने तर कम अनुभव भएको वा स्वदेशी फर्ममात्र संलग्न भई निर्माण कार्य गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न सोसम्बन्धी स्पष्ट व्यवस्था गर्नुपर्दछ।

१९.९. सार्वजनिक निकायले खरिद कार्य गर्दा विद्युतीय प्रणालीबाट बोलपत्र पेस गर्ने व्यवस्था अनिवार्य रूपमा लागु गरिनुपर्दछ।

# सूचना प्रविधि

## २०. सूचना प्रविधिको प्रयोग

२०.१. विद्युतीय कारोबार सञ्चालनलाई व्यवस्थित र विश्वसनीय बनाउन कानुनी व्यवस्थामा सुधार गर्नुपर्दछ।

२०.२. अनलाइन व्यापार, ई-पेमेन्ट लगायतका विद्युतीय कारोबारलाई नियमन र व्यवस्थापन गर्न उपयुक्त कानुनी व्यवस्था गर्नुपर्दछ।

२०.३. सूचना प्रविधि प्रणालीको आवश्यकता पहिचान, डिजाइन, विकास, खरिद सञ्चालन तथा मर्मत सुधार सम्बन्धमा पर्याप्त अध्ययन र लाभ लागत विश्लेषण गरेर स्पष्ट मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

२०.४. एकै प्रकारको कामको लागि निकायगतरूपमा सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा पुनरावलोकन गरी अन्तरनिकाय समन्वय कायम गरी खरिद गरेर सम्बन्धित निकायलाई पहुँच प्रदान गर्नुपर्दछ।

२०.५. सरकारी निकायहरूले छुट्टाछुट्टै डाटा सेन्टर सञ्चालन गर्ने कार्यमा सुधार गरी सरकारी एकीकृत डाटा सेन्टरबाट सेवा लिने व्यवस्था गरिनुपर्दछ।

२०.६. सार्वजनिक निकायबाट सञ्चालित सूचना प्रविधि प्रणालीको नियमितरूपमा प्रणाली परीक्षण गरी सूचना प्रविधिको विश्वसनीयता अभिवृद्धि गर्नुपर्दछ।

२०.७. सूचना प्रविधिमा आएका नवीन अवधारणाहरू कृत्रिम बौद्धिकता (एआई), मेसिन लर्निङ्गलगायतका प्रविधि र यसबाट लागतमा पर्ने चाप र सक्षमता वृद्धिबारे अध्ययन गरी प्रयोग गर्नुपर्दछ।

२०.८. प्रणालीको आधिकारिक निकायमा दर्ता तथा नवीकरणको व्यवस्था मिलाई भल्नराबिलिटी एसेसमेन्ट एण्ड पेनेट्रेसन टेष्ट (भीएपीटी) लगायतका परीक्षण गरेर मापदण्ड पूरा भएपछि मात्र प्रयोगमा ल्याउनुपर्दछ।

### २१. सुरक्षा र व्यवस्थापन

२१.१. सार्वजनिक निकायले प्रयोग गरेका सूचना प्रविधि प्रणालीलाई रूपान्तरण तथा अद्यावधिक गर्दा साबिकको डाटा संरक्षणको व्यवस्था गर्नुपर्ने देखिन्छ।

२१.२. सूचना प्रविधिसँग सम्बन्धित यन्त्र उपकरणको निःसर्ग गर्दा डाटाको सुरक्षा र गोपनीयतामा ध्यान दिनुपर्दछ।

२१.३. सूचना प्रविधि प्रणालीमा रहेका डाटाको दिगो व्यवस्थापनको लागि सूचनाको सुरक्षा र गोप्यता कायम राख्ने र प्रणालीको व्याकअप प्रणाली र प्राकृतिक प्रकोपबाट हुने क्षतिको पुनर्स्थापना तथा आकस्मिक सञ्चालन योजना तयार गर्नुपर्दछ।

२१.४. सूचना प्रविधिको प्रयोग र यसबाट सेवाप्रवाहमा परेको प्रभाव अध्ययन गर्नुपर्ने र प्रणाली सञ्चालनमा दिगोपनाका लागि क्षमता विकासमार्फत सम्पूर्ण प्रणालीहरूलाई स्थानीयकरण गर्नुपर्दछ।

२१.५. सार्वजनिक निकायहरूले विकास गरेका वेबसाइट र मोबाइल एप्लिकेसनमा एकरूपता कायम गरी विद्युतीय माध्यमबाट प्रकाशन तथा प्रसारण हुने सूचनाहरू नियमित रूपमा अद्यावधिक गर्नुपर्दछ।

२१.६. सूचना प्रविधिमा गरेको खर्च, यससँग सम्बन्धित यन्त्र उपकरणको अभिलेख व्यवस्थित गरी नियमन गर्नुपर्दछ।

२१.७. सार्वजनिक निकायले प्रणालीमा अद्यावधिक गरेको सूचनालाई आवश्यकता अनुसार अन्तर आबद्धता गरी उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ।

## सार्वजनिक प्रशासन

### २२. मानव संसाधन व्यवस्थापन

२२.१. बजारको माग बमोजिमको जनशक्ति उत्पादन गर्न तालिम केन्द्र, व्यावसायिक तालिम प्रतिष्ठान र विश्वविद्यालयहरूले आवश्यक विश्लेषण गरेर सो अनुरूपको जनशक्ति तयार गर्नुपर्दछ।

२२.२. स्थानीय र सार्वजनिक प्रशासनको मागलाई आंकलन गरी मानव संसाधन योजना तयार गर्नुपर्दछ।

२२.३. सङ्घीय निजामती सेवा ऐन र प्रदेश तथा स्थानीय तहमा जनशक्ति परिचालनसम्बन्धी कानुन तत्काल तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने र विद्यमान कानुनमा समयानुकूल संशोधन र परिमार्जन गर्नुपर्दछ।

२२.४. प्रदेश र स्थानीय तहमा दरबन्दीबमोजिम जनशक्तिको पदपूर्ति समयमा हुन नसक्दा सेवा प्रवाहमा असर परेको छ। भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था, भुक्तानी क्षमतासमेतलाई विचार गरी दरबन्दी पुनरावलोकन गर्नुपर्दछ।

२२.५. उपयुक्त व्यक्तिलाई उपयुक्त समय र स्थानमा पदस्थापना गर्ने, कर्मचारी उत्प्रेरणा र मनोबल अभिवृद्धि गर्ने, सरुवा तथा बढुवालाई अनुमानयोग्य बनाउने र वित्तीय अनुशासन पालना एवं नेतृत्व क्षमता मूल्याङ्कन गरी जिम्मेवारी दिने तथा सूचकमा आधारित कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागु गर्नुपर्दछ।

२२.६. बहुसीपयुक्त जनशक्ति तयार गर्न स्वदेशी तथा विदेशी तालिम प्रदान गरी जनशक्तिको ज्ञान, सीप क्षमता अभिवृद्धि गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२२.७. निजामती कर्मचारीको राष्ट्रिय तालिम नीति समयानुकूल हुने गरी परिमार्जन गरी कार्यान्वयन गर्नुपर्दछ। सार्वजनिक खरिद, राजस्व प्रशासन, लेखा, लेखापरीक्षणमा काम गर्ने लगायत सबै राष्ट्रसेवकमा विषय सान्दर्भिक अद्यावधिक ज्ञान र सीपलाई निरन्तरता दिन र कुशलता अभिवृद्धिका लागि निश्चित अवधिपश्चात् न्यूनतम समयावधिको तालिम लिनुपर्ने व्यवस्था गर्नुपर्दछ।

२२.८. सार्वजनिक संस्थान, आयोग, बोर्ड तथा प्रतिष्ठानको जनशक्ति आवश्यकता निर्धारण गरी दरबन्दी स्वीकृत गरिनुका साथै सोअनुसार भर्ना, पदस्थापन र वृत्ति विकासलाई पारदर्शी र वैज्ञानिक बनाउनुपर्दछ।

२२.९. छरितो र प्रविधियुक्त संरचना तयार गरी दरबन्दीलाई कार्यजिम्मेवारीसँग आबद्ध गर्दै कार्यकुशलता तथा उत्पादकत्व वृद्धि गर्नुपर्दछ।

२२.१०. सेवाप्रवेश तालिम, सेवाकालीन तालिम, विषयगतलगायतका तालिम तथा अभिमुखीकरण कार्यक्रममार्फत नैतिक आचारणमा सकारात्मक परिवर्तन गराउन नैतिक पूर्वाधार विकासमा जोड दिनुपर्दछ।

२२.११. सार्वजनिक सेवा प्रवाहको गुणस्तर, समयसीमा, शुल्क र यसको प्रक्रिया व्यवस्थित बनाई छरितो र अनुमानयोग्य सेवा प्रवाह प्रणाली लागु गर्नुपर्दछ।

## २३. सार्वजनिक सेवा प्रवाह

२३.१. सेवा प्रवाहको समय, दुरी र लागत घटाउने तथा त्यस्तो सेवा प्रवाहलाई सुरक्षित, भरपर्दो र दिगो बनाउन सेवा प्रवाहमा संलग्न निकायहरूको सेवालाई विद्युतीय प्रणालीमा आबद्ध गराई एकल सेवा विन्दुबाट कागजरहित सेवा प्रवाह गर्ने व्यवस्था गर्नुपर्दछ।

२३.२. निजी तथा व्यावसायिक क्षेत्रबाट प्रवाह गर्न सकिने सेवा यकिन गरी यस्तो सेवा ती क्षेत्रबाट सञ्चालन गर्ने प्रबन्ध मिलाई सरकारी क्षेत्रबाट सोको नियमन गर्नुपर्दछ।

२३.३. निजी, सामुदायिक र गैरसरकारी क्षेत्रले सेवा प्रवाहमा अवलम्बन गरेका उदाहरणीय कार्य पद्धति, नवीनतम विधि र तरिकालाई सार्वजनिक निकायमा भित्र्याउने तथा अन्तर्राष्ट्रिय असल अभ्यास अनुसरण गर्नुपर्दछ।

२३.४. सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन चक्रीय समय प्रणाली, टोकन प्रणाली, लेआउट व्यवस्थापन, गुनासो सुनुवाइको व्यवस्था र हेल्पडेस्क प्रणालीलगायत उपयुक्त सेवा प्रवाह विधि कार्यान्वयनमा ल्याउनुपर्दछ।

२३.५. सेवा प्रवाहलाई प्रभावकारी बनाउन विद्युतीय माध्यमको प्रयोग, गुनासो सुनुवाइ, प्रभावकारी अनुगमन गरी संलग्न पदाधिकारी र जनशक्तिलाई सेवाग्राहीप्रति उत्तरदायी र जवाफदेही बनाउनुपर्दछ।

२३.६. सङ्घ, प्रदेश र स्थानीय तह तथा अन्य सार्वजनिक निकायले गर्नुपर्ने सेवाप्रवाहमा दोहोरोपना नहुने व्यवस्था मिलाउनुपर्दछ।

२३.७. सेवा प्रवाहको प्रभावकारिता वृद्धिका लागि नागरिक सचेतना वृद्धि गर्नुपर्ने र पृष्ठपोषणको विधि अवलम्बन गर्नुपर्दछ।

२३.८. सार्वजनिक सेवा प्रवाहको गुणस्तर, समयसीमा, शुल्क र यसको प्रक्रिया व्यवस्थित बनाई छरितो र अनुमानयोग्य सेवा प्रवाह प्रणाली लागु गर्नुपर्ने देखिन्छ।

२३.९. कुनै निर्णय गर्दा कानुनी वा प्राविधिक प्रश्नको विषयमा कुनै कानुनविज्ञ वा प्राविधिकको राय लिन निर्णय गर्ने अधिकारीले मनासिब ठानेमा त्यस्तो राय लिन सक्ने कानुनी व्यवस्था छ। सो आधारमा निर्णय गर्दा राय दिने अधिकारी वा निकाय, प्रक्रिया, राय दिने र रायबमोजिम निर्णय गर्ने अधिकारीको जिम्मेवारी यकिन गर्नुपर्ने र यस्तो रायको पुनरावलोकन गर्ने निकायसमेत यकिन हुनुपर्दछ।

## सुशासन

### २४. भ्रष्टाचार नियन्त्रण र सुशासन

२४.१. पदीय आचरण, नैतिकता, सदाचारिता, निष्ठा अभिवृद्धि हुने कार्यसंस्कृति अवलम्बन गर्नुपर्दछ।

२४.२. भ्रष्टाचारजन्य कार्यहरू हुने प्रमुख जोखिम क्षेत्रहरूवारे सूची तयार गरी त्यस्ता क्षेत्रहरूलाई विशेष निगरानी गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२४.३. नेतृत्वको पदमा जिम्मेवारी ग्रहण गर्नुपूर्व सम्बन्धित पदले सम्पादन गर्ने कार्यहरू र त्यस्तो पद ग्रहण गर्ने व्यक्ति संलग्न रहेको पेशा व्यवसाय र निजको पृष्ठभूमिबीच स्वार्थ नबाझिने कुरा सुनिश्चित गरी औपचारिकरूपमा नैतिक आचारसंहिताको घोषणा गर्न लगाई सोको अभिलेख गर्ने व्यवस्था गर्नुपर्दछ।

२४.४. भ्रष्टाचारजन्य क्रियाकलाप प्रति सामाजिक र सांस्कृतिक रूपमै बहिस्करण गर्न जनचेतनायुक्त कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

२४.५. शंकास्पद तथा आपराधिक क्रियाकलाप र वित्तीय कारोवारसंग सम्बन्धित सूचनासम्बन्धी नियमन तथा कार्यान्वयन गर्ने निकायबीच आदानप्रदान गर्ने व्यवस्था गर्नुपर्दछ।

२४.६. सार्वजनिक निर्माणमा पारदर्शिता, समयपालना, गुणस्तर र दिगोपना कायम गर्न विद्युतीय शासनको अवधारणाअनुरूप सूचना प्रविधिमार्फत सेवा प्रवाह गर्नुपर्दछ।

### २५. जवाफदेहिता र निष्ठा प्रवर्धन

२५.१. अनियमितता, ढिलासुस्ती, व्यक्तिगत सम्बन्ध र अधिकारको दुरूपयोगलाई नियन्त्रण गरी नैतिक पूर्वाधार निर्माण गर्न विद्यालयस्तरकै पाठयक्रममा नैतिक शिक्षाका विषय समावेश गर्नुपर्दछ।

२५.२. निष्ठा प्रवर्धन र उदाहरणीय कार्य सम्पादन गर्दै आर्थिक अनुशासन, सदाचारयुक्त संस्कृतिको विकास गर्न उत्प्रेरणा, सकारात्मक सोच र कार्यप्रति समर्पण, तटस्थ र निःस्वार्थ सेवाभावका साथ कार्य सम्पादन गर्ने कार्य वातावरण सिर्जना गर्नुपर्दछ।

२५.३. पेशागत व्यावसायिकता, सकारात्मक सोच र उपलब्धिलाई कार्यजिम्मेवारीको अंग बनाउनुपर्दछ।

२५.४. सेवा प्रवाहमा संलग्न पदाधिकारी र जनशक्तिलाई सेवाग्राहीप्रति सिधै उत्तरदायी र जवाफदेही हुनुपर्ने प्रणाली लागु गर्नुपर्दछ।

२५.५. पृष्ठपोषण र सूचकमा आधारित कार्य संस्कार विकास गर्ने, कानुनले नै गोप्य राख्नुपर्ने बाहेक बाँकी कार्यमा पारदर्शिता र जवाफदेहिताको प्रत्याभूति गराउनुपर्दछ।

२५.६. सामाजिक तथा सार्वजनिक परीक्षण, सेवाग्राही सन्तुष्टि सर्भेलगायतका सामाजिक जवाफदेहिताका औजारको प्रयोग गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्दछ।

## २६. **वित्तीय अनुशासन**

२६.१. वित्तीय विवरण तथा लेखा समयमा उपलब्ध गराउने, लेखासँग सम्बन्धित कागजात र सूचना उपलब्ध गराउने, तोकिएको ढाँचामा लेखा राख्ने र लेखापरीक्षण गराउने, लेखापरीक्षणबाट देखिएको कैफियत तथा सुझाव कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ।

२६.२. स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध स्रोतसमेतको आधारमा उच्च प्रतिफल र गुणस्तर कायम हुने गरी खर्च गर्न तथा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्न सूचक निर्धारण गरी निकायगत वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

२६.३. सरकारी निकायको आर्थिक कारोबार गर्दा देखिएका अनियमितता र बेरुजुको सम्बन्धमा सम्बन्धित कार्यालय प्रमुख र जिम्मेवार पदाधिकारीलाई उत्तरदायी बनाउनुपर्दछ।

२६.४. आर्थिक अनुशासन पालना तथा बेरुजु फर्स्योटलाई कार्यसम्पादन र वृत्ति विकासका पक्षहरूसँग जोडिनुपर्दछ।